नेपाली राष्ट्रिय दैनिक

हिमालय टाइम्स

www.ehimalayatimes.com @ehimalayatimes @himalaya_times

वर्ष ३१, अंक ३० काठमाडौं | २०८२ माघ १० शनिबार | माघ शुक्लपक्ष षष्ठी | नेपाल संवत् ११४६ | HIMALAYA TIMES | Saturday 24 January 2026 | पृष्ठ ८ | मूल्य रु ५।-

३४ सय बढी उम्मेदवारले पाए चुनाव चिह्न

प्रतिनिधिसभा सदस्य निर्वाचन सम्बन्धमा शुक्रबार जानकारी दिँदै निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराई। तस्वीर : प्रदीपराज वन्त/रासस

- **उम्मेदवारी खारेजीविरुद्ध रेशम चौधरी सर्वोच्चमा**
- **मनाङमा काग्रेसलाई एमाले र राप्रपाको समर्थन**
- **राष्ट्रियसभा सदस्य निर्वाचनको सबै तयारी पूरा**

डिबी शर्मा/हिटा

काठमाडौं, ९ माघ

प्रतिनिधिसभा सदस्य निर्वाचनका उम्मेदवारउपर दाबी विरोध, छानविन, उम्मेदवारी फिर्तालगायत प्रक्रिया पूरा गरेसँगै आयोगले चुनाव चिह्न प्रदान गरेको छ। चुनाव चिह्न प्रदान गरेसँगै अब औपचारिक रूपमा प्रचारप्रसार सुरु हुने भएको हो। मनोनय दर्ता गरेसँगै केही उम्मेदवारले यसअघि नै मत माग्न थालिसकेका थिए। तर, शुक्रबार साँझ आयोगले चुनाव चिह्न दिएसँगै अब उम्मेदवारलाई मत माग्न सहज हुनेछ। आयोगले म्याग्दीमा उम्मेदवारी दिनुभएका पूर्वमन्त्री महावीर पुनले त्रिभुज चुनाव चिह्न दिएको छ। उहाँसँगै सबै स्वतन्त्र उम्मेदवारले चुनाव चिह्न पाएका छन्। दलीय उम्मेदवारको भने दलकै चुनाव

» पृष्ठ २ मा क्रमशः

निर्वाचन सफल पार्न सरकारले सबै शक्ति लगाएको छ : प्रधानमन्त्री

प्रधानमन्त्री सुशीला कार्कीले फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचन सफल बनाउन सरकारले सबै शक्ति लगाएको बताउनुभएको छ। शुक्रबार सशस्त्र प्रहरी प्रधान कार्यालयमा आयोजित सशस्त्रको २५औं स्थापना दिवस तथा रजत महोत्सव समारोहमा प्रधानमन्त्री कार्कीले निर्वाचन सफल पार्न सरकारले सबै शक्ति लगाएको बताउनुभयो। निर्वाचनमा एक थोपा पनि रगत बग्नु नहुने र कोही पनि घाइते नभईकन निर्वाचन सम्पन्न हुनुपर्ने कार्कीले बताउनुभयो। 'चुनावमा एक थोपा पनि रगत बग्नु हुँदैन, कोही पनि घाइते हुनु हुँदैन,' उहाँले भन्नुभयो। कठिन भौगोलिक अवस्था र प्रतिकूल परिस्थितिमा पनि राष्ट्र सेवामा सक्रिय रहनु सशस्त्रको पहिचान रहेको प्रधानमन्त्री कार्कीले बताउनुभयो। विगतको निर्वाचन जस्तै आसन्न निर्वाचनमा पनि सम्भावित सुरक्षा चुनौतीको विश्लेषण गरेर काम गर्न प्रधानमन्त्री कार्कीले सशस्त्र प्रहरीका सकल दर्जालाई निर्देशन दिनुभयो। 'बदलिँदो सुरक्षा चुनौतीलाई ध्यानमा राखेर यो संगठनलाई थप व्यावसायिक बनाउन जरुरी छ', उहाँले भन्नुभयो।

अन्तिममा बाबुराम 'ब्याक', अरू कतिले उम्मेदवारी फिर्ता लिए ?

प्रगतिशील लोकतान्त्रिक पार्टीबाट गोरखा-२ मा उम्मेदवारी दिनुभएका पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले आफ्नो उम्मेदवारी फिर्ता लिनुभएको छ। गोरखाका जनता, नयाँ पुराना सबै राजनीतिक दलहरूको आग्रहपछि आफूले उम्मेदवारी फिर्ता लिने निर्णय गरेको उहाँले बताउनुभयो। अब संसद् बाहिर रहेर पनि जनताको आकांक्षाअनुसार काम गर्ने उहाँको प्रतिबद्धता छ। गोरखा-२ मा एमालेबाट चक्रे मिलन, कांग्रेसका प्रकाशचन्द्र

» पृष्ठ २ मा क्रमशः

सबैको अभिभावक बन्न उम्मेदवारी फिर्ता लिएँ : डा. भट्टराई

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले संसदीय निर्वाचनमा सहभागी भएर संसद् मात्र हुनुभन्दा सबैको चाहनाबमोजिम अभिभावक बन्न उम्मेदवारी फिर्ता लिएको बताउनुभएको छ। गोरखा-२ बाट प्रतिनिधिसभा सदस्यको उम्मेदवारी फिर्ता लिएपछि भट्टराईले सामाजिक सञ्जालमार्फत भिडियो सन्देश जारी गर्दै अब बाहिरै रहेर दलहरूलाई सघाउने बताउनुभयो। आगामी दिनमा पनि राजनीतिक दल, अग्रगामी दलले चाहेअनुसार सहयोग गर्ने उहाँको भनाइ छ। 'मुलुक तीव्र आर्थिक समृद्धिको दिशामा अघि बढ्नु जरुरी छ, यस्तो अवस्थामा संसदीय निर्वाचनमा सहभागी भएर सांसद मात्र हुनुभन्दा सबै साथीको चाहनाबमोजिम बाहिर रहेर दलहरूलाई सघाउने, आवश्यक पर्दा देशको विभिन्न रूपको अभिभावक बन्नु उपयुक्त हुन्छ ठानेर उम्मेदवारी फिर्ता लिएँ,' उहाँले भन्नुभयो, 'अग्रगामी दलले चाहेअनुसार नै सहयोग गर्न लागिरहने प्रतिबद्धता जनाउँछु।'

सभापति थापा कांग्रेसबाट प्रधानमन्त्रीको उम्मेदवार

अनिल क्षेत्री/हिटा

काठमाडौं, ९ माघ

नेपाली कांग्रेसले सभापति गगनकुमार थापालाई भावी प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेको छ। पार्टी मुख्यालय सानेपामा शुक्रबार बसेको नवनिर्वाचित कार्यसमितिको बैठकले भावी प्रधानमन्त्री थापालाई तोकेर निर्वाचनमा होमिने निर्णय गरेको हो। केन्द्रीय कार्यसमिति बैठकले थापालाई प्रधानमन्त्रीका रूपमा अघि सारेर जाने निर्णय गरेको हो। केन्द्रीय समिति बैठकमा उपसभापति विश्वप्रकाश शर्माले थापालाई प्रधानमन्त्रीको उम्मेदवार घोषणा गर्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। शर्माको प्रस्तावलाई बैठकले पारित गरेको हो। उपसभापति शर्माले गगनले परिवर्तित समय र स्वरलाई 'डाइनामिक ढंगले' नेतृत्व गर्नसक्ने विश्वाससमेत व्यक्त गर्नुभएको छ।

केन्द्रीय समितिको बैठकका निर्णयबारे जानकारी दिँदै उपसभापति शर्माले भन्नुभयो, 'जुझारु विद्रोही छवि मात्रै होइन, प्रतिकूल समयमा संयम राखेर विषयवस्तुलाई परिपक्व ढंगले हल गर्नसक्ने क्षमता पनि छ गगन थापासँग। उत्तेजना र आवेगको राजनीति न त सुसंस्कृत हो न दीर्घजीवी। संयम भाव र सौम्य प्रवृत्तिलाई अघि लगाउनुपर्ने

» पृष्ठ २ मा क्रमशः

नेपाली कांग्रेसको केन्द्रीय कार्यालय सानेपामा शुक्रबार बसेको केन्द्रीय कार्य समितिको बैठकमा सभापति गगनकुमार थापालगायत।

यी हुन् प्रधानमन्त्रीको उम्मेदवार बनाउने आधार

नेपाली कांग्रेसले सभापति गगन थापालाई प्रधानमन्त्री घोषणा गरेर चुनावमा जानुपर्नेमा सातवटा कारणसमेत प्रस्तुत गरेको छ। केन्द्रीय समिति बैठकमा सभापति थापालाई भावी प्रधानमन्त्रीको उम्मेदवार प्रस्ताव गर्नेबारे उपसभापति शर्माले प्रस्तुत गर्नुभएको प्रस्तावमा यसलाई विशिष्ट परिस्थितिको माग भन्नुभएको छ। प्रस्तावमा भनिएको छ, 'सामान्यतया निर्वाचनपछि मात्रै प्रधानमन्त्री पदका लागि व्यक्ति अघिसार्ने प्रचलन रही आएको हो।

» पृष्ठ २ मा क्रमशः

निर्वाचनअघि प्रधानमन्त्रीको उम्मेदवार घोषणा दोस्रोपटक

नेपाली कांग्रेसले निर्वाचनअघि प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेको यो दोस्रोपटक हो। कांग्रेसले यसअघि २०५६ सालको आमनिर्वाचनमा तत्कालीन पार्टीका नेता कृष्णप्रसाद भट्टराईलाई प्रधानमन्त्रीको उम्मेदवार बनाएर निर्वाचनमा गएको थियो। त्यो बेला भट्टराईलाई प्रधानमन्त्रीको उम्मेदवार बनाउने निर्णय केन्द्रीय समितिले

» पृष्ठ २ मा क्रमशः

एकजुट भएर निर्वाचनमा जानुको विकल्प छैन : सभापति थापा

कांग्रेस सभापति गगनकुमार थापाले पार्टीका उम्मेदवार चयनमा केही कमजोरी भएको भन्दै आगामी दिनमा यस्तो नहुने दाबी गर्नुभएको छ। केन्द्रीय कार्यसमिति बैठकपछि पत्रकारसँग कुरा गर्दै थापाले माघ ४ गते उम्मेदवार छान्न थाल्नु र ६ गते दर्ता गर्नुपर्ने दबाबका कारण केही कमजोरी भएको स्वीकार्दै त्यसको जिम्मेवारी आफूले लिने बताउनुभएको हो। सभापति थापाले भन्नुभयो, 'विशेष महाधिवेशनमा पेस गरेको दस्ताबेजअनुसार उम्मेदवार चयन गर्न सकिएन। अर्को पटकदेखि तलै मतदान गरेर चयन गरिनेछ। माघ ४ गते उम्मेदवार छान्न सुरु गरेर ६ गते दर्ता गर्नुपर्ने अवस्था भएकाले चाहेर पनि उम्मेदवारी छनोटमा समावेशी र सन्तुलन मिलाउन सकिएन।' पार्टीका आकांक्षीहरूसँग सल्लाह नगरी गर्नुपर्ने बाध्यतामा परेकाले कमजोरी भएको स्वीकार गर्दै थापाले भन्नुभयो,

- **बदलिएको कांग्रेसले देशलाई बदल्ने दाबी**
- **निर्वाचनका लागि प्रचारप्रसार समिति गठन**

» पृष्ठ २ मा क्रमशः

राष्ट्रियसभामा तीन अध्यादेश र दुई विधेयक पेस

दिपिका न्यौपाने/हिटा

काठमाडौं, ९ माघ

राष्ट्रियसभाको बैठकमा तीन अध्यादेश र दुई विधेयक पेस भएका छन्। शुक्रबार बसेको बैठकमा गृहमन्त्री ओमप्रकाश अर्यालले तीन र विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापति कमला पन्त एवं विधायन व्यवस्थापन समितिका सभापति तुलसाकुमारी दाहालले एक-एक गरी तीन अध्यादेश र दुई विधेयक पेस भएका हुन्। गत भदौ २३ र २४ को 'जेन-जी' प्रदर्शनपछि शुक्रबार दोस्रोपटक राष्ट्रियसभा बैठकको १९औं अधिवेशन बसेको हो।

१९औं अधिवेशनमा गृहमन्त्री अर्यालले 'मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश, २०८२', 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२' र 'नेपाल विशेष सेवा ऐन (दोस्रो संशोधन) अध्यादेश, २०८२' पेस गर्नुभएको थियो। यस्तै, विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापति कमला पन्तले 'राष्ट्रिय सदाचार नीतिसम्बन्धी अध्ययन प्रतिवेदन, २०८२' र विधायन व्यवस्थापन समितिका सभापति तुलसाकुमारी दाहालले 'पर्यटन विधेयक, २०८१' सम्बन्धी समितिको प्रतिवेदन सभासमक्ष पेस गर्नुभएको थियो।

हाल सभामा विचाराधीन पाँच विधेयकमध्ये एक विधेयक सैद्धान्तिक छलफलको चरणमा रहेको, एक विधेयक विधायन व्यवस्थापन समितिबाट पारित भई प्रतिवेदन पेस भएको र तीन विधेयक दफाबार छलफलको अन्तिम चरणमा रहेको छ।

गृहमन्त्री ओमप्रकाश अर्याल राष्ट्रियसभाको शुक्रबार बसेको बैठकमा अध्यादेश सभासमक्ष पेस गर्नुहुँदै।

अन्तिम चरणमा पुगेका विधेयक निष्क्रिय हुनु दुःखद : अध्यक्ष दाहाल

राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले प्रतिनिधिसभा विघटनका कारण दुवै सभामा अन्तिम चरणमा पुगेका महत्त्वपूर्ण विधेयक निष्क्रिय हुनु दुःखद भएको बताउनुभएको छ। उहाँले यस्ता अवस्था भविष्यमा दोहोरिन नदिन संविधान संशोधन वा राजनीतिक परिवर्तनका समयमा महत्त्वपूर्ण विधेयकको निरन्तरता सुनिश्चित गर्न आवश्यक रहेकोमा जोड दिनुभयो।

राष्ट्रियसभाको शुक्रबार बसेको बैठकमा बोल्दै अध्यक्ष दाहालले उक्त अधिवेशन बजेट अधिवेशनका रूपमा सञ्चालन भएको स्मरण गराउँदै दलगत समझदारीका आधारमा बजेटमाथिको खर्च कटौती प्रस्तावलगायत विषयमा प्रक्रियागत सरलीकरण गरिएको जानकारी दिनुभयो। यसले संसद्को काम कारबाहीलाई छिटो, छरितो र प्रभावकारी बनाउन सहयोग पुगेको उहाँको भनाइ छ।

अध्यक्ष दाहालका अनुसार अघिल्ला अधिवेशनको तुलनामा गत अधिवेशनमा मन्त्रीहरूसँग हुने मौखिक प्रश्नोत्तरको संख्या उल्लेखनीय रूपमा बढेको थियो। आगामी अधिवेशनमा पनि यस विषयलाई उच्च प्राथमिकता दिइने उहाँले स्पष्ट पार्नुभयो। यसबाट मन्त्रीहरू संसद् र आमनागरिक दुवैप्रति थप उत्तरदायी बन्ने विश्वास उहाँले व्यक्त गर्नुभयो।

उहाँले राष्ट्र र राष्ट्रिय एकता, संवैधानिक तथा लोकतान्त्रिक मान्यतालाई केन्द्रमा राख्दै वर्तमान समस्या समाधान गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। विशेषगरी युवाहरूको माग सामाजिक न्याय, समावेशी लोकतन्त्रको सुदृढीकरण, भ्रष्टाचार निवारण तथा सुशासन कायम गर्नेतर्फ केन्द्रित रहेको उल्लेख गर्दै ती लक्ष्य हासिल गर्न संसद्लाई अझ प्रभावकारी बनाउनुपर्ने

» पृष्ठ २ मा क्रमशः

टोकला चिया

प्रत्यक्षतर्फ महिला उम्मेदवारी न्यून, जित्ने ठाउँ पुरुषले ओगट्ने प्रवृत्ति

नारायण भण्डारी/हिटा

काठमाडौं, ९ माघ

२१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा नेपाली राजनीति चुनावी सरगर्मीले तातेको छ। तर, यही राजनीतिक तातोपनबीच लैंगिक समावेशीताको सवाल भने फेरि पनि चिसिएको देखिएको छ। संविधानले संघीय संसद्मा कम्तीमा ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गरे पनि राजनीतिक दलहरूले यसपटक पनि प्रत्यक्षतर्फ महिला उम्मेदवार बनाउन कन्जुस्याइँ गरेका छन्। निर्वाचन आयोगको पछिल्लो तथ्यांकअनुसार प्रतिनिधिसभाको प्रत्यक्षतर्फका १६५ निर्वाचन क्षेत्रमा कुल तीन हजार, ४८९ जनाले उम्मेदवारी दर्ता गराएका छन्। तीमध्ये तीन हजार ८८ पुरुष, ३९६ महिला र एकजना अन्य रहेका छन्। अर्थात् प्रत्यक्षतर्फ महिला उम्मेदवारी करिब ११.३४ प्रतिशतमा सीमित छ। अझ दलको तर्फबाट उठ्ने महिलाको अनुपात १०.२३ प्रतिशत मात्रै छ। विडम्बना, कुल मतदातामध्ये महिलाको संख्या भने ५० प्रतिशतभन्दा बढी छ।

जनसांख्यिक अनुपात र संवैधानिक मर्मको तुलनामा उम्मेदवारीमै महिलाको यस्तो न्यून उपस्थिति देखिनु राजनीतिक इच्छाशक्तिको अभाव भएको महिला नेतृ, अभियन्ता र विश्लेषकहरूको ठम्याइ छ।

» पृष्ठ २ मा क्रमशः

कानुनी बाध्यता नभएसम्म परिवर्तन नआउने निष्कर्ष

राष्ट्रिय स्वतन्त्र पार्टीकी नेतृ तथा पूर्वसांसद सोविता गौतम प्रत्यक्ष प्रणालीमै महिला उम्मेदवारीका लागि कानुनी बाध्यात्मक व्यवस्था आवश्यक रहेको बताउनुहुन्छ। 'भुइँतहबाटै महिला नेतृत्व विकास गर्न नसक्दा नाम सिफारिश हुने क्रममा नै महिला अत्यन्तै कम छन्। कानुनमै बाध्यता नभएसम्म सम्मानजनक उपस्थिति सम्भव देखिँदैन', उहाँले भन्नुभयो। संविधानको धारा ८४(८) ले संघीय संसद्मा प्रत्येक दलबाट कम्तीमा एकतिहाइ महिला हुनुपर्ने व्यवस्था गरेको छ। तर, प्रत्यक्ष र समानुपातिकबीच स्पष्ट विभाजन नगरेकाले दलहरूले प्रत्यक्षतर्फ महिलालाई कम टिकट दिई समानुपातिकबाट संख्या पुऱ्याउने अभ्यास दोहोऱ्याइरहेका छन्।

ठूला दलहरूको अवस्था झन् कमजोर देखिन्छ। नेपाली कांग्रेसले १६५ मध्ये ११ जना (६.६६ प्रतिशत) महिला उम्मेदवार उठाएको छ। एमालेले १० जना (करिब ६ प्रतिशत) महिलालाई मात्रै प्रत्यक्षतर्फ टिकट दिएको छ। नेकपाले पनि ११ जना महिलालाई उम्मेदवार बनाएको छ।

» पृष्ठ २ मा क्रमशः

हटाइयो स्वचालित मार्गबाट हुने विदेशी लगानीको सीमा

हिमालय टाइम्स

काठमाडौं, ९ माघ

सरकारले तोकिएको उद्योग व्यवसायको क्षेत्रमा स्वचालित मार्ग (अटोमेटिक रुट) बाट हुने विदेशी लगानीको माथिल्लो सीमा हटाउन स्वीकृति दिएको छ। माघ ८ गते बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको हो। बैठकका निर्णय सार्वजनिक गर्दै सरकारका प्रवक्ता एवं गृहमन्त्री ओमप्रकाश अर्यालले विदेशी लगानी प्रवर्द्धन गर्ने उद्देश्यले उक्त व्यवस्था गरिएको जानकारी दिनुभयो।

उहाँका अनुसार यसले औद्योगिक क्षेत्रमा वैदेशिक लगानी आकर्षण गर्न सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

मन्त्रिपरिषद् बैठकले सिद्धार्थ राजमार्ग (बुटवल-पोखरा खण्ड) सुधार आयोजनाको तयारीका लागि एसियाली पूर्वाधार लगानी बैंक (एआइआइबी) बाट उपलब्ध हुने दुई मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णय पनि गरेको छ। यस्तै, ०८२ भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएको भौतिक तथा मानवीय क्षतिको यथार्थ छानविन गरी प्रतिवेदन पेस गर्न गठित जाँचबुझ आयोगको म्याद २० दिन थप गरिएको छ।

सरकारले नेपाल सरकारको नाममा दर्ता रहेको भक्तपुर जिल्लाको पाँच रोपनी जग्गा प्रदेश जनस्वास्थ्य प्रयोगशालाको कार्यालय भवन निर्माण प्रयोजनका लागि उपयोग गर्न स्वीकृति दिएको छ। त्यस्तै, काभ्रेपलाञ्चोक जिल्लामा रहेको एक रोपनी जग्गा खानेपानी तथा सरसफाइ डिभिजन नं. ३, सिन्धुपाल्चोकलाई उपयोग गर्न दिने निर्णय पनि गरिएको छ।

त्यस्तै, मन्त्रिपरिषद् बैठकले भारतको नयाँ दिल्लीमा ०८२ माघ २२ देखि २४ गतेसम्म हुने पहिलो साउथ एसियन एग्रोफरेस्ट्री एण्ड ट्रिज आउटसाइड फरेस्ट

» पृष्ठ २ मा क्रमशः

जुम्लामा ७१ हजार ७३९ मतदाता, १० उम्मेदवार चुनावी मैदानमा

विजय रावत/हिटा

जुम्ला, ९ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जुम्ला जिल्लामा कुल ७१ हजार ७३९ जना मतदाता रहेका छन्। यो संख्या अघिल्लो निर्वाचनको तुलनामा बढेको हो। जिल्ला निर्वाचन कार्यालय जुम्लाका निर्वाचन अधिकारी दिपेन्द्र कँडेलका अनुसार कुल मतदातामध्ये ३४ हजार २८० जना महिला र ३७ हजार ४५९ जना पुरुष मतदाता रहेका छन्। जिल्लामा यसपटक तीन हजार १०१ जना नयाँ मतदाता थपिएका छन्।

एक नगरपालिकासहित सात गाउँपालिका रहेको जुम्ला जिल्लामा निर्वाचन सम्पन्न गर्न ८५ मतदानस्थल र ११० मतदान केन्द्र तोकिएका छन्। निर्वाचनलाई सुरक्षित र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सुरक्षा निकायले जिल्लाका मतदानस्थलहरूको संवेदनशीलताको आधारमा वर्गीकरण गर्ने काम गरिसकेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। निर्वाचन व्यवस्थापनका लागि सरकारी

कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको विवरण माग गरिएको र आवश्यक जनशक्ति परिचालनको तयारी भइरहेको निर्वाचन अधिकारी कँडेलले जानकारी दिनुभयो। जुम्ला जिल्लामा प्रतिनिधिसभा सदस्यका लागि एकमात्र निर्वाचन क्षेत्र रहेको छ। यस निर्वाचन क्षेत्रमा एक जना स्वतन्त्रसहित १० जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेका छन्। सहायक निर्वाचन अधिकृत हरिकृष्ण तिमिल्सेनाका अनुसार विभिन्न राजनीतिक दलका उम्मेदवारहरूले मनोनयन दर्ता गराइसकेका छन्। मनोनयन दर्ता गराउने उम्मेदवारहरूमा नेकपा (एमाले) बाट शान्तिलाल महत, नेपाली कांग्रेसबाट दीपबहादुर शाही, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बाट नरेश भण्डारी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट विनिता कठायत, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट ज्ञानबहादुर शाही, नेपाल मजदुर किसान पार्टी (नेमकिपा) बाट बिर्खबहादुर रावत, प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) बाट मनऋषि धिताल, नेपाल जनता पार्टीबाट रनिल विक्रम शाही र नेकपा (माओवादी) बाट बिर्खबहादुर शाही रहनुभएको छ। यसैगरी भक्तबहादुर रावलले स्वतन्त्र उम्मेदवारका रूपमा मनोनयन दर्ता गराउनुभएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। कुनै पनि उम्मेदवारमाथि उजुरी नपरेपछि १० जना उम्मेदवारको अन्तिम नामावली प्रकाशित गरिएको छ। उम्मेदवारी टुंगिएसँगै जिल्लामा चुनावी गतिविधि तीव्र बन्दै गएको र राजनीतिक दल तथा उम्मेदवारहरू प्रचारप्रसारमा सक्रिय भएका छन्।

हेटौँडा अस्पतालको नयाँ भवन छिट्टै हस्तान्तरण हुने तयारीमा

मञ्जिता मैनाली/हिटा

हेटौँडा, ९ माघ

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत सञ्चालित हेटौँडा अस्पतालको बहुप्रतिक्षित नयाँ पाँच तले भवन निर्माण अन्तिम चरणमा पुगेको छ। स्वास्थ्य सेवा विस्तार गर्ने लक्ष्यसहित निर्माण गरिएको यो भवन छिट्टै हस्तान्तरणको तयारीमा रहेको प्रतिष्ठानले जनाएको छ।

भवनको कुल क्षेत्रफल सात हजार ४२६ वर्गमिटर रहेको छ र यसको निर्माणमा संघीय सरकारले २२ करोड ४६ लाख रुपैयाँ खर्च गरेको छ। निर्माण प्रारम्भ २०७८ असार १८ गते भएको थियो। सुरुमा सहरी विकास तथा भवन कार्यालयमार्फत बिकोई नवसिर्जनशील जेभीसँग दुई वर्षभित्र काम सम्पन्न गर्ने सम्झौता भए पनि समयमै काम सकिन नसक्दा २०८० मा म्याद थप गरिएको थियो। थपिएको अवधिमा निर्माण कम्पनीले काम लगभग पूरा गरी हस्तान्तरणको तयारी थालेको हो।

प्रतिष्ठानका प्रमुख प्रशासकीय अधिकृत अमर अधिकारीका अनुसार भवनको भौतिक प्रगति ९९.५ प्रतिशत र आर्थिक प्रगति ९३ प्रतिशत पुगेको छ। नयाँ संरचना सञ्चालनमा आएपछि अस्पतालको शै□याको क्षमता क्रमशः दुई सयसम्म पुऱ्याउने दीर्घकालीन योजना रहेको अधिकारीले बताउनुभयो।

नयाँ भवनमा १५० कोठा रहेका छन्। सुरुमा

तीन तलाबाट स्वास्थ्य सेवा सञ्चालन हुने जानकारी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रामचन्द्र सापकोटाले दिनुभयो। उहाँका अनुसार, प्रतिष्ठानको शैक्षिक भवन निर्माणाधीन रहेकाले यस वर्ष एउटा तलामा एमबिबिएस कक्षा, अर्को तलामा प्रशासनिक कार्यालय र बाँकी तलामा ओपिडी तथा वार्ड सञ्चालन गरिनेछ।

अहिले अस्पतालमा उपलब्ध नभएका सेवाहरू पनि नयाँ भवनबाट सुरु हुनेछन्। यसमा आँखाको ओपिडी, नाक-घाँटी (इएनटी) सेवा र स्तरोन्नतिसहितका विशेष ओपिडी समावेश छन्। डायलासिस सेवा पनि विस्तार गर्दै दैनिक ४०-४४ जना बिरामीलाई ७० भन्दा बढीलाई सेवा दिने लक्ष्य राखिएको छ। साथै, मिर्गौलासम्बन्धी अन्य रोगहरूको उपचार पनि यहींबाट सञ्चालन गरिनेछ।

नयाँ भवनमा मनोरोग (साइकाइट्रिक) वार्ड, मिर्गौला, न्युरोलोजी जस्ता विशेषज्ञ सेवाका ओपिडीहरू पनि स्थानान्तरण गरिनेछ भने बाँकी स्थान सामान्य बिरामीका लागि जनरल वार्डको रूपमा प्रयोग हुनेछ।

प्रतिष्ठानको शैक्षिक भवन निर्माण सम्पन्न भएपछि नयाँ भवन पूर्णरूपमा स्वास्थ्य सेवामै प्रयोग गरिनेछ। अस्पतालले चालु आर्थिक वर्षभित्र एनआइसियु र पिआइसियु सेवा पनि सुरु गर्ने योजना बनाएको छ। यो नयाँ भवन सञ्चालनमा आएपछि हेटौँडा र आसपासका जिल्लाका नागरिकले गुणस्तरीय र विशेषीकृत स्वास्थ्य सेवा आफ्नै क्षेत्रमा पाउने अपेक्षा गरिएको छ।

काउली टिप्दै किसान

सुनसरीको इनरुवा नगरपालिका-९ मा बिक्रीका लागि बजार लैजान काउली टिप्दै किसान। काउली अहिले थोकमा ४५-५० रुपियाँ प्रतिकिलोका दरले बिक्री भइरहेको किसान बताउँछन्। तस्वीर : नवीन गड्तौला/रासस

३४ सय बढी...

« पृष्ठ १ बाट क्रमशः

चिह्न हुन्छ।

प्रतिनिधिसभा निर्वाचितअन्तर्गत गत आइतबार उम्मेदवारहरूको मनोनयन पत्र दर्ता गरिएको थियो। तोकिएको अवधिमा १६५ निर्वाचन क्षेत्रमा ६८ राजनीतिक दल र स्वतन्त्र उम्मेदवारसमेत गरी तीन हजार ४८७ मनोनयन पत्र दर्ता भएका थिए। त्यसमध्ये ४९ जनाले उम्मेदवारी फिर्ता लिएसँगै अब तीन हजार ४३८ उम्मेदवार कायम भएका छन्। अब आगामी फागुन २१ गते मतदान हुनेछ।

यसैबीच, यसपालि निर्वाचनको स्वच्छता, निष्पक्षता र विश्वसनीयतामाथि गलत सूचना, भ्रामक प्रचार र द्वेषपूर्ण अभिव्यक्ति सबैभन्दा ठूलो चुनौतीका रूपमा देखिएका छन्। सामाजिक सञ्जाल र विद्युतीय सञ्चार माध्यममार्फत् तीव्र गतिमा फैलिने यस्ता 'हानिकारक सूचना'ले मतदाताको धारणा मात्र होइन, निर्वाचन प्रक्रियामै गम्भीर असर पार्नसक्ने जोखिम बढाइरहेको छ। यही चुनौतीलाई मध्यनजर गर्दै निर्वाचन आयोगले सूचना सदाचार प्रवर्धन एकाइ स्थापना गरेको छ। गलत र नियोजित भ्रामक सूचना तथा गालीगलौज एवं घृणात्मक अभिव्यक्ति नियन्त्रण तथा नियमनका लागि सम्बन्धित नियामक निकायसँग समन्वय र सहजीकरण गर्दै आएको आयोगले जनाएको छ। सूचना सदाचार प्रवर्धन एकाइको कार्यदक्षता अझ प्रभावकारी बनाउने उद्देश्यले आयोगले यसै हप्तादेखि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सहयोगमा एगिक प्रणाली प्रयोगमा ल्याएको छ। सामाजिक सञ्जाल तथा विद्युतीय सञ्चार माध्यममा प्रसारित सामग्रीको निगरानी, विश्लेषण र अभिलेखीकरण गर्न सहयोगी मानिने यस प्रणाली प्रयोगका लागि आयोगका कर्मचारीहरूको क्षमता अभिवृद्धि तालिमसमेत सम्पन्न भइसकेको छ। निर्वाचनका क्रममा सामाजिक सञ्जालको दुरुपयोग बढ्दै गएको सन्दर्भमा आयोगले सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्ने कम्पनीहरूसँग सहकार्यलाई पनि प्राथमिकतामा राखेको जनाएको छ। मिथ्या, भ्रामक तथा द्वेषपूर्ण सामग्री समयमै हटाउने, पहुँच सीमित गर्ने र सूचना प्रवाहको पारदर्शिता सुनिश्चित गर्ने विषयमा आयोग सक्रिय भएको छ।

अन्तिममा बाबुराम...

« पृष्ठ १ बाट क्रमशः

दवाडी र रास्वपाबाट महामन्त्री कवीन्द्र बुर्लाकोटी चुनावी मैदानमा हुनुहुन्छ।

यसैगरी, प्रतिनिधिसभाको निर्वाचनका लागि मनोनयन दर्ता गरेका ४९ जनाले उम्मेदवारी फिर्ता लिएका छन्। निर्वाचन आयोगले शुक्रबार १ बजेसम्म उम्मेदवारी फिर्ता लिने समय तोकेको थियो। त्यस अवधिमा ४९ जनाले उम्मेदवारी फिर्ता लिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो। देशका १६५ वटै निर्वाचन क्षेत्रमा माघ ६ गते ६८ वटा राजनीतिक दल र स्वतन्त्र गरी तीन हजार ४८७ जनाले उम्मेदवारी दिएका थिए। त्यस्तै, एक जनाको उम्मेदवारी खारेज भएको छ। कैलाली-१ बाट उम्मेदवारी दिनुभएका नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीको उम्मेदवारी खारेज गरेको हो। बिहीबार आयोगले उम्मेदवारीमाथि दाबीविरोध तथा उजुरी दिने समय तोकेको थियो। त्यसमा पाँचजना उम्मेदवारविरुद्ध उजुरी परेको थियो। जाँचबुझ गर्दा एक जनाको मात्रै खारेज गरेको र अन्य चार जनाको उम्मेदवारी यथावत् राखेको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो।

उम्मेदवारी खारेजीविरुद्ध रेशम चौधरी सर्वोच्चमा

आफ्नो उम्मेदवारी दर्ता गर्ने निर्वाचन आयोगको निर्णयविरुद्ध नागरिक उन्मुक्ति पार्टी, नेपालका अध्यक्ष रमेशलाल चौधरी सर्वोच्च अदालत पुग्नुभएको छ। निर्वाचन अधिकृतले गैरकानुनी रूपमा आफ्नो उम्मेदवारी रद्द गरेको भन्दै चौधरीले निर्णय बदर हुनुपर्ने मागसहित सर्वोच्चमा रिट दायर गर्नुभएको हो। आफ्नो उम्मेदवारी यथावत रहनुपर्ने र निर्वाचनमा प्रतिस्पर्धा गर्न पाउनुपर्ने उहाँको मागदाबी छ। उहाँको निवेदनमाथि आगामी आइतबार सर्वोच्च अदालतमा प्रारम्भिक सुनुवाइ हुनेछ। जन्मकैदको सजाय पाएर राष्ट्रपतिबाट माफी मिनाहा भए पनि कसुर र कैदको अभिलेख हुने भन्दै निर्वाचन अधिकृतको कार्यालयले चौधरीको उम्मेदवारी रद्द गरेको थियो।

प्रतिनिधिसभा निर्वाचन ऐनअनुसार जन्मकैद भएका व्यक्ति निर्वाचनमा उम्मेदवार हुन पाउँदैनन्। २०७९ को चुनावमा पनि रेशम बर्दिया क्षेत्र नम्बर २ बाट उम्मेदवार बन्नुभएको थियो। त्यसबेला पनि उहाँको उम्मेदवारी खारेज भएको थियो। त्यसपछि उहाँका बुवा लालवीर चौधरी बर्दिया क्षेत्र नम्बर २ मा स्वतन्त्र उम्मेदवार भएर विजयी हुनुभएको थियो।

मनाङमा कांग्रेसलाई एमाले र राप्रपाको समर्थन

मनाङमा आसन्न फागुन २१ को प्रतिनिधिसभा निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवार टेकबहादुर गुरुङलाई नेकपा (एमाले) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले समर्थन गरेका छन्। कांग्रेस उम्मेदवार गुरुङलाई समर्थन गर्न एमालेका उम्मेदवार पोल्देन छोपाङ गुरुङ र राप्रपा उम्मेदवार कुविरसिङ गुरुङले उम्मेदवारी फिर्ता लिनु भएको हो। मुख्य निर्वाचन अधिकृत रामप्रसाद पौडेलले एमाले र राप्रपाका उम्मेदवारले आफ्नो उम्मेदवारी फिर्ता लिएको बताउनुभयो। एमाले र राप्रपाले कांग्रेस उम्मेदवार गुरुङलाई समर्थन गरेपछि अब मनाङमा दुई पक्षीय प्रतिस्पर्धा हुने देखिएको छ। कांग्रेसका गुरुङविरुद्ध नेपाल कम्युनिष्ट पार्टी (नेकपा)की यशोदा सुवेदी चुनावी मैदानमा हुनुहुन्छ। मनाङमा रास्वपाले उम्मेदवारी दर्ता नै गराएको थिएन। आफूलाई सहयोग गर्न एमाले र राप्रपा उम्मेदवारले उम्मेदवारी फिर्ता लिएको कांग्रेस उम्मेदवार गुरुङले बताउनुभयो। यसअघि २०७९ सालको निर्वाचनमा पनि कांग्रेसका गुरुङ निर्वाचित हुनुभएको थियो।

राष्ट्रियसभा सदस्य निर्वाचनको सबै तयारी पूरा

राष्ट्रियसभा सदस्यको ११ माघमा हुने निर्वाचनको सबै तयारी पूरा भएको निर्वाचन आयोगले जनाएको छ। आयोगले शुक्रबार आयोजना गरेको पत्रकार सम्मेलनमा प्रवक्ता नारायणप्रसाद भट्टराईले राष्ट्रियसभा सदस्य निर्वाचनअन्तर्गत मतदानका लागि सबै तयारी पूरा भएको बताउनुभयो। उम्मेदवारको मनोनयनपत्र दर्ता, दाबी विरोध, छानविन, अन्तिम नामावली प्रकाशन तथा चुनाव चिन्ह वितरणलगायत कार्यसम्पन्न भएको उहाँले जानकारी दिनुभयो। निर्वाचनका लागि मतपत्रसमेत सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पठाइसकिएको छ। राष्ट्रियसभा सदस्य निर्वाचनको मतदान ११ माघमा बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म सम्बन्धित प्रदेशमा तोकिएको मतदान केन्द्रमा हुने आयोगले जनाएको छ। आयोगले १८ जना राष्ट्रियसभा सदस्यका लागि निर्वाचन गर्न लागिएको हो। त्यसमा नेपाली कांग्रेसका सुनीलबहादुर थापा निर्विरोध निर्वाचित भइसक्नु भएको छ। बाँकी १७ जनाका लागि सातै प्रदेश राजधानीमा मतदान गर्ने कार्यक्रम रहेको छ। राष्ट्रियसभा सदस्य निर्वाचनका लागि प्रदेशसभा सदस्य, स्थानीय तहका प्रमुख र उपप्रमुख एवं अध्यक्ष र उपाध्यक्ष मतदाता हुने कानुनी व्यवस्था छ।

सभापति थापा...

« पृष्ठ १ बाट क्रमशः

सामर्थ्य गगन थापासँग छ। यो समग्र अठोटको बलियो कमाण्ड प्रधानमन्त्रीका रूपमा हाम्रो सभापतिबाट हुनसक्छ भन्नेमा हामी दृढ ढंगले प्रष्ट छौं।'

प्रधानमन्त्रीको उम्मेदवार घोषणापछि मतदातालाई भोलिको अन्योलताबाट मुक्ति मिल्ने पनि उपसभापति शर्माको प्रस्तावमा उल्लेख छ। उपसभापित शर्माले 'जेन-जी' आन्दोलनपछिको परिवर्तनलाई आत्मसात गरी उनीहरूको मुद्दालाई स्वामित्व लिएर मुलुकमा सुशासन स्थापित गर्ने संकल्प र योजना पार्टीको विशेष महाधिवेशनले लिएको बताउनुभएको छ। बैठकपछि पार्टी देवराज चालिसेले भन्नुभयो, 'देशको प्रधानमन्त्री कसलाई बनाउने भन्नेमा मतदातालाई सजिलो होस् भनेर यस्तो निर्णय गरिएको हो।' मुलुकको विशिष्ट परिस्थितिको मागलाई सही ढंगले सम्बोधन गर्ने जमर्कोको रूपमा लिन कांग्रेसले आग्रह गरेको छ।

यी हुन्...

« पृष्ठ १ बाट क्रमशः

तर, नेपाली कांग्रेसले चुनावी अभियानकै क्रममा आफ्नो उम्मेदवार प्रस्तुत गर्ने तयारी गर्नुको अर्थ मुलुकको विशिष्ट परिस्थितिको मागलाई सही ढंगले सम्बोधन गर्ने जमर्को हो।' गगन थापाले परिवर्तित समय र स्वरलाई 'डाइनामिक ढंगले' नेतृत्व गर्नसक्ने विश्वास कांग्रेसले लिएको छ।

चौथो कारणमा प्रधानमन्त्रीमा खोजिने परिपक्वता गगन थापामा रहेको उल्लेख गर्दै प्रस्तावमा भनिएको छ, 'जुझारु विद्रोही छवि मात्रै होइन, प्रतिकूल समयमा संयम राखेर विषयवस्तुलाई परिपक्व ढंगले हल गर्नसक्ने क्षमता पनि छ गगन थापासँग। उत्तेजना र आवेगको राजनीति न त सुसंस्कृत हो न दीर्घजीवी। देशको प्रधानमन्त्री बन्ने व्यक्तित्वले त भनै आवेगलाई होइन, संयम भाव र सौम्य प्रवृत्तिलाई अघि लगाउनुपर्ने हुन्छ। त्यो सामर्थ्य राख्ने व्यक्तित्व हामीले प्रधानमन्त्री पदका लागि सर्वाधिक उपयुक्त भनेर अघि सारेका छौं।'

उपसभापति शर्माले राखेको प्रस्तावमा सभापति थापा विगतको लोकतान्त्रिक संघर्षमा सबल र तत्पश्चातको सत्तामा अब्बल प्रमाणित भएको दाबी गरिएको छ। 'जेन-जी' विद्रोहको परिवर्तनको सम्बोधन गर्नको लागि योग्यता, क्षमता र भिजनको आधारमा सभापति थापालाई प्रधानमन्त्रीको रूपमा अघि सारिएको प्रस्तावमा उल्लेख छ। अन्य पार्टीले अघि सारेको प्रधानमन्त्रीको उम्मेदवारभन्दा कांग्रेसले अघि सारेको योग्य रहेको जिकिर पनि गरिएको छ। भावी प्रधानमन्त्रीको रूपमा एमालेले अध्यक्ष केपी ओली, रास्वपाले वरिष्ठ नेता बालेन साहलाई अघि सारेको छ।

एकजुट भएर...

« पृष्ठ १ बाट क्रमशः

'व्यक्तिगत र संस्थागत रूपमा कमजोरीलाई सच्याउने प्रतिबद्धता व्यक्त गर्दछु। भएका कमजोरीमाथि फेरि पनि छलफल गर्न सकिन्छ, अब एकजुट भएर निर्वाचनमा जानुको विकल्प छैन।'

उहाँले २०७९ सालमा कांग्रेसमा २७ लाखले मतदान गरेको भन्दै यसपटक अनुकूल परिस्थिति पनि भएको दाबी गर्नुभयो। विगतमा कांग्रेस भएर रूखमा मात्र मत माग्न आउनु भनी मतदाताले भनेकाले यसपटक १६५ क्षेत्रमै रूखमा मात्र मतदान गर्न पाउने उहाँले स्पष्ट पार्नुभयो। कांग्रेसलाई आफूहरूले बदलेको भन्दै सभापति थापाले हिजोको कांग्रेसभन्दा अब फरक भएको दाबी गर्दै भन्नुभयो, 'पुरानो सबै खराब भन्ने होइन तर सुधार हुनुपर्ने कुराको सुरुवात भएको छ। हामी सहजै रूपमा यहाँ आएका होइनौं। अहिलेको अवस्था सजिलो छैन। २४ घण्टाभन्दा कम समयमा निर्णय गर्नुपरेको कुरा सबै पार्टीका नेता र कार्यकर्ताले बुझेर एकजुट हुनुको विकल्प छैन।' सभापति थापाले पार्टीका उम्मेदवार चयन र त्यस क्रममा भएका प्रयासहरूबारे केन्द्रीय समितिमा ब्रिफिङ गर्नुभएको थियो।

बदलिएको कांग्रेसले देशलाई बदल्ने दाबी

सभापति थापाले सभापतिको कुर्सीमा बस्न सजिलो भए पनि जिम्मेवारी बहन गर्न चुनौतीपूर्ण रहेको बताउनुभएको छ। विशेष महाधिवेशन आफ्नो बारेमा सोचेर मात्रै नभएर नागरिकको सम्मान गरेर गरेको उहाँको जिकिर छ। सभापति थापाले देश र राज्य ठीक ढंगले नचलेकोले आम नागरिकमा ठूलो आक्रोश रहेको बताउनुभयो। कांग्रेस आफैं नभएर आफूहरूले बदलेको उल्लेख गर्दै थापाले भन्नुभयो, 'यो कांग्रेस आफैं बदलिएको होइन, हामीले कांग्रेस बदलियौं, यो बदलिएको कांग्रेसले देशलाई बदल्छ भन्ने संकल्पका साथ नेपाली कांग्रेस निर्वाचनमा होमिएको छ। १० लाख बढी क्रियाशील सदस्यहरूलाई भन्छु, कांग्रेस निर्वाचनमा होमिएको छ, पार्टीभित्र पनि भिन्न भिन्न मत छन्, तर निर्वाचनपछि फेरि खुला हृदयले छलफल गरौंला।'

निर्वाचनका लागि प्रचारप्रसार समिति गठन

कांग्रेसले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि प्रचारप्रसार समिति गठन गरेको छ। पार्टी केन्द्रीय कार्यालय सानेपामा शुक्रबार बसेको बैठकले पार्टी प्रवक्ता देवराज चालिसेको संयोजकत्वमा प्रचारप्रसार समिति गठन गरेको हो। त्यस्तै, पार्टी केन्द्रीय कार्यालय भवन पुनर्निर्माणका लागि पार्टीका निवर्तमान कोषाध्यक्ष उमेश श्रेष्ठको संयोजकत्वमा केन्द्रीय कार्यालय भवन पुनर्निर्माण समिति गठन गर्ने निर्णय बैठकले गरेको छ। २०८२ माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनमा पार्टीका तर्फबाट आवश्यक समन्वय गर्न उपसभापति पुष्पा भुसाललाई जिम्मेवारी प्रदान गर्ने निर्णय पनि बैठकले गरेको छ।

निर्वाचनअघि प्रधानमन्त्रीको...

« पृष्ठ १ बाट क्रमशः

भने गरेको थिएन। वि.सं. २०५३ वैशाख २६-२८ मा काठमाडौंमा भएको कांग्रेसको नवौं महाधिवेशनबाट सभापतिमा निर्वाचित गिरिजाप्रसाद कोइरालाले निर्वाचनअघि पार्टीले जनकपुरमा आयोजना गरेको आमसभामा भट्टराईलाई प्रधानमन्त्रीको उम्मेदवार घोषणा गर्नुभएको थियो। कोइरालाले भट्टराईलाई प्रधानमन्त्रीमा अघि सार्ने बताएको सो निर्वाचनमा कांग्रेसले बहुमत ल्याएको थियो। २०५६ वैशाख २० र जेठ ३ गते गरी दुई चरणमा भएको २०५ सदस्यीय प्रतिनिधिसभा निर्वाचनमा कांग्रेसले १११ सिट जितेको थियो। तत्कालीन पर्सा-१ वीरगञ्ज क्षेत्रबाट उम्मेदवार बन्नुभएका भट्टराई अत्यधिक मतसहित निर्वाचित हुनुभएको थियो। निर्वाचनमा पार्टीको बहुमत आएपछि निर्वाचनअघि नै प्रधानमन्त्रीको उम्मेदवार घोषित भट्टराई २०५६ जेठ १७ गते प्रतिनिधिसभाबाट प्रधानमन्त्री निर्वाचित हुनुभएको थियो। पार्टीको एकल बहुमतको प्रधानमन्त्री भए पनि भट्टराईले एक वर्ष पनि सरकार चलाउन पाउनुभएन। पार्टीभित्रको आन्तरिक खिचातानीको सिकार भएर उहाँले २०५६ सालकै चैत ७ गते प्रधानमन्त्री छोडेर बाहिरिन बाध्य हुनुभएको थियो। गिरिजाप्रसाद कोइराला र भट्टराईको व्यक्तित्व टकरावले बहुमतको सरकार एक वर्ष पनि टिक्न नसकेको अहिलेसम्म पनि नेपालको राजनीतिक वृत्तमा चर्चा-परिचर्चा हुने गरेको छ। भट्टराई बाहिरिएपछि कांग्रेसका तत्कालीन सभापति कोइराला प्रधानमन्त्री बन्नुभएको थियो।

अन्तिम चरणमा...

« पृष्ठ १ बाट क्रमशः

धारणा व्यक्त गर्नुभयो।

अध्यक्ष दाहालले 'जेन-जी' आन्दोलनका क्रममा क्षतिग्रस्त संरचनाको पुनर्निर्माण तथा आगामी निर्वाचनका लागि आवश्यक सहयोग उपलब्ध गराउन अन्तर्राष्ट्रिय समुदायलाई आह्वान गरिएको जानकारी पनि दिनुभयो।

बैठकमा अध्यक्ष दाहालले राष्ट्रपति कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् गठन र कार्यभार तोकिएको सम्बन्धी पत्रहरूको व्यहोरा पढेर सुनाउनुभएको थियो। बैठकले पूर्वमन्त्रीहरू ऋषिकेश गौतम, मोहम्मद अफ्ताब आलम, आमोदप्रसाद उपाध्याय, होमनाथ दाहाल र पूर्वसांसद कृष्णकुमारी श्रेष्ठको निधनमा शोक प्रस्ताव पारित गरेको छ। यस्तै, आगामी राष्ट्रियसभाको अर्को बैठक यही माघ १३ गते मंगलबार दिउँसो १:१५ बजे बस्नेछ।

प्रत्यक्षतर्फ महिला...

« पृष्ठ १ बाट क्रमशः

विगतको प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ २२५ महिलाले उम्मेदवारी दिएका थिए, जुन कुल उम्मेदवारको ९.३ प्रतिशत थियो। यसपटक प्रतिशत केही बढे पनि अवस्था अझै निराशाजनक नै देखिन्छ। नेकपा नेतृ जयपुरी घर्तीले रोल्पाबाट प्रत्यक्ष निर्वाचन लड्ने आकांक्षा पार्टी निर्णयकै कारण त्याग्नुपरेको अनुभव सुनाउनुभयो। 'नेतृत्वले कसलाई कहाँ सेट गर्छ ? भन्ने कुरा ठूलो हुँदो रहेछ। हामी निर्णय गर्ने ठाउँमा छैनौं, पार्टीले गरेको निर्णय मान्नुपर्ने बाध्यता हुन्छ,' उहाँको भनाइ छ। उहाँ समानुपातिक सूचीमा समेत अटाउन सक्नुभएन।

नेकपा एमालेकी नेतृ तथा पूर्वशिक्षामन्त्री विद्या भट्टराईका अनुसार महिलालाई अझै पनि नेतृत्वका रूपमा स्वीकार गर्ने सामाजिक-राजनीतिक सोच बलियो बन्न सकेको छैन। 'महिला आफैं नेता हो भन्ने मान्यता दलभित्र र समाजमा अझै कमजोर छ। सिफारिश त हुन्छ, तर आवश्यक दबाब र प्रोत्साहन हुँदैन', उहाँले भन्नुभयो। महिलालाई चुनाव अगाडि मात्र होइन, सुरुदेखि नै नेतृत्व विकासको वातावरण बनाउनुपर्ने उहाँको जोड छ।

कानुनी बाध्यता...

« पृष्ठ १ बाट क्रमशः

नयाँ दल रास्वपाले तुलनात्मक रूपमा बढी १७ महिला उम्मेदवार उठाए पनि यो संख्या कुल उम्मेदवारको करिब १० प्रतिशत मात्रै हो। राप्रपाले १२ महिलालाई टिकट दिएको छ। नेकपाकी नेतृ पम्फा भुसालका अनुसार जित सुनिश्चित हुने निर्वाचन क्षेत्र पुरुष नेताहरूले आफैं ओगट्ने प्रवृत्तिका कारण महिलाहरू पछाडि परेका छन्। 'महिलाले खर्च व्यवस्थापन गर्न सक्दैनन् भन्ने पुरानो मानसिकता पनि अझै बलियो छ', उहाँले भन्नुभयो। कांग्रेस नेतृ सीता मिजारले पनि आर्थिक पक्ष, कानुनी बाध्यता नहुनु र दलभित्रको पितृसत्तात्मक सोच मुख्य कारण भएको बताउनुभयो। 'जेन-जी' अभियन्ताहरूले भने पुराना मात्र होइन, नयाँ दलहरूमा पनि सत्ता र निर्णयको स्थान पुरुषले नछोड्ने प्रवृत्ति कायमै रहेको टिप्पणी गरेका छन्।

'संख्यात्मक बाध्यताका कारण मात्रै महिला दिइएको जस्तो देखिन्छ', अभियन्ता भावना राउतको भनाइ छ। संवैधानिक प्रबन्धका कारण संसद् मा महिलाको संख्या एकतिहाइ पुगे पनि निर्णय तहमा महिलाको भूमिका अझै कमजोर छ। निर्वाचित महिला जनप्रतिनिधिले समेत विभेद, बेवास्ता र उपेक्षा झेल्नुपरेको अनुभव सुनाइरहेका छन्। स्थानीय तहमा महिला नेतृत्व केही बढे पनि समग्र प्रतिनिधित्व घटेको तथ्यले पनि यही संरचनागत समस्या उजागर गरेको छ। संविधानले तोकेको ३३ प्रतिशत महिला प्रतिनिधित्वको लक्ष्य अंकगणितीय रूपमा त पूरा हुँदै आएको छ। तर, प्रत्यक्ष निर्वाचनमा महिलालाई प्रतिस्पर्धामा ल्याउने राजनीतिक इच्छाशक्ति, कानुनी बाध्यता र दीर्घकालीन नेतृत्व विकासको अभावले लैंगिक समानताको प्रश्न अझै अपूरो नै देखिएको छ।

हटाइयो स्वचालित...

« पृष्ठ १ बाट क्रमशः

कन्फ्रेन्समा कृषि तथा पशुपक्षी विकासमन्त्री डा. मदनप्रसाद परियार र सचिव डा. राजेन्द्रप्रसाद मिश्रलाई सहभागी हुन स्वीकृति दिने, २०८२ पुस १५ देखि १७ गतेसम्म बंगलादेशकी पूर्वप्रधानमन्त्री बेगम खालिदा जियाको अन्त्येष्टि समारोहमा सहभागी हुन परराष्ट्रमन्त्रीले गर्नुभएको बंगलादेश भ्रमणलाई समर्थन गर्ने र मोन्ट्रियल प्रोटोकलको किगाली संशोधनलाई नेपाल राजपत्रको अतिरिक्तांकमा सूचना प्रकाशन गर्न स्वीकृति दिने निर्णय गरेको छ।

आज वि.सं २०८२ माघ १० गते, शनिबार,
ई.स. २०२६ जनवरी २४, तिथि- माघ शुक्लपक्ष षष्ठी,
उत्तरभाद्रपदा- नक्षत्र, १३:१२, शुभ- योग, कौलव-
करण, चन्द्रराशि- मीन, सूर्योदय- ६:५६, सूर्यास्त- १७:३७।

तपाईको आज

ज्योतिषाचार्य
नारायणप्रसाद भण्डारी

मेष : आजको दिन आत्मनिरीक्षण र गम्भीर चिन्तनको लागि उपयुक्त छ। मानसिक शान्ति प्राप्त गर्न ध्यान वा योग अभ्यास गर्नु लाभदायी हुनेछ। गुप्त शत्रुहरू सक्रिय हुन सक्छन्, अतः सतर्क रहनु उचित हुनेछ। यात्रामा अवरोध आउन सक्छ।

वृष : सामाजिक वृत्तमा प्रतिष्ठा बढ्नेछ। साथीभाइ वा समूहसँगको सहकार्यबाट लाभ प्राप्त हुनेछ। प्रगतिशील सोचले नयाँ अवसरहरू ल्याउन सक्छ। परामर्शदाता वा गुरुजनको सल्लाहलाई मूल्य दिनु लाभदायक हुनेछ।

मिथुन : पेशागत क्षेत्र वा सार्वजनिक जीवनमा उन्नति हुने सम्भावना छ। उच्च पदाधिकारी वा वरिष्ठजनको समर्थन पाइनेछ। तपाईंको नेतृत्व क्षमता प्रशंसायोग्य बन्नेछ। मातापिताको स्वास्थ्यमा चिन्ता देखिन सक्छ, त्यसप्रति संवेदनशील रहनुहोला।

कर्कट : धार्मिक यात्रा, दर्शन वा उच्च शिक्षा सम्बन्धी योजना सफल हुने दिन हो। अध्यात्मिक कुरामा झुकाव बढ्नेछ

भुक्तानी नपाउँदा लुम्बिनी प्रादेशिक अस्पतालमा स्वास्थ्य बीमा सेवा बन्द हुने जोखिम

चन्द्रकान्त खनाल/हिटा

बुटवल, ९ माघ

लुम्बिनी प्रदेशकै सबैभन्दा ठूलो सरकारी अस्पताल बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रम बन्द हुने अवस्थामा पुगेको छ। वर्षौंदेखि स्वास्थ्य बीमा बोर्डबाट प्राप्त गर्नुपर्ने दाबी रकम नआएपछि अस्पताल गम्भीर आर्थिक संकटमा परेको हो।

अस्पतालले स्वास्थ्य बीमा बोर्ड, बबरमहल काठमाडौंलाई औपचारिक पत्राचार गर्दै बीमा कार्यक्रम स्थगित गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको जानकारी गराइसकेको छ। अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. इन्द्र ढकालका अनुसार अस्पतालले दाबी गरेको रकममध्ये बीमा बोर्डबाट स्वीकृत २४ करोड ७१ लाख रुपैयाँ हालसम्म प्राप्त हुन सकेको छैन।

उक्त रकम नआउँदा औषधि खरिद, आवश्यक उपकरण व्यवस्थापन तथा कर्मचारीको सेवा-सुविधा उपलब्ध गराउनसमेत समस्या उत्पन्न भएको डा. ढकालले जानकारी दिनुभयो। उहाँका अनुसार दैनिक करिब १५ सय सेवाग्राहीले स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत सेवा लिने यस अस्पतालमा दाबी रकम नआएपछि आर्थिक संकट झनै गहिरिँदै गएको छ।

'बीमा कार्यक्रममार्फत् उपचार सेवा दिँदै आएका छौं तर दाबी भुक्तानी नआएपछि बाध्य भएर सेवा नै स्थगित गर्नुपर्ने अवस्था आएको छ,' डा. ढकालले गुनासो गर्नुभयो।

अस्पतालले विभिन्न वर्षहरूमा गरी कुल ७३ करोड ४२ लाख रुपैयाँ बीमा दाबी पठाएकोमा बीमा बोर्डले ५० करोड ५४ लाख रुपैयाँमात्र स्वीकृत गरेको छ। स्वीकृत रकममध्ये हालसम्म २५ करोड ८३ लाख रुपैयाँमात्रै अस्पतालले प्राप्त गरेको छ।

अस्पतालको स्वास्थ्य बीमा कार्यक्रम विभागका प्रमुख दिपेन्द्र पौडेलका अनुसार पछिल्ला वर्षहरूमा बीमा सेवाप्रति सेवाग्राहीको आकर्षण बढ्दो भए पनि सरकारले समयमै अनुदान नदिँदा सेवा प्रभावित हुने अवस्थामा पुगेको हो। बीमा सेवालाई प्रभावकारी बनाउन फार्मेसी तथा फार्मेसी काउण्टर विस्तार, अटोमेटिक रिपोर्ट डिस्प्याच मेसिन जडानलगायतका सुधारात्मक काम गरिएको उहाँले बताउनुभयो।

हाल बीमा कार्यक्रम सञ्चालनका लागि मात्र अस्पतालमा ३९ जना कर्मचारी कार्यरत रहेको जानकारी दिँदै पौडेलले दाबी रकममा समेत बीमा बोर्डले मनोमानीरूपमा कटौती गरी थोरै रकममात्र स्वीकृत गर्ने गरेको गुनासो गर्नुभयो।

लुम्बिनी प्रादेशिक अस्पताल विकास समितिका अध्यक्ष अजयमान श्रेष्ठले बीमा कार्यक्रम प्रभावकारीरूपमा सञ्चालन हुँदै आएको अवस्थामा पनि स्वीकृत रकम नआउँदा सेवा बन्द गर्नुपर्ने अवस्था आउनु दुखद भएको बताउनुभयो। 'जनताको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको विषयमा सरकार र बीमा बोर्ड गम्भीर हुनुपर्छ,' उहाँले जोड दिनुभयो।

स्वास्थ्य मन्त्रालयले लुम्बिनी प्रादेशिक अस्पताललाई स्वास्थ्य बीमा सेवाको प्रथम बिन्दु (फर्स्ट कन्ट्याक्ट पोइन्ट) घोषणा गरेपछि सेवाग्राहीको चाप झनै बढेको छ। तर, अनुदान रकम समयमै नआउँदा आवश्यक उपकरण खरिद तथा औषधि आपूर्तिकर्तालाई भुक्तानी दिन नसक्ने अवस्था सिर्जना भई अस्पतालले बीमा सेवा बन्द गर्नुपर्ने जोखिम बढेको अस्पतालको भनाइ छ। सरकारले समयमा दाबी भुक्तानी नगर्दा यस क्षेत्रकै गौतम बुद्ध सामुदायिक मुटु अस्पतालले पनि १९ करोड रुपैयाँभन्दा बढी बीमा दाबी नपाएको अस्पतालका अध्यक्ष एजाज आलमले जानकारी दिनुभयो।

लुम्बिनीमात्रै होइन, देशका अन्य सरकारी तथा निजी स्वास्थ्य संस्थाहरूले समेत बीमा कार्यक्रम स्थगित गरिसकेका छन्। त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल र शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्रले स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गतका सेवा बन्द गरिसकेका छन्। ती अस्पतालहरूले पनि बीमा बोर्डबाट दाबी भुक्तानी नआएकै कारण सेवा निरन्तरता दिन नसकिएको जनाएका छन्।

सेवा प्रदायक अस्पतालहरूले बीमा सेवा बन्द गरेपछि बीमित नागरिकलाई उपचारमा सकस पर्ने देखिएको छ। सरकारले विपन्न नागरिकको उपचारका लागि ल्याएको कार्यक्रम प्रभावकारीरूपमा कार्यान्वयन नहुँदा सबैभन्दा बढी असर गरिब र कमजोर वर्गमा पर्ने सरोकारवालाहरूले बताएका छन्।

यसैबीच सेवा प्रदायक संस्थाहरूले स्वास्थ्य बीमा बोर्डको क्षमतामाथि प्रश्न उठाएका छन्। विशेषज्ञ चिकित्सकले उपचार गरेका केसहरू बोर्डका कर्मचारीले नबुझेर अस्वीकृत गर्ने गरेका कारण दाबी रकममै ठूलो घाटा बेहोर्नुपरेको अस्पतालहरूको गुनासो छ।

सेवा प्रदायकहरूले बीमा दाबीको भेरिफिकेसन रियलटाइम हुनुपर्ने, निश्चित समयसीमा तोकेर बोर्डले भुक्तानी सुनिश्चित गरेपछि मात्रै स्वास्थ्य बीमा सेवा दीर्घकालीनरूपमा सञ्चालन हुन सक्ने बताएका छन्।

मकवानपुरमा तीनमहिने जिल्लास्तरीय लागूऔषधविरुद्ध अभियान सुरु

मञ्जिता मैनाली/हिटा

हेटौंडा, ९ माघ

लागूऔषध दुर्व्यसन समाजको गम्भीर चुनौतीका रूपमा बढ्दै गएको सन्दर्भमा मकवानपुर जिल्लामा लागूऔषध नियन्त्रण, उपचार, पुनर्स्थापना तथा सामाजिक पुनः एकीकरणलाई एकीकृतरूपमा अघि बढाउने उद्देश्यसहित तीनमहिने जिल्लास्तरीय लागूऔषधविरुद्ध अभियान सुरु गरिएको छ। जिल्ला प्रशासन कार्यालय मकवानपुरको आयोजना तथा सिआन पुनर्स्थापना केन्द्रको व्यवस्थापनमा सञ्चालन हुने यस अभियानलाई जिल्लाको इतिहासमै रोकथाम, उपचार, पुनर्स्थापना र सामाजिक पुनःएकीकरणलाई एउटै साझा ढाँचामा जोडिएको उदाहरणीय पहलका रूपमा लिइएको छ।

अभियानको औपचारिक उद्घाटन कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले लागूऔषध दुर्व्यसन केवल स्वास्थ्य समस्यामा सीमित नरही सामाजिक, आर्थिक तथा सुरक्षा चुनौतीसमेत बनेको उल्लेख गर्नुभयो। उहाँले यसविरुद्ध राज्य, परिवार, विद्यालय, समुदाय र नागरिक समाज सबै एकजुट भएर लाग्नुपर्नेमा जोड दिनुभयो। 'लागूऔषधविरुद्धको लडाइँ कुनै एक संस्थाको मात्र जिम्मेवारी होइन। मकवानपुरमा सुरु गरिएको यो तीनमहिने अभियान व्यवहार परिवर्तन र दीर्घकालीन समाधानतर्फको ठोस कदम हो,' प्रमुख जिल्ला अधिकारी अधिकारीले भन्नुभयो। उहाँले जिल्ला प्रशासन कार्यालयले नीति, समन्वय र नेतृत्वमार्फत् स्थानीय तह, सुरक्षा निकाय, शिक्षण संस्था र स्वास्थ्य क्षेत्रबीच सहकार्य सुदृढ गर्दै अभियानलाई परिणाममुखी बनाइने प्रतिबद्धता व्यक्त गर्नुभयो। कार्यक्रममा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपतिले लागूऔषध दुर्व्यसनलाई सार्वजनिक स्वास्थ्य संकटका रूपमा लिँदै उपचार, अनुसन्धान र समुदाय-आधारित हस्तक्षेपलाई प्राथमिकतामा राख्नुपर्ने धारणा राख्नुभयो। 'लागूऔषध दुर्व्यसनको असर व्यक्तिमा मात्र सीमित हुँदैन, यसले परिवार र समग्र समाजलाई प्रभावित गर्छ। उपचार र पुनर्स्थापनामा पहुँच विस्तार गर्दै वैज्ञानिक, मानव-केन्द्रित र सम्मानजनक सेवा प्रवाह आवश्यक छ,' उहाँले बताउनुभयो। प्रतिष्ठानका तर्फबाट आवश्यक प्राविधिक तथा शैक्षिक सहकार्य रहनेसमेत उहाँले जानकारी दिनुभयो।

त्यसैगरी सहायक प्रमुख जिल्ला अधिकारी मोहन जोशीले अभियानले स्थानीय तहसम्म बलियो समन्वय संरचना निर्माण गर्ने विश्वास व्यक्त गर्दै पालिकाहरूलाई सक्रिय साझेदारका रूपमा अघि बढाइने स्पष्ट पार्नुभयो। 'यो अभियान सचेतनामै सीमित हुँदैन। पालिकास्तरीय समन्वय, जोखिम समूह पहिचान, सेवा सन्दर्भ प्रणाली र समुदायको सक्रिय सहभागितामार्फत् वास्तविक परिवर्तन ल्याउने प्रयास गरिएको छ,' उहाँले भन्नुभयो।

अभियानअन्तर्गत विद्यालय तथा क्याम्पसमा सचेतना कार्यक्रम, युवा तथा विद्यार्थी केन्द्रित संवाद, समुदाय आधारित अन्तरक्रिया, सूचनामूलक पम्प्लेट वितरण, सार्वजनिक स्थानमा होर्डिङ बोर्ड स्थापना, पालिकास्तरीय समन्वय बैठक, सडक नाटक तथा रचनात्मक कार्यक्रम, महिला लक्षित सचेतना, अभिभावक परामर्श सत्र, घरदैलो अभियान, हेल्प डेस्क सञ्चालन तथा उपचार र पुनर्स्थापनाका लागि सेवा सन्दर्भ कार्यक्रम सञ्चालन गरिने जनाइएको छ। अभियानको व्यवस्थापन जिम्मेवारी लिएको सिआन पुनर्स्थापना केन्द्रले पुरुष तथा महिलाका लागि छुट्टाछुट्टै पुनर्स्थापना सेवा सञ्चालन गर्दै आएको उल्लेख गर्दै आफ्नो दीर्घ अनुभव, समुदायसँगको विश्वास र मानव-केन्द्रित दृष्टिकोण प्रयोग गरी अभियानलाई प्रभावकारी बनाउने प्रतिबद्धता जनाएको छ।

कार्यक्रमको अन्त्यमा आयोजकहरूले 'लागूऔषधविरुद्धको लडाइँ सामूहिक जिम्मेवारी हो' भन्ने सन्देशसहित मकवानपुर जिल्लाका सम्पूर्ण नागरिक, स्थानीय सरकार, शिक्षा संस्था, सञ्चारकर्मी तथा नागरिक समाजलाई अभियानमा सक्रिय सहभागिताका लागि आह्वान गरेका छन्। उक्त अभियानले लागूऔषध दुर्व्यसनविरुद्ध चेतनामा मात्र सीमित नरही व्यवहार परिवर्तन, कलंक न्यूनीकरण र दीर्घकालीन समाधानतर्फ समाजलाई अघि बढाउने अपेक्षा गरिएको छ।

राज ब्रुअरी प्रा. लि.
नवलपरासी, नेपाल

सार्वजनिक सूचना

मिति २०८२/१०/१० गतेदेखि नेपाल भरी लागू हुने गरी यस कम्पनीको देहाय बमोजिमको उत्पादनको निम्नानुसार मूल्य निर्धारण गरेको व्यहोरा सबैको जानकारीको लागि सूचित गरिन्छ।

विवरण	टुबोर्ग ड्राफ्ट Draught (२० लि. केग)
वितरक मूल्य (प्रति केग)	१३,१८१.८२
वितरक कमिसन (प्रति केग)	१,३१८.१८
उपभोक्ता मूल्य (प्रति केग)	१४,५००.००

नोटः उपरोक्त निर्धारित बिक्री मूल्यमा मूल्य अभिवृद्धि करको दायित्व समेत समावेश गरिएको छ।

राज ब्रुअरी प्रा. लि.
नवलपरासी, नेपाल।

चुनौतीका बीच गति लिँदै मेडिकल कलेज

टेकराज अवस्थी/हिटा

डडेल्धुरा, ९ माघ

सुदूरपश्चिमको पहाडी जिल्लामा स्थापना भएको एकमात्र मेडिकल कलेज, डडेल्धुरा मेडिकल कलेज, निरन्तर बजेट अभाव र कमजोर पूर्वाधारका चुनौतीबीच पनि स्वास्थ्य प्राविधिक शिक्षाको उद्देश्यअनुसार अघि बढिरहेको छ। अपेक्षित गति लिन नसके पनि कलेज डडेल्धुरा तथा सुदूरपश्चिमका पहाडी जिल्लाका लागि नयाँ शैक्षिक आयाम र दीर्घकालीन पूर्वाधारका रूपमा स्थापित हुने दिशातर्फ उन्मुख देखिएको छ।

स्वास्थ्य मन्त्रालय, शिक्षा मन्त्रालय र सुदूरपश्चिम विश्वविद्यालयबीचको त्रिपक्षीय साझेदारीमा सञ्चालन भइरहेको यस कलेजले संघीय अस्पताल डडेल्धुरा अस्पतालका स्रोतसाधन तथा पूर्वाधारलाई उपयोग गर्दै अध्ययन-अध्यापन गराइरहेको छ। उपयुक्त हावापानी, स्वच्छ वातावरण र शैक्षिक सम्भावनाका बाबजुद पर्याप्त बजेटको अभावले कलेजको संरचनागत विकासमा अवरोध सिर्जना भएको सरोकारवालाहरू बताउँछन्।

२०७८ साल माघमा मन्त्रिपरिषद्को निर्णयसँगै स्थापना भएको स्वास्थ्य विज्ञान संकायअन्तर्गतको यस कलेजले स्नातक तहमा एमबिबिएस अध्ययनका लागि स्वीकृति प्राप्त गरेको छ। कलेजका डिन तथा प्राध्यापक डा. हेमनाथ जोशीका अनुसार हाल कलेजमा बिएस्सी एमएलटी, बिपिएच र बिएस्सी नर्सिङ विषयमा सबै सेमेष्टर गरी जम्मा ३९ जना विद्यार्थी अध्ययनरत छन्।

सुदूरपश्चिमका सात पहाडी जिल्लाका लागि सेवा क्षेत्र तथा जीवनरेखाका रूपमा हेरिएको यस मेडिकल कलेजमा बजेट अभावका कारण प्राध्यापक तथा कर्मचारी जनशक्तिको कमी, प्रयोगशालामा आवश्यक प्रविधि तथा उपकरणको अभाव, विद्यार्थी आवास र व्यवस्थापनजस्ता समस्या गम्भीर चुनौतीका रूपमा रहेका छन्।

कलेजमा अध्ययनरत ३९ जना विद्यार्थीमध्ये करिब ९० प्रतिशत देशका विभिन्न जिल्लाबाट आएका छन्। धादिङबाट डडेल्धुरा आइपुगेकी छात्रा सदिक्षा आचार्यका अनुसार, 'डडेल्धुरा नयाँ ठाउँ भए पनि समग्रमा वातावरण राम्रो छ तर प्रयोगशाला र शिक्षकको स्थायित्वजस्ता विषयमा पर्याप्त सुविधा नहुँदा अध्ययन प्रभावित नहोस् भन्ने हाम्रो अपेक्षा हो।'

उहाँसँगै अध्ययनरत अन्य विद्यार्थीहरूले डडेल्धुराको भौगोलिक अवस्था, प्राकृतिक सुन्दरता र अनुकूल हावापानीको प्रशंसा गर्दै भने, 'एमबिबिएस अध्ययनका लागि सैद्धान्तिक र प्रयोगात्मक दुवै पक्षमा अझ व्यवस्थित पूर्वाधार आवश्यक छ। सुरुवाती अवस्थाका लागि ठीक भए पनि दीर्घकालीनरूपमा सुविधा विस्तार अनिवार्य छ।'

डिन जोशीका अनुसार पहाडबाट भइरहेको तीव्र बसाइँसराइका कारण डडेल्धुरा अस्पतालमा बिरामीको संख्या घटे मेडिकल कलेज प्रत्यक्षरूपमा प्रभावित हुन सक्छ। 'यसकारण सरकारले मेडिकल कलेजको संवेदनशीलता र दिगोपनालाई ध्यानमा राख्दै स्पष्ट नीति र निरन्तर सहयोग गर्नु अत्यावश्यक छ,' उहाँले बताउनुभयो।

हाल कोटाअनुसार विद्यार्थी भर्ना भइरहेको, आधारभूत प्रयोगशाला उपलब्ध रहेको तथा प्रयोगात्मक अध्ययनका लागि डडेल्धुरा अस्पतालमा स्रोतसाधन उपयोग गर्न सकिने अवस्था रहेको बताइन्छ। प्रस्तावित विस्तृत परियोजना प्रतिवेदनअनुसार काम अगाडि बढ्न सके मेडिकल कलेजले यस क्षेत्रको समग्र सामाजिक-आर्थिक विकासमा टेवा पुऱ्याउने विश्वास स्थानीयवासीको छ।

राजनीतिक प्रतिष्ठाको विषयका रूपमा डडेल्धुरामा स्थापना भएको मेडिकल कलेजका लागि विनियोजन गरिएको ४२ करोड रुपैयाँ बजेट फ्रिज हुँदा पूर्वाधार निर्माणमा गम्भीर असर परेको सरोकारवालाहरूको गुनासो छ। यस विषयमा केन्द्रस्तर तथा शक्ति केन्द्रमा रहेका नेता र जनप्रतिनिधिहरूले गम्भीररूपमा सोच्नुपर्ने बेला आएको उनीहरूको भनाइ छ।

सुदूरपश्चिमको पहाडबाट बसाइँसराइ रोक्न, स्थानीय जनतालाई घरदैलोमै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न तथा स्वास्थ्य विज्ञानमा उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीका लागि कलेजको सम्भावना उज्यालो देखिन्छ। तर, राज्यको स्पष्ट नीति, दीर्घकालीन योजना र सकारात्मक सहयोगबिना कलेजले पूर्ण रूप लिन कठिन हुने देखिन्छ।

कलेजले शैक्षिक सत्र २०८२/०८३ देखि सञ्चालन हुने गरी मेडिकल माइक्रोबायोलोजी विषय अध्ययनका लागि सम्बन्धित निकायबाट अनुमति प्राप्त गरिसकेको छ। यद्यपि, आवश्यक पूर्वाधार तयार गर्न प्रशासनिक प्रक्रिया र आर्थिक कठिनाइ चुनौतीका रूपमा रहेको बताइएको छ। स्थानीयवासीहरूले आधारभूत स्वास्थ्य विज्ञान अध्ययनका लागि सुविधासम्पन्न भवन, अत्याधुनिक उपकरण, पुस्तकालय, संकाय तथा प्रशासनिक भवन, प्रयोगशालालगायतका संरचना निर्माणसहित प्रस्तावित चार अर्ब रुपैयाँको परियोजना यथाशीघ्र कार्यान्वयन गर्न माग गरेका छन्। साथै, तीन सय शैय्याको अस्पताल र आवश्यक पूर्वाधार निर्माणका लागि डडेल्धुरा अस्पताललाई तयारी अवस्थामा राख्नुपर्ने आवश्यकता पनि उनीहरूले औंल्याएका छन्।

देवताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिप्राढीगोठ, बारा
मधेश प्रदेश, नेपाल

आर्थिक प्रस्ताव स्वीकृत सम्बन्धी आशयको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।१०।१०

देवताल गाउँकार्यपालिकाको कार्यालयले तपसिलको मितिमा गरेको तपसिलको ठेक्काको लागि दर्ता हुन आएका तपसिल बमोजिमका बोलपत्रहरुको आर्थिक प्रस्तावको मुल्यांकन गर्दा तपसिलको बोलपत्रदाताले पेश गरेको आर्थिक प्रस्ताव मापदण्ड पुरा भई सारभुत रुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) र दफा ४७ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने आशय पत्रको सूचना प्रकाशित गरिएको छ।

तपशिलः-

क्र. स.	ठेक्का नं.	कार्यको विवरण	बोलपत्र आह्वान मिति	पेश भएका बोलपत्रहरुको संख्या	स्वीकृत बोलपत्र दाताको नाम, ठेगाना	निर्णय मिति	कबोल रकम VAT सहित
१	DRM/NCB/W/06/2082/083	देवताल गा.पा.२ देवापुर झिटकैया देखी राधाकृष्ण मन्दिर पिपर पातीसम्म सडक कालोपत्रे	२०८२।०७।२३	५(पाँच)	Bhupendra Construction Kalaiya-6, Bara	२०८२।१०।०९	४,३३,१३,२५८।४

प्रमुख प्रशासकीय अधिकृत

61 Years of Excellence
A synonymous of Stable & People's Bank inNepal
Heartfelt Congratulations !
61 years is noteworthy !
Many Congratulations on achieving this significant milestone.
राष्ट्रिय वाणिज्य बैक लि. RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैक

Bhagawati Hydropower Development Co. Limited
Site Office: Kaski, Pokhara
Contact Office: Subidha Nagar, Tinkune
Tel: 4111945

Reliance Spinning Mills Ltd.
Kamaladi, Kathmandu

Microplus Technologies Pvt. Ltd.
Putalisadak, Kathmandu
Tel: 4521032, 4529334
Mobile: 9851089348

SALT TRADING CORPORATION LTD.
KALIMATI, KATHMANDU

जीवनयात्राभित्रका : पीताम्बर दाहाल

विकट जिल्लाका कुनामा रहेको एउटा पहाडे गाउँमा जन्मेका ब्राह्मण परिवारका बालकले शिक्षाका लागि गर्नुपरेको संघर्ष, मेलापात अर्मपर्मका कतिपय रोमाञ्चक वर्णन दाहालले नढाँटीकन गरेका छन् । प्रायः स्रष्टाहरू मन छुने दुःखको वर्णनलाई सार्ववार्णिक र सार्वकालिक बनाएर प्रस्तुत गर्दछन् । व्यञ्जनावृत्ति र लक्षणा एवं सांगेतिक वर्णन चिह्नका आधारमा पाठकले ठम्याउनुपर्दछ ।

● प्राडा.कुलप्रसाद कोइराला

स जातो येनजातेन यातिवंश समुन्नतिम् ।

औपचारिक परिचय

मलाई धेरै दिन पहिले रोहिणी दाहालले यो पुस्तक दिएका थिए । पुस्तक ल्याएर पढ्न थालेँ तर बीचबीचका अवरोधले निकै अल्मल्याए छन् । पीताम्बर दाहाल २०१८ सालतिरका जल्दाबल्दा नेपाली कांग्रेसका नेता थिए । त्यसबेला १८ महिना जेल बसेर निस्केका पीताम्बर दाहाल संस्कृत जगत्का मात्र होइन नेपाली कांग्रेसमा देशैभर नाम चलेका कांग्रेस थिए । ओखलढुंगाको प्राप्चा दाहाल गाउँमा विसं १९९५ माघमा जन्मेका दाहाल संस्कृत साहित्यमा आचार्य र नेपाली साहित्यका पनि एम.ए.गरेका लब्ध प्रतिष्ठित व्यक्ति हुन् । २०३२ सालमा राजाका शासनमा चलेको निर्दलीय नामको एकदलीय संकीर्ण व्यवस्थाले २२ जना प्राध्यापकलाई व्यवस्थाविरोधी राजनीति गरेको आरोपमा निकाल्दा थिनलाई पनि निकालेको थियो ।

२०३६ को छात्रआन्दोलले पञ्चायत र राजाको एकदलीय शासनका जरा हल्लिएपछि राजनीतिक क्षेत्रमा नै पुगेर स्थापित भएका अर्जुननरसिंह केसी, साहना प्रधान, राजेश्वर आचार्य, हिरण्यलाल श्रेष्ठ जस्ताबाहेक अरू पुनः विश्वविद्यालयमा आउँदा दाहाल पनि आएका थिए । विश्वविद्यालयमा आएर पढाउँदै पढ्दै फुर्सदका समयमा यिनले कलम मजाले चलाएको परिणामस्वरूप निम्न कृति नेपाली भाषासाहित्यले भेटेको देखिन्छ :

१, फूल र अक्षता (कविता, काव्यसङ्ग्रह-२०६७)
२, स्नेहधारा (विशेष काव्य-२०६९)
३, मेरो रिमरिमे सम्झना (स्मरण-२०७५)
४, प्रसाद र प्रसन्नता (कवितासङ्ग्रह-२०८०)
५, जीवनयात्रा (महाकाव्य-२०८१)

जीवनयात्रा महाकाव्य

यो महाकाव्य हो । महाकाव्य भनेको भावनाले आख्यान वरण गरेर जीवनका समग्र आयामलाई समेट्नसक्ने व्यप्तिमा देखापर्ने सिर्जनात्मक निसानी हो । महाकाव्य कविताको अत्यन्त गरिमामय विधा मानिन्छ । हुन त महाकाव्यका लागि अनेकौं अभिलक्षण निर्धारण गरिएको देखिन्छ पूर्वपश्चिम दुवैतिर । महाकाव्यलाई फिरिस्तबद्ध चाहिँ आचार्य विश्वनाथले गरेका थिए । जर्ज लुकाज या अरस्तुको काव्यशास्त्र र भामहको काव्यालंकारमा निर्धारण गरिएका महाकाव्य अभिलक्षण र राल्फ फक्सका महाकाव्य चिन्तनलाई अहिले अलि बढी प्रयोग र चलनचल्तीमा ल्याउने प्रचलन बढ्दो रहेको देखिन्छ । यस महाकाव्यमा जम्मा बीसवटा सर्गमा अनुभूति सामग्रीलाई सजाइएको देखिन्छ । यो छन्दोबद्ध रहेको छ ।

भावनाको एकरसतालाई मेट्न र वाचनका बेलाको गलाको स्वास्थ्यलाई दृष्टिगत गरेर पनि सर्गान्त हुनुभन्दा पहिले छन्द परिवर्तन गर्ने आगामी सर्गको कथावस्तुको संकेत गर्नेजस्ता कुरा दाहालले प्रायः पालन गरेका छन् । भामहले भने झैँ महताञ्चमहच्चयत् भने यसमा रहेको देखिँदैन । यो आत्मवृत्तान्तमूलक महाकाव्य हो । यसमा नायक स्वयं पीताम्बर दाहाल र उनका दाजु दुर्गाहरि दाहाल रहेका छन् । पहाडको न्यूनमध्यम वित्तीय ब्राह्मण परिवारको साधारण केटो ओखलढुंगादेखि काठमाडौंसम्म आउँदा बाटामा परेका तत्कालीन गाउँबस्ती खोलाखोल्सा पाखारेखाको वर्णन र ती गाउँबस्तीमा बसोवास गरेका नारी-पुरुषका ठट्यौला रसिला सहयोगी विरसिला असहयोगी कुराको मन छुने वर्णन रहेको भेटिन्छ ।

विकट जिल्लाका कुनामा रहेको एउटा पहाडे गाउँमा जन्मेका ब्राह्मण परिवारका बालकले शिक्षाका लागि गर्नुपरेको संघर्ष, मेलापात अर्मपर्मका कतिपय रोमाञ्चक वर्णन दाहालले नढाँटीकन गरेका छन् । प्रायः स्रष्टाहरू मन छुने दुःखको वर्णनलाई सार्ववार्णिक र सार्वकालिक बनाएर प्रस्तुत गर्दछन् । व्यञ्जनावृत्ति र लक्षणा एवं सांकेतिक वर्णन चिह्नका आधारमा पाठकले ठम्याउनुपर्दछ । यस महाकाव्यमा दाहालले जस्ताको तस्तै कुरो गरेका छन् । छन्दमा भनिएका कुरा पनि गद्यमा जस्तै सहज सरल भाषिक व्यवस्थापन दाहालका काव्यको महह्यार प्राप्तिका रूपमा लिन सकिन्छ । यथार्थ भोगाइलाई सरल सरस भाषामा बान्की मिलाएर छन्दोबद्ध शैलीमा उनले आफूले भोगेका घटना, वर्तमान, इतिहास, राजनीति, दरबारका क्रियाकलाप, दलीयउ तारचढाव जस्ता कुरासमेत उनेर गज्जबको चित्र प्रस्तुत गरेका छन् ।

छन्दप्रयोगको आधिक्य

यो महाकाव्य पढ्दैजाँदा पाइने सबैभन्दा पहिले छन्द प्रयोगको आधिक्य एउटा रमणीय पक्ष बनेर देखापरेको छ । २० सर्गेमहाकाव्यभरिमा बीसवटै वर्णमातृक छन्दको एकानेक पटक आवृत्ति भएको भेटिन्छ । शार्दूलविक्रीडित आठ पटक, अनुष्टुव १४ पटक, वसन्ततिलका आठ पटक, भुजंगप्रयात आठ पटक, मालिनी ११ पटक, वंशस्थ पाँच पटक, द्रुतविलम्बित सात पटक, शिखरिणी ३ पटक, इन्द्रवंशा सात पटक, सुन्दरी चार पटक, स्रग्विणी दुई पटक, प्रहर्षिणी एक पटक, उपेन्द्रवज्रा दुई पटक, मन्दाक्रान्ता तीन पटक, स्रग्धरा तीन पटक, इन्द्रवज्रा चार पटक, पृथिवी तीन पटक, उपजाति दुई पटक, पञ्चचामर एक पटक, मञ्जुभाषिणी दुई पटकसमेत गरी ९८ पटक यी वर्णमात्रावृत्तको आवृत्ति भएको देखिन्छ । यसरी एक प्रकारले भन्दा यो महाकाव्य छन्द प्रयोगको प्रयोगस्थल बनेर देखापरेको छ ।

मैले पढेका महाकाव्यमध्ये एउटा महाकाव्यमा यति धेरै छन्द प्रयोग गरेको कृति नेपालीमा छैन । छन्द प्रयोगको अवस्थाको तुलनात्मक र सचेत सावधानीपूर्वक संस्कृतका काव्यमहाकाव्य नपढेका कारणले भन्न सक्दिन तर नेपालीमा चाहिँ चन्द्रप्रसाद न्यौपानेको 'चन्द्रयुग' बृहत्तर महाकाव्यबाहेक अरू कुनै पनि कृतिमा यसरी बहुविध छन्द प्रयोगको प्रदर्शन भएको भेटिँदैन । यी सबै छन्दका अभिलक्षणका दृष्टिले पनिप्रायः सफल र सही प्रयोग भएको पाइन्छ । यसरी हेर्दा पीताम्बर दाहाल छन्दज्ञानको अब्बल ज्ञाता र प्रयोक्ताका रूपमा देखापर्दछन् ।

महाकवि देवकोटाले सबैभन्दा बढी छन्द प्रयोग गरेको एउटा कृति हो कालिदासको अमर कृति अभिज्ञान शाकुन्तलम्को उपजिव्यतामा संरचित महाकाव्य 'शाकुन्तल' यी दुईमा पनि मसृण गरी दाँज्ने हो भने पनि पीताम्बर दाहालको 'जीवनयात्रा' नै प्रथम प्रयोगस्थलका रूपमा उभिन सक्छ । गद्यछन्द र तुकान्तविहीन अनुष्टुभको प्रयोगस्थल बनाएर बालकृष्ण समले लेखेका अनेकौं कृतिमध्ये 'चिसोचुलो' पनि यसको साँगीलाग्न सग्दैन । विषय व्याख्यानका दृष्टिले भने समको चिसोचुलो र दाहालको जीवनयात्रा समानान्तर विषय विविधतालाई अँगाल्दै अघि बढेका देखिन्छन् । विषयको एकनिष्ठता र वैविध्यताका दृष्टिले भने चिसोचुलोसँग जीवनयात्राले हार्छ नै ।

चिसोचुलो प्रयोगै प्रयोगको पर्वत बनेर आएको थियो भने जीवनयात्रा चाहिँ आफूले भोगेका, देखेका र सुनेका पनि कतिपय जीवनवृत्तका दृश्यपटलभन्दा बाहिर पुग्नसकेको देखिँदैन । हो दर्शन, कला र सृजनात्मक क्षमताको प्रयोग पटल तरुणतपसी पनि बनेको छ भने त्यसको दार्शनिक गहिराइ जीवनयात्राले प्राप्त गर्न सक्दैन । जीवनयात्राले अभावमय जीवनका तीन पुस्तालाई स्पर्श गरेर एक जीवनको समग्रता प्रदर्शन गर्न खोजे पनि यस क्षेत्रमा चाहिँ देवकोटाको शाकुन्तलले भूत, वर्तमान र भविष्यका ब्रह्माण्डीय जीवन समग्रतालाई समेत कल्पना र भावनाका आवर्तमा घोलेर जसरी प्रस्तुत गरेका छन् त्यो पीताम्बर दाहालका लागि 'उद्बाहुरिववामन' नै भएको देखिन्छ । कोमल कठोर पद चयन कलामा भने दाहाल पनि कम छैनन् । रस

अनुसारका वर्ण चयन क्षमताको पनि सुन्दर प्रक्षेपण गरेका छन् ।

आख्यानविन्यास र चरित्रविकास

प्रथम सर्गका श्लोक १ देखि ११औं श्लोकसम्मका कथन पृष्ठभूमिका रूपमा रहेका देखिन्छन् भने १२औं श्लोकबाट आख्यानको बीजाधान भएको देखिन्छ । बीजांकुरण आदि आख्यान विकासका समग्र कुराको विवेचना यस सीमित लेखमा निरभ्र आकाशमा बौंडाईको नर्तन प्रदर्शन दीर्घकालपर्यन्त गर्छु भन्नु जस्तै हो । महाकाव्यकार पीताम्बर दाहालको आत्मकथनात्मक अभिव्यक्तिमा मात्रै पनि आधृत छैन यो महाकाव्य । दाहालको विद्याप्रवासको समय २००९ देखि महाकाव्य लेखनारम्भ २०६२ सम्मको पुगनपुग आधाशताब्दीको जीवनका अनुभूतिको बाह्यान्तरिक स्पन्दनको लयबद्ध अभिव्यञ्जन पनि हो । वर्ण र मात्राका अन्तरमिलनमा रहेका नादलहरीलाई नै लय या छन्द भनिन्छ ।

लय भावरसको अन्तर्मिलन र वियोगजनित भावकठोर तथा कोमल कल्पना जलपले नादसौन्दर्यलाई अंकमाल गर्दा गुञ्जिने लयमा धुरी नै त संगीत या गीतको रन्को हो । यस दृष्टिले यस महाकाव्यका कतिपयस्थल देवकोटाको शाकुन्तललाई सम्झाउन पुगेका पनि भेटिन्छन् । तपस्या ज्यादै नै पनि...जस्ता पंक्तिसँग साँगी लाग्न खोज्छन् राजा महेन्द्रबाट प्रजातन्त्र हरण वर्णनक्रमका श्लोक । घरबाट विद्याप्रवासमा लाग्दाका घृहअवस्थाको वर्णन, मातालाई छाडेर सीमित सामल र घाटको दस्तुर बोकेर अनिश्चित यात्रामा निक्लँदाको दाहाल भ्रातृद्वयको मनस्थितिमा पाठक पनि आलोडित विलोडित हुन पुग्छन् । पाठकका मनमस्तिष्कमा सृजित यो सामर्थ्य एउटा सर्जकले प्राप्त गर्नु सहज प्रतिभा र काव्याभ्यासको दीर्घ साधना बेगर असम्भव प्रायः मानिन्छ ।

यस महाकाव्यमा कवि नै काव्यनायक र सहनायक कविका सहोदर दाजु रहेका छन् । प्राप्चादेखि आजको कविको आवासभूमि न्यूजिल्याण्डसम्मका भूमिको आयतनलाई समग्रताको वर्णनका धागामा आख्यान सूत्रबद्ध गरी काव्यलेखन चंगा उडाउने कौतुक प्रकट गरेका छन् दाहालले । यद्यपि उनलाई बाल्यावस्थामा नै पण्डित पिताको प्रभाव परेको लख काटेका छन् समालोचकले भूमिका लेखनका क्रममा । धेरैजनाको भूमिका लेखाउने लोभसंवृत्त पार्न पीताम्बर दाहाल पनि अक्षम नै रहेका देखिन्छन् जब कि उनका प्रत्येक सर्गका जुनसुकै आख्यान वृत्तमा आउने भावलहरीको सरल स्वाभाविक सहजानुभूतियुक्त छन्दकथनको माधुर्यलाई आस्वाद गर्ने पाठकले उनलाई सहजप्रतिभाका कविका रूपमा प्राप्त गर्दछ । आरम्भदेखि अन्त्यसम्म नै एकनासको भणितिको गति महाकाव्यले पाएको देख्दा र जुनसुकै छन्दमा पनि सहज वर्णन क्षमतालाई अनुभव गर्दा पौरस्त्य काव्यचिन्तकले भनेको प्रतिभा, व्युत्पत्ति र अभ्यासमध्ये उनका काव्यकलामा प्रतिभाको नै विशेष आधिक्य रहेको देखिन्छ ।

समष्टिगत कुरा

जीवनयात्रा महाकाव्यकवि पीताम्बर दाहालको शिक्षाका लागि लागेको भोकको छट्पटी र विद्यार्जनका क्रमको वर्णनमा मात्र सीमित छैन । यो पीताम्बर दाहालको पारिवारिक ऐतिह्य वर्णनसँगै कुन अवस्थाबाट कुन अवस्थामा आएँ/आयौं भन्नेसमेत छनक दिने जीवनीपरक या आत्मवृत्तान्तमूलक महाकाव्य हो । यसमा परिवारचक्रसँग लहराउँदै विद्यालय र समग्र राष्ट्रकै जीवनचक्रका गतिविधिको सूक्ष्म संकेत र स्थूल वर्णनसमेत भेटिन्छ । विद्यालयमा पढाउने गुरुका ज्ञानगुण र स्वभाव वर्णनका क्रममा उनले आठौं सर्गमा त्यस बेलाको रानीपोखरी संस्कृत विद्यालयको प्रोज्वलचित्र प्रकट गरेका छन् ।

अहिले पनि ओखलढुंगाका बिगुटार, रामपुर, प्राप्चा, रुम्जाटार, सेर्नेटार, छहरे, मामखा लगायत् अनेकौं यस्ता गाउँ छन् जो आफ्नै प्रकारका वैशिष्ट्य र हतभागका चिह्न पनि बोकेर बसेका छन् । हिजोको अवस्थामा न स्थान छ न त हामी मानव नै छौं । सबै सबैतिर युगानुसारी प्रभावका छोइछिटा परेका छन् । राजनीतिक व्यवस्थाले जसरी राज्यका भू-भागको समसन्तुलित विकासको अपेक्षा सामान्य नागरिक र बौद्धिक नागरिक समाजले पनि गरेको हुन्छ त्यो प्राप्त हुन नसक्नाका कतिपय कारणको पनि प्रच्छन्नसंकेत यस महाकाव्यका ठाउँठाउँमा गरिएको भेटिन्छ ।

कवि दाहाल नेपालको क्रान्ति र समाज रूपान्तरण गर्ने राजनीतिक दलमध्ये सबैभन्दा जेठो नभए पनि अहिलेको जेठो ठूलो र विश्वव्यापी परिचय बनाएको नेपाली कांग्रेससँग सम्बद्ध भएका कारणले छात्रावस्थामा नै अठार अठार महिने बन्दी जीवन बिताएर विख्यात बनेको व्यक्तित्व र तत्कालीन राजा र उनले चलाएको पञ्चायती व्यवस्थाले पनि स्ववृत्ति हरण गरी दण्डित गर्दा पनि विचारविचलनका बाछिटाबाट जोगिएको प्रतिभा पनि हुन् ।

भेलदेखि जेलसम्म

स्रष्टा/द्रष्टा भए यस्तो !

राणाकालीन कुशासनको निरंकुशताकै चरम उत्कर्ष बेलामै देवकोटाले तीन डुङ्गामा एकैपटक हातखुट्टा हल्लाएर अथाह अर्थ आर्जन गरिरहेका थिए त्यस बेलाका समय सापेक्षमा । राणा दरवारस्थित पिता परम्पराको ट्युटर मास्टरका रूपमा, त्रिचन्द्रको प्राध्यापकका रूपमा र नेपाली भाषानुवाद परिषद्को लेखक सदस्यका रूपमा ।

● कलानिधि दाहाल

अपनत्वको अनुहारमा अनन्त हेर्न चाहने मान्छेभित्र डाहको खेती गर्ने खेतका गराका साना छेउसम्म हुन्नन् । इर्ष्या उसले चिन्दै चिन्दैन । अर्कालाई उचालेर अर्को खसालौं जस्ता घिनलाग्दा दुस्प्रयासका दम्भका नजानिदा दाग त हुँदै हुँदैनन् भने जानिने देखिनेको त कुरै छाडौं । कुनै दागीहरू, कलङ्कका भिखारीहरू, केही नभएकालाई के के न छ भन्दै पूजाअर्चना गरी उसलाई दुहुने लैनो गाई बनाएर घरभित्रै भिखारीको भीख खान पल्केका कुत्सित स्वभावको जन्मको अंश जुन वंशको बिरुवामा हुँदैन ऊ नै सिर्जनाको सांसारिक क्षितिजमा कालजयी स्तम्भको स्वर्णाक्षरको उचाइ अग्लेको हुन्छ । अनन्त फैलिएको हुन्छ ।

पारिवारिक मोहमुक्त, स्वार्थान्धताका घिनलाग्दा अक्षरमुक्त, प्राप्तिका दुर्गन्धे लालसामुक्त पवित्र मनको सुदूर यात्रामा उल्लास र उत्सर्गका हात फैलाउँदै खुला छातीले अपराधका ढिस्कामा धक्का दिएर सिर्जनात्मक समुद्रका उछाल तरङ्गमा रमाउने व्यक्तिका पाटा नै इतिहासका स्वर्णाक्षर हुन् । निरन्तर पग्लिरहने अवरणीय कल्पनात्मक सगरमाथाका कञ्चन हिमनदी प्रवाह हुन् । यस पृष्ठभूमिमा म नेपालको मात्र नभएर विश्वविख्यात बन्न आफ्नै साहस र उज्यालो प्रतिभाका आलोकले सकेका महाकवि, पहिलो पटक नेपाली साहित्यमा सहरिया अस्तित्व जो सामन्तवादमा आधारित हुन्छ, सामन्त संस्कारमा परिचालित हुन्छ, पारिवारिक प्रशंसा र चाकडीको प्राप्तिबाट प्रशंसा एवं गानको अनुहारमा रमाउने हुन्छ, यी सबैका विरुद्धको आँधीबेहरीको स्वच्छन्दतावादी अग्लो धरोहर बनेर देखा परेका महाकवि लक्ष्मीप्रसाद देवकोटाका मर्मस्पर्शी सन्दर्भ समर्पणमा समर्पित हुने सानो प्रयास मात्रमा छु ।

जसका जीवनरेखाहरू सामान्य पहिरनमा कुर्ता सुर्वाल र चप्पल सिवाय रहेनन् । खानका लागि बाँच्नुको बदला बाँच्नका लागि खानाको मात्र खुराकमा रह्यो । जसले परिवारलाई सामान्य व्यक्ति स्वार्थ र मानवीय कर्तव्यबोधभन्दा माथि राख्न जानेन, जो सधैं शोषित/पीडित/दलित र अपहेलित अनुहारको पारदर्शक सेनाबाहेक अर्को केही भएन । न कुनै राजनीतिको सिकार भयो ऊ न कुनै उदार विश्वचेता राजनीतिज्ञभन्दा तल रह्यो ऊ, उसको सर्वोच्च उदार मानवीय अनुपम अन्तरङ्गको उछाल न कहिल्यै घट्यो ऊ । कारणमा न उसलाई कसैको घृणित स्तुतिगान गरेर केही पाउनु थियो, न केही भएकालाई होच्याउने दुश्चेष्टा गरी नभएको आफूलाई महान्को भ्रमजाल फैलाएर उसबाट, उसका परिवारबाट अझै अझै दुहुने प्रयास गर्नु नै थियो ।

राणाकालीन कुशासनको निरङ्कुशताकै चरम उत्कर्ष बेलामै देवकोटाले तीन डुङ्गामा एकैपटक हातखुट्टा हल्लाएर अथाह अर्थ आर्जन गरिरहेका थिए त्यस बेलाका समय सापेक्षमा । राणा दरवारस्थित पिता परम्पराको ट्युटर मास्टरका रूपमा, त्रिचन्द्रको प्राध्यापकका रूपमा र नेपाली भाषानुवाद परिषद्को लेखक सदस्यका रूपमा । पुस्तकालय पर्वदेखि नै कट्टर राणाविरोधीका रूपमा चिरपरिचित देवकोटा, राणा घरमा नै बसेर पनि अन्यायी राणाहरूको उछित्तो काढ्न पछि नपर्नुको अर्थ नै हुने बिरुवाको चिल्लो पात हो । त्यस बेला होस् वा अहिले कुहेका नेपाली मनमा चाहे ती ठूल्ठूला पिएचडी डाक्टरहरू हुन्, चाहे नामुद वा कहलिएका कर्मचारीहरू, चाहे कथित बुद्धिजीवी भनिने घनटाउकेहरू हुन्, चाहे सुरक्षा क्षेत्रका बुद्धिमा आगो लागेका निकम्मा अफिसरहरू हुन् यी जम्मैको एउटै प्रवृत्ति छ-बाबुआमा, छोराछोरी, स्वास्नी, लोग्नेलगायत आफन्त चाहिँ भयानक अपराधी भए पनि तिनलाई पवित्र र चोखा अनि असल नै भन्नुपर्दछ भन्ने ।

त्यस बेलाको त्रिचन्द्रको प्राध्यापन पेशा, राणा दरवारको ट्युटर पेशा, राणाकै छत्रछायाँमा रहेर काम गर्नुपर्ने बेलामा पनि अन्यायविरुद्ध शङ्खनाद गर्दै उनले-'बाघले बच्चा किन खान्छ ?' जस्तो कवितात्मक सिस्नोको झाम्टाले राणाका मुटुमा झापड मारे । उनलाई पर्बाह भएन यसबाट के परिणाम भोग्नु पर्ला भन्ने ? उज्यालो दिल, फराक मन र आकाश छाती हुने मान्छेका लागि न्यायको युद्ध सिवाय अर्को आफन्त हुँदैन । स्वतन्त्रताको प्राप्ति सिवाय अर्को सम्मान वा पुरस्कार हुँदैन । खराबीविरुद्धको सङ्घर्ष सिवाय अर्को जीवनको कुनै लक्ष्य हुँदैन । संयोगवस यसैबेला उनका सामु राजनीतिक अनुहार बनेर देखा परे गणेशमान सिंह ।

विश्वेश्वरप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई जस्ता नेताले वनारसमा बसेर गरेको, गर्न खोजेको क्रान्तिकारी आन्दोलनको आह्वान, दार्जेलिङ, खर्साङ्, सिक्किम र सिल्गुडीका जनताले इन्कार गरेर नेतालाई खेदेपछि मास्टरपिस वा भ्वाइसको सगरमाथाका रूपमा देखिएका देवकोटा गणेशमानको एक वाक्यको इसारामा तीन वटै क्षेत्रका पेसा चासो नगरी पहिलो आमसभामा तालीको वर्षा र समर्थनको शीतल झरीले भिजेका नेताहरू मक्ख

> **महाकवि लक्ष्मीप्रसाद देवकोटा त्यही जिउँदो साहित्यकार हो जसले जीवनभर स्वार्थको कटौरा बनाएन, भिक्षाको झोली थापेन । देवकोटा त्यस्तो जीवन्त राजनीतिज्ञ हो जो जनमनको विश्वासपात्र भएर हरेक अविश्वस्त राजनीतिक मञ्चमा विश्वासको स्तम्भ भएर उभियो तर कहिल्यै कर्मको सानो श्रमसमेत खोजेन ।**

पर्नु स्वाभाभिक थियो । खर्साङ्, सिल्गुडी, कालेबुङ् र सिक्किमका आमसभालाई प्रत्यक्ष सम्बोधन गरेर अपार जनसमर्थन क्रान्तिकारी आन्दोलनका पक्षमा जुटाएपछि र दार्जेलिङ्को सम्बोधन बोलीमा असम्भव भएपछि उनले त्यही सम्बोधनका लागि 'पहाडी पुकार' लेखे जसलाई देवकोटाको क्रान्तिकारी खण्डकाव्य मानिन्छ । म चाहिँ यसलाई २००७ सालको प्रजातन्त्र आगमनको मेनिफेस्टो वा मुखपत्र मान्दछु ।

वर्तमान समयका लेखक, कर्मचारी, बुद्धिजीवी, कथित पेशाका पी.एच.डी डाक्टरहरू यो त्याग गर्न सक्छन् ? यसै निहुँ अर्थात् 'बाघले बच्चा किन खान्छ ?' कविता प्रकाशन र पार्टीका विविध ठाउँमा गएर गरेका भाषणले तीनवटै पेशाबाट मुक्त, घरमा ताला, देश निकालाको दण्ड भोगेका देवकोटाका समकक्षी साहित्यकारहरू जसलाई उनले रूससम्म लगेर कविका आवरणमा नचाए तिनै साहित्यकाहरू देवकोटाका विरुद्धमा उत्रिए ।

यी कुनै वास्तविकता नबुझी त्यस्तै निकम्मा छद्मभेषी साहित्यकारलाई सम्मानका विभूषण र पुरस्कारका पैसाका माला पहिऱ्याउने यस देशका निकम्मा शासक, तिनकै प्रशंसामा समय खर्चेर गुलिया बोलीबोल्दै आफ्ना खल्ती भर्न पल्केका समालोचक, डाक्टरसाबहरूको यो आपराधिक मनस्थितिलाई कुन शब्दका प्रशंसाले सजाऊँ म ?

देवकोटा जीवनयात्राका आफैं सर्वस्वीकार्य निर्णायक थिए । साहित्यिक लेखन कलालाई मूलधारमा राखेर प्रजातान्त्र आगमनको महान् यात्रामा उनी जेसुकै र जतिसुकै कुर्वानी दिनुपरे पनि नहिच्किचाई, विनासर्त, विनाप्रश्न उनी ती अभियानमा समर्पित भएर होमिन्थे । अहिलेका अपवादलाई छाडेर चाटुकार सर्जकहरू/समालोचकहरू कुनै एउटा ताइ न तुइको लेखकलाई धुरोमा चढाएर आफ्ना स्वार्थका दुना सोझ्याउने, कसैले उसको बारेमा माइक्रो विश्लेषणमार्फत उसको सटिक मूल्याङ्कन गरिदियो भने परिवारलाई उचालेर तथानामका खण्डन लेखाउन लगाउने यी छुद्र जमात जो बाँच्दै मरिरहेका छन् तिनकै घेराबद्ध मुट्ठीभर ठूला स्वरले नेपाली साहित्य क्षितिजको एउटा छेउ ओगटेको छ ।

यसबाट गलत बाटामा गइरहेका नेपाली साहित्यिक संस्था सही ठाउँमा त आउँदैनन् तर सही स्रष्टाले यस्ता संस्था र यी मुखुण्डोधारक जमातद्वारा दिइने सम्मन/पुरष्कार तिरष्कार गर्नु नितान्त आवश्यक छ । कतिपयः समालोचक यस्ता पनि देखापरेका छन् ससाना सम्मान/पुरष्कार चाहिँ आफैं त्यसभित्र भएकाले नलिने भन्दै ठूला घोक्रे स्वरले चिच्याउँछन् तर आफैंले राख्न लगाएको र आफैं संस्थाको एक क्षेत्रको नाइके भएर पनि घरभित्र कसैलाई थाहा नदिई आफैं लिने गर्छन् । यो विडम्बनाको गहिराइ बुझ्ने स्रष्टा/ द्रष्टाका लागि त यसको समस्या छैन तर नबुझ्नेहरूलाई यस्तै निकम्मा मुखका गर्जक, प्राप्तिका लुब्धक, जिब्रोमा एक हातमा अर्को वा बोलीमा एक आदर्श व्यवहारमा अर्कै चर्मचक्षुले मात्र देखे पनि घृणा लाग्ने खेलका मुखुण्डाहरू हाम्रा वरिपरि चारैतिर अझ हामीसँगै स्वाउला बनेर सुइरा तेर्सिरहेका छन् ।

अन्य पशुका तुलनामा चितुवा कमजोर भएर नै बढी डुक्रन्छ जङ्गलमा । लक्ष्यभेदन उसको आकाशको तारोमात्र हो । सिंह चाल मार्छ तर उसले आक्रमण गर्नु भनेको साध्यको साधन प्राप्त गर्नु हो । महाकवि लक्ष्मीप्रसाद देवकोटा तत्कालीन समयका त्यस्ता सिंह हुन् जसले आफ्नै अटल स्वाभिमानमा रहेर राणाकै घरमा ट्युसन पढाए, राणा नै सर्वेसर्वा भएको नेपाली भाषानुवाद परिषद्मा तिनै राणा हाकिमहरूलाई पात्र बनाउँदै सुलोचना महाकाव्य तत्काल छोटो समयमा राणाले नै दिएको शीर्षकमा राणालाई नै ठोके । असल मान्छे त्यो हो जसले आफू कञ्चन रहेर आफ्नै घरपरिवारका, आफ्नै वरिपरि रहेका, आफूसँगै बसेर अझ आफैंसँग परे जति काम लिएर आफ्नै वा जनमानसका विरुद्ध छुराको खेल खेल्छन् तिनका विरुद्ध जतिसुकै जोखिम आइपरे पनि भित्रको अपराध निकालेर आगो लगाइदिन्छ । महाकवि लक्ष्मीप्रसाद देवकोटा त्यही जिउँदो साहित्यकार हो जसले जीवनभर स्वार्थको कटौरा बनाएन, भिक्षाको झोली थापेन । देवकोटा त्यस्तो जीवन्त राजनीतिज्ञ हो जो जनमनको विश्वासपात्र भएर हरेक अविश्वस्त राजनीतिक मञ्चमा विश्वासको स्तम्भ भएर उभियो तर कहिल्यै कर्मको सानो श्रमसमेत खोजेन ।मान्छे भएर बाँच्नु छ भने यस्ता जीवन्त उदाहरणका संस्कार/संस्कृति/आनीबानी/व्यवहार र रीतिरिवाजका अन्तर मर्म पचाएर आफूलाई पनि व्यवहारतः यस्तै बनाउने अठोटको आँखोमा उभिने हिम्मत जन्माउन सक्नुपर्दछ ।

बद्रीनाथका तीन पुस्तक

समान ठाउँमा समान छपाइ, समान कागज प्रयोग भएको हुनाले पुस्तकको पार्थक्य केलाउनु आवश्यक भएन । कागज पहेँलो हलुका प्रयोग भएको छ, छपाइ राम्रो छ । कतै अशुद्धिहरू भने भेटिन्छन् । बद्रीनाथ आचार्यको लेखन र लगनशीलताको कदर वर्तमान पुस्ताले गर्नैपर्छ ।

● सुशीला घिमिरे

पुस्तक

जोरपाटी गोकर्णका अर्याल गाउँका बद्रीनाथ आचार्य १९८० सालमा जन्मिनुभएको हो । अहिले उहाँका तीन पुस्तक मेरा हातमा छन् । यी पुस्तक एकसाथ २०६१ सालमा प्रकाशित भएका हुन् अथवा अहिले भन्दा २१ वर्षअघिका पुस्तक हुन् यी । थाहा छैन बद्रीनाथ अहिले हुनुहुन्छ कि हुनुहुन्न ? यदि हुनुहुन्छ भने उहाँ अहिले १०२ वर्षको हुनुहुन्छ । उहाँका पुस्तकहरूमध्ये एउटाको शीर्षक 'देश सन्देश' हो भने अर्को पुस्तकको शीर्षक हो 'मान्छेसँग भित्र पस्न खोज्दा' र तेस्रो पुस्तकको शीर्षक हो 'यस्तै हो' । यीमध्ये 'देश सन्देश' र 'यस्तै हो' काव्य हुन् भने 'मान्छेसँग भित्र पस्न खोज्दा' कवितासङ्ग्रह हो ।

यी तीनवटै पुस्तक सानासाना आकारका छन् । यी स्ट्यान्डर्ड साइज अथवा पकेट साइज भनिने साना साइजमा रचना भएका छन् । यीमध्ये उहाँको कवितासङ्ग्रह 'मान्छेसँग भित्र पस्न खोज्दा' अरूभन्दा अलिक ठूलो छ । यो भूमिका खण्डमा आठ र पाठ्य खण्डमा १३२ गरी जम्मा १४० पृष्ठको छ । यी सबै पुस्तकमा रघुनाथ आचार्य प्रकाशक रहनुभएको छ र सबै यी पुस्तक एक हजारको सङ्ख्यामा छापिएका छन् । सामुदायिक प्रिन्टर्स प्रा.लि.थापाथलीबाट मुद्रण भएका छन् । पुस्तकमा अरुण सिंहको आवरण रहेको पाइन्छ ।

पृष्ठावरणमा फोटोसहित लेखकको चिनारी दिएको छ जसनुसार उहाँ नेपाल सरकारको कर्मचारीका रूपमा ३६ वर्ष सेवा गरेको, शिक्षण पनि गरेको र धार्मिक तथा सामाजिक काम गरेको बताइएको छ । उहाँका आधा दर्जन जति पुस्तकहरू प्रकाशित भएका र केही पुस्तक प्रकाशनको क्रममा रहेका बताइएको छ । सबै पुस्तकमा प्रसिद्ध साहित्यकार घटराज भट्टराईको भूमिका रहेको यस कवितासङ्ग्रहमा १३२ वटा कविता समेटिएका छन् । यी सबै कविताहरू छन्दमा लेखिएका हुनाले उहाँ छन्दकवि भएको कुरा पुष्टि हुन्छ । उहाँका कविताहरूमा धर्म, अध्यात्म, समाज, प्रकृति, राष्ट्रियतालगायत विभिन्न विषय समेटिएको पाइन्छ ।

उहाँका 'देश सन्देश' र 'यस्तै हो' काव्य हुन् । अन्य प्राविधिक पक्षहरू सबै पुस्तकमा समान रहेको पाइन्छ भने पृष्ठावरणको विवरण पनि समान छ । 'देश सन्देश' मा देशको सन्देश झल्किने गरी उहाँद्वारा रचित ३४५ श्लोक समावेश गरिएको पाइन्छ । यसले राष्ट्र र राष्ट्रियतामा जोड दिएको छ । पुस्तकको भूमिका खण्डमा पाँच र पाठ्य खण्डमा ८७ पृष्ठ छन् । यसको आवरणमा नेपालको नक्सा राखिएको छ । यसैगरी उहाँको अर्को पुस्तक हो 'यस्तै हो' । यो शोक काव्यका रूपमा आएको छ । उहाँका स्वर्गीय पुत्र सुशील आचार्यको सम्झनामा उहाँले रचना गर्नुभएको शोक काव्य हो ।

यसका अन्य विवरणहरू अरू पुस्तक

सफलताको पर्याय सामर्थ्य

● डा.नारायणप्रसाद निरौला

सफलताका निम्ति हरेक विषय र क्षेत्रमा समर्थ हुन सक्नुपर्दछ। संसारमा जति पनि देश वा व्यक्ति शक्तिशाली भएका छन् ती सबै स्वकीय सामर्थ्यका बलले नै भएका हुन्। निरन्तर तद् विषयको खोज, अनुसन्धान र प्रयोग सफलताको मूल सूत्र हो। जब व्यक्ति आफ्नै शक्तिमा उभिन सक्छ त्यसपछि मात्र उसका जीवनका नयाँ अध्याय आरम्भ हुन्छन्। अरूको बलमा अडिने व्यक्तिलाई समर्थ भन्न मिल्दैन। जसरी एउटा बिरुवा पनि आफ्नै शक्तिले उम्रिन्छ, बढ्छ, फुल्छ फक्रिन्छ र फल्छ पनि। यदि त्यो विरुवामा सामर्थ्य नहुने हो भने जस्तोसुकै मल हाले पनि त्यसले गति लिन सक्दैन। जीवन चलाउनसक्ने भित्री सामर्थ्य नहुने बिरुवाले औषधिको बलमा बाँचे पनि राम्रो उत्पादन दिन सक्दैन। उन्नतिको पर्याय वा सफलताको मूल कडी भनेको नै आफूभित्र तद् विषयको सामर्थ्योत्पादन हो।

सफलताभित्र स्वकीय सामर्थ्यले नै काम गरेको हुन्छ। त्यही वस्तु खाँदा पचाउने सामर्थ्य भएकाले सहजतः व्यवस्थापन गर्न सक्दछन् भने नसक्नेका निम्ति त्यही रोगको कारक पनि बन्न सक्नेहुन्छ। संसारमा जति पनि शक्तिका पर्याय बनेका छन् सबै स्वकीय सामर्थ्यका बलले नै अडिएका छन्। जति पनि समर्थवान् भएर निरन्तर रहन्छन् ती तद् विषयमा निरन्तर लागि पर्ने नै हुन्छन्। अरूको बलमा अडिन त सकिएला तर टिक्नै निकै गाह्रो पर्छ। यसैले अनुदानमा चल्नु पनि उन्नतिमा बाधक बन्नु हो। यदि स्वकीय सामर्थ्य रहँदैन भने त्यो प्राप्त अर्थशक्ति पनि विस्तारै हराउँदै जान्छ। एक उदाहरणका रूपमा पनि हेर्न सकिन्छ। पैसा हुँदैमा सामर्थ्य आउछ भन्ने हुँदैन। त्यो पुँजीलाई सही परिचालन गर्ने र त्यसबाट पुनः पुँजी उत्पान गर्नसक्ने खुबी नै वास्तवमा सामर्थ्य हो।

कस्तो सामर्थ्य भएका व्यक्तिको हातमा पैसा पर्छ त्यो धन पनि त्यस्तै बन्दै जान्छ। निरन्तर उद्यम गर्ने र धनबाट धन आर्जन गर्ने वृत्ति हुन सकेन भने मान्छे कालान्तरमा शक्तिहीन भएर जने निश्चत हुन्छ। किनकि पैसा खर्च गरेर सक्नु सामर्थ्य उत्पादन गर्नु होइन। त्यो पैसाले पैसा कमाएर खर्च गर्नु त्यो समर्थ व्यक्तिको परिचय हो। आजको हाम्रो परिवेशमा यस्ता विषयवस्तुको खोज अनुसन्धान कम हुन थालेको छ। पैसाबाट पैसाकमाएर मात्र खर्च गर भन्ने वृत्ति विस्तारै हराउँदै गएको पाइन्छ। जसले उद्यमशीलतामा कमी ल्याउँछ र परनिर्भरको बाटोमा अघि बढ्नुपर्ने हुन्छ। आजको विश्वमा शक्तिसम्पन्न देश निरन्तर उद्यमशील भएर नै आर्थिक उन्नति गर्दैछन् भने त्यसलाई वेवास्ता गर्ने सञ्चित पुँजीलाई उडाएर आनन्द लिइरहेका छन्। जसबाट क्रियाशीलता घट्दो क्रममा छ र सामर्थ्यमा क्रमशः ह्रास आइरहेको पाइन्छ। जुनसुकै क्षेत्रमा पनि जो निरन्तर अभ्यस्त हुन्छन् तद् विषयक्षेत्रको अध्ययन अनुसन्धानमा लागिपरिरहन्छन् तिनैले नै त्यस विषय क्षेत्रमा सफलता हात पार्दछन्। एप्पल, माइक्रोसप्ट, गुगललगायत सफल कम्पनीले अध्ययन अनुसन्धानमा कति लगानी गर्दछन् यसबाट पनि जान्न सकिन्छ। आजको उत्पादनले र आजको अनुसन्धानले आजलाई मात्र थेम्न सक्छ। भोलि पुनः भोलिकै स्थितिलाई हेरेर अनुसन्धानमा लाग्नुपर्दछ। जसरी कोडाक कम्पनी हराएर गयो, नोकिया आफ् नो युग देखायो र हरायो पुनः ब्युतिने यत्न गरिरहेको छ। यी सबै विषयवस्तुलाई हेर्दा पनि निरन्तर अभ्यास तद् विषयमा सामर्थ्य उत्पादनका निम्ति अनिवार्य रहेको कुरा पुष्टि हुन्छ।

आजमात्र हेर्नेले आज मात्र सफलता प्राप्त गर्दछन्। जो भोलि पनि देख्न सक्छन् त्यस्ताले निरन्तर सफलता हात पार्ने गर्दछन्। हिजो र आजलाई मात्र हेर्ने व्यक्तिले भोलि बिस्तारै गुमाउँदै जान्छ जसरी नोकियाले गुमायो, कोडाकले गुमायो। किनकि समय परिवर्तनशील छ। समयसँगै मान्छेले नयाँ कुरामा रुचि देखिइरहेका हुन्छन्। त्यही वस्तुलाई पनि भिन्न तरिकाले बुझिरहेका हुन्छन्। उक्त विषय क्षेत्रमा पनि विस्तारै नयाँपन आउँदै गर्दछ। बिस्तारै नयाँ प्रविधि भित्रिँदै गएको हुन्छ। यसैले त भनिएको हो 'नौ दिनमा नौलो, बीस दिनमा बिर्सियो' यो वास्तवमा व्यवहारमा पनि सिद्ध छ। हामी जुन कुराको निरन्तर अभ्यास गर्दछौँ त्यो कुरा निरन्तर ताजा हुँदै जान्छ र त्यो विषयको ज्ञानमा पनि हामी समर्थ हुँदै जान्छौँ।

जब छोड्छौँ त्यसपछि बिस्तारै त्यस ज्ञानले पनि हामीलाई छोड्दै जान्छ। बालीनाली लगाइरहेका खेतबारीमा निरन्तर खेती गर्नु र दश वर्ष बाँजो खेतमा पुनः खेती गर्नुमा निकै अन्तर पर्ने गर्दछ। किनकि त्यो खेतले पनि तदनुकूलको सामर्थ्य गुमाइसकेको हुन्छ। पुनः उही रूपमा आउन निकै मिहिनेत गर्नुपर्ने हुन्छ। यसैले जो जुन क्षेत्रमा निरन्तर लागिपरेका छन्, जुन क्षेत्रको विषयमा अभ्यास गरिरहेका छन् ती नै तद् विषयका समर्थ व्यक्ति हुन् ती नै वास्तवमा विशेषज्ञ हुन्। एक समयमा मात्र तद् विषय पढ्ने र त्यसको अभ्यास नगर्ने व्यक्ति नामको मात्र विशेषज्ञ हुन्। जसबाट तद् विषयको सामर्थ्य प्राप्त हुँदैन।

हाम्रा शिक्षा प्रणालीमा पनि प्रयोगात्मक पक्षको कमी पाइन्छ। निरन्तरको अभ्यासको कमी पाइन्छ। घरको इन्जिनियरलाई घर बनाउन लगाइँदैन र निरन्तर घर बनाएर तद् विषयक ज्ञानमा निरन्तर प्रवृत्त गराइँदैन। जसले गर्दा त्यो ज्ञानले सही ठाउँमा उपयोग हुन पाउँदैन। न त घर नै बलिया हुन्छन् न त इन्जिनियर नै समर्थ हुन पाउँछन्। यो त उदाहरण हो। हरेक विषय र क्षेत्रमा समर्थ व्यक्तित्वको उत्पादन हुनसकिरहेको छैन। हाम्रा शिक्षा प्रणाली औपचारिकतामा मात्र सीमित भएको पाइन्छ। व्यवहारपक्ष निकै कमजोर छ। पढ्ने र पढिदिने बीचको अन्तरले यी कार्य भएको पाइन्छ। पढिदिने प्रवृत्तिले समर्थ व्यक्तित्व निर्माण हुनसक्दैन।

विकासको मूल प्रवाहमा अघि बढ्न तद् विषयमा निरन्तर लाग्नु नै पर्दछ। आजले भोलिलाई धान्न सक्दैन। यसैले निरन्तरता सधैँ हुनुपर्दछ। समर्थ देशका निम्ति पनि अध्ययन अनुसन्धान र प्रयोग तीन पक्ष निरन्तर अभ्यस्त हुनुपर्दछ। हरेकमा सकारात्मक र नकारात्मक दुबै पक्ष हुन्छन्। नकारात्मक पक्षलाई त्यागेर सकारात्मक पक्ष अवलम्बन गर्नेले नै संसारमा उन्नतिको शिखर चुम्छन्। नीरक्षीर विवेक हरेकमा आवश्यक हुन्छ। निरन्तरको प्रयास नै सफलताको सूत्र हो। उद्यम नै कार्यसिद्धिको आधार हो। यस्ता कार्यमा प्रवृत्त हुने देश वा व्यक्तिले नै सफलता हासिल गरिरहका छन्। यो हिजोको इतिहासबाट पनि जान्न सकिन्छ। आजका शक्तिसम्पन्न देशका इतिहासले पनि यही कुरा दर्शाएका छन्। यसैले सफल हुन तद् विषयमा समर्थ हुनुपर्दछ। यही नै उन्नतिको आधार पनि हो।

कविता

चेतन अवचेतन मन

● कृष्ण भुसाल

मन्दिरसम्म डोऱ्याउने
सुरालयसम्म पुऱ्याउने
जीवनलाई पल पलमा
अभिलाषाको दाश बनाउने
शक्तिको चाश्नीमा डुबाएर
प्रश्नका चक्रव्यूहमा फसाउने
शून्यबाट जीवनलाई उठाएर
अनन्तको गहिराइमा बुझाउने
समष्टिमा कारक मनै त हो
सृष्टिदेखि संहारसम्मको
सांसारिक रथ चलाउने ॥१॥
जन्मनु सृष्टि हो,
जीवन विरोधाभासको सागर हो
इच्छा, तृष्णा त्यसको बन्धन हो
चेतना सन्तुलनको साँचो हो
बिना समायोजनको जीवन
आफैंमा बोझिल र निस्सार हो
शून्य र अनन्त मिलनको
मृगतृष्णामा दौडाउने
आखिरमा केबल यही मन न हो ॥ २॥
मन अगाध भक्तिले
आकाशमा देवता खोज्छ
तर, आफ्नै चेतनाभित्रको
सत्यरूपी देवता चिन्दैन
आस्थाले पूज्छ ढुङ्गालाई,
तर आफूभित्रको कठोर
अहङ्काररूपी शत्रु चिन्दैन
बरु भ्रमै भ्रममा रमाउँछ मन
तर आफूलाई चिन्न आफै सक्तैन ॥३॥
यो मन
कर्म गर्न प्रेरित गर्छ आफैँ
फल प्राप्तीको लालसामा
फल पाए त्यसमा दोष देख्छ,
नपाए भाग्यलाई गाली गर्छ
बुझी नबुझी बुझ पचाउँछ
कर्म र चेतनाको अन्तर्सम्बन्धलाई
दिशा विहीन बनाउन खोज्छ
कर्म नै चेतनाको पहिलो उपज हो
सास्वतलाई दिग्भ्रमित पार्न खोज्छ ॥ ४॥
ज्ञान खोज्छ ग्रन्थमा,
शक्ति खोज्छ तन्त्रमा
मुक्ति खोज्छ मन्त्रमा,
तर बिर्सन्छ करुणालाई
विलोपित हुन्छ मानवता
दैनिक व्यवहारमा
बोल्छ उच्च आदर्श दर्शनमा
अनि उत्प्रेरित गर्छ बाच्न द्वैधतामा
अन्ततः मन आफैं उद्वेलित हुन्छ
यो सब गर्ने गराउनेमा ॥ ५॥
जीवन न स्वर्गकाङ्क्षी हो,
न त नर्ककाङ्क्षी नै हो
जीवन त केवल
आस्था, अवस्थाको निरन्तता हो
मनले जस्तो कर्ममा ढाल्छ,
त्यसैमा भविष्यको निरन्तरता हुन्छ
संसार बनाउने र भत्काउने
यही सत्ता बोकेको
आखिरमा केवल मनै न हुन्छ ॥६॥
कुनै गन्तव्यमा पनि
कही कतै पूर्णता पाइदैन
यो त केवल जीवनका
क्रम उपक्रमको निरन्तरता हो।
हरेक पतन पछिको
उठ्ने सम्भावनाको द्योतक हो,
हरेक उठाइ पछि चुक्ने
भविष्यका लागि मात्र चेतावनी हो।
यस चक्रलाई आत्मशात गर्नु नै
मनले खोज्ने
परिपक्व चेतनाको विलक्षण प्राप्ती हो ॥७॥
अन्त्यमा
मन्दिर डोऱ्याउने पनि यही मन,
मदिरालय पुऱ्याउने पनि यही मन।
मन्दिरमा घण्टी बजाउँदा
शान्ति दिने पनि यही मन
सुरालयमा गिलास उठाउँदा
भ्रान्ति छर्ने पनि यही मन
आखिर मन त यही हो
शान्ति र भ्रान्ति बीचको
सूक्ष्म तन्तु पनि नचिन्ने मन ॥८॥

सङ्घर्षमय जागिर

● इ.गणेश वस्ती

संस्मरण :

१. **प्रारब्ध**

जागिर मैले विसं.२०४० को चैतबाट नै गर्न थालेको हुँ। परन्तु, त्यो निजामती सेवा भने थिएन। दश कक्षाको परीक्षामा प्रथम भएको र घरको आर्थिक अवस्था पनि नाजुक भएकोले तत्कालीन जन ज्योति माध्यमिक विद्यालय, प्रगतिनगर, नवलपरासीका प्रधानाध्यापक समादरणीय गुरु दशरथ तिवारीले मलाई उक्त अवसर प्रदान गर्नुभएको थियो। त्यस बेला मैले उक्त विद्यालयमा एसएलसीको नतिजा नआउन्जेल २०४१ को असारसम्म गणित विषय अध्यापन गरेँ। एसएलसी उत्तीर्ण भएपछि ट्युशन खुब पढाएँ। क्याम्पस पढ्दा आम्दानीको स्रोत यही भएकाले मेरो जागिर तत्काल यही नै भयो। म आउनु अगाडिदेखि नै विष्णु दाइ काठमाडौंमा ट्युशन पढाउँदै आइएस्सी अध्ययन गरिरहेकाले मलाई ट्युशन पाउन सजिलो भएको थियो। काठमाडौंका गल्ली-गल्लीमा साइकल लिएर दिनहुँ कुर्दै।

प्रवीणता प्रमाणपत्र तहको परीक्षा दिएपछि जुम्लाको कर्णाली प्राविधिक शिक्षालयमा प्रशिक्षक भएर सात-आठ महिना काम गरेँ। जुम्लाको चिसोले साह्रै सताएकाले त्यहाँ बस्न सकिनँ र उक्त जागिरबाट राजिनामा दिएर काठमाडौं आएँ। तात्कालिक आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाको महाराजगञ्जस्थित कार्यालयबाट सिभिल ओभरसियरको पदमा नियुक्ति लिएर कास्की जिल्लाभित्र विद्यालय निर्माण तथा मर्मतसम्भार कार्यका लागि खटिएँ। मेरो त्यसपछि धनकुटा सरुवा भयो।

अधिकृतले सुब्बास्तरका कर्मचारीलाई खुब हेप्थे। यसैबाट प्रेरित भएर शैक्षिक योग्यता पनि बढाउनुपर्ने महसुस भई बि.ई.प्रवेश परीक्षाको तयारी पनि तत्क्षण समानान्तर रूपमा गर्दै आएको थिएँ। परिणामस्वरूप विसं २०४५ को आश्विनमा इन्जिनियरिङ क्याम्पस पुल्चोकमा बि.ई.भर्ना भई अध्ययन गर्ने अवसर प्राप्त गर्न सकेँ। उही प्रवीणता प्रमाण पत्र तहकै शैलीमा बि.ई.पढ्दा पनि ट्युशन खुब पढाएँ। पछि, भाइहरू पनि उच्च शिक्षा अध्ययनका लागि क्रमशः काठमाडौं आएकाले एक-आपसमा सहयोग भएको थियो। बि.ई.पढ्दा जेहेन्दार विद्यार्थीलाई प्राप्त हुने छात्रवृत्तिको रकम प्राप्त गर्न सकेकाले थोरै नै भए तापनि त्यसबाट ठूलो राहत मिलेको थियो।

नियमित विद्यार्थीको हैसियतमा विसं.२०५० को असार महिनामा बि.ई.उत्तीर्ण भएँ। त्यसपछि पनि इन्जिनियरको जागिर पाउन धेरै नै गाह्रो भयो। ट्युशन पढाउने कामलाई जागिर नपाउन्जेल जारी नै राखेँ। केही महिना ओभरसियरको पदमा जागिर गरेपछि करारमा इन्जिनियरको जागिर केशरमहलस्थित तत्कालीन आधार भूत तथा प्राथमिक शिक्षा परियोजनामा बडो मुस्किलले मिल्यो। काम गर्दै जाँदा करारको जागिर गर्नेलाई स्थायीले हेपेको सहन निकै गाह्रो भयो। अनि लोकसेवा आयोगको तयारी गर्न यसैबाट प्रेरित भएँ। जागिर गर्दै लोकसेवाको तयारी गर्न पनि सजिलो भने थिएन।

२०५२ सालमा लोकसेवाले धेरै संख्या र पदमा सिभिल इन्जिनियरको माग गर्दै विज्ञापन गरेको थियो। उक्त सालको सुरुका विज्ञापनहरूमा मैले नाम निकाल्न नसके तापनि सोही सालको पछिल्लो विज्ञापनमा भने मेरो नाम निस्कियो। यसरी नाम निस्कँदा खुशीको कुनै सीमा रहेन। यस उपलब्धिमा काठमाडौंको सडकमा ट्याक्सी चढेर एकाध घण्टा घुम्दै खुशीयाली मनाएको पनि थिएँ। इन्जिनियर पदमा पदस्थापना भएर तत्कालीन जिल्ला विकास समितिको कार्यालय बेनी, म्याग्दी गएँ। यतिखेरसम्म मेरो विवाह भएर दुई जना छोराछोरीको जन्म भइसकेको थियो। पदोन्नतिका लागि निजामती सेवा ऐन, नियमावलीको प्रावधान हेर्नुपर्ने रहेछ, यी व्यवस्थालाई त्यसबेला पढिएन, भनिदिने पनि कोही भएनन्। परिवारको अभिभारासमेत पूरा गर्दै अगाडि बढ्नुपर्ने भएकोले तत्कालै स्नातकोत्तर अध्ययन गर्ने योजना बनेन।

पछि जिल्ला विकास समितिको कार्यालय म्याग्दीबाट क्रमशः पर्वत, इलाम र झापा सरुवा भयो। जहाँ गए पनि देशभक्ति भावले ओतप्रोत भएर काम गरेँ। गरिब मानिसलाई भेट्दा आफूले सानोमा हुर्कंदा, पढ्दा पाएको दुःखको याद आउँथ्यो र उनीहरूका काम सहज रूपमा छिटोछिटो गरिदिन पाए हुनेजस्तो लाग्छ। नहुने कामलाई के-कति कारणले नहुने हो सिधा बुझिने गरी भनिदिनुपर्छ र उनीहरूका सरोकारका काम कहाँबाट के कसरी हुन्छ भन्ने कुरासमेत सरल र स्पष्टरूपमा भनिदिनु आफ्नो कर्तव्य हो जस्तो लाग्छ।

निजामती सेवामा सरुवामा हुने विभेदलाई राम्रोसँग बुझ्दै गएँ। आफ्ना मान्छे नहुनेको भनसुन पुग्दैनथ्यो र छनौटोमा उसको सरुवा हुन्थ्यो। मेरो सरुवामा पनि त्यस्तै भएको थियो। राजनीति र प्रशासन दुबैतर्फ उच्च तहमा मेरा आफ्ना कोही मान्छे थिएनन् र मैले काठमाडौं वरपर सरुवा माग्दा कहिल्यै पाइनँ। प्रायः अरूले छोडेको ठाउँमा नै मेरो सरुवा हुन्थ्यो, जति मिलाउन खोजे पनि सक्ने थिइनँ र अन्तिममा म त्यतै जान्थेँ।

स्नातकोत्तर नगरी पदोन्नति हुन नसकिने कुरा ढिलो गरी थाहा पाएँ। ढिलै भए पनि विसं.२०६० मा सिभिल इन्जिनियरिङमा स्नातकोत्तरका लागि बेल्जियम जान सकेँ। त्यहाँबाट स्नातकोत्तर गरेर आई परिमार्जित दृष्टिकोणका साथ ऊर्जाशील भएर नेपाललाई पनि युरोप, अमेरिका जस्तै बनाउनुपर्छ, गरे के हुँदैन ? भन्ने सोच्थेँ र त्यसैगरी काम गर्ने जोस जाँगर पनि आउँथ्यो तर गर्न सकिने अवस्था भने खासै हुने थिएन। यहाँको वातावरण नै विकासका लागि सकारात्मक थिएन, जो अद्यापि त्यस्तै छ।

२. **मध्यावधि**

जागिर खाएपछि एउटै पदमा लामो समय बस्दा दिक्दारी हुने रहेछ। क्याम्पसमा पढ्दाखेरिका समकालीन साथीहरू पदोन्नति भएर सिनियर डिभिजनल इन्जिनियर पदमा पुगिसकेका थिए। आफू भने इन्जिनियर पदमा नै रहँदा कस्तो, कस्तो लाग्ने गर्थ्यो। यसैले झक्झक्याएर त्यसपछि भने पदोन्नतिको कानुनी प्रावधान सबै बुझ्न थालेँ। फाइल बढुवामा मेरो पालो आउन धेरै समय लाग्ने भएकोले आन्तिरक प्रतियोगिता र खुल्लातर्फको परीक्षामार्फत् पदोन्नति हुने योजना बनाएँ र लोकसेवाको परीक्षाबाट म विसं २०६६ मा स्यानिटरी उप-समूहको सिनियर डिभिजनल इन्जिनियर पदमा पदोन्नति हुन सकेँ।

त्यसपछि मेरो पोस्टिङ तत्कालीन खानेपानी तथा ढल निकास विभागमा भयो। परन्तु, उक्त विभागले पनि मलाई एघार महिनासम्म कुनै जिम्मेवारी नदिएर पुल दरबन्दी नै राख्यो। पोस्टिङ गर्नका लागि भनसुन, आफ्नो मान्छे आदि विभिन्न तरिकाले सचिव, महानिर्देशकलाई प्रभावित गर्नुपर्ने रहेछ, जो गर्न म सक्ने थिइनँ। मसँग भएको इमान्दारिता र लगनशीलताको यिनीहरूलाई खाँचो हुने रहेनछ। मेरोमात्र यस्तो कथा होइन, म जस्तै भनसुन गरी प्रभाव पार्न नसक्ने थुप्रै इमानदार कर्मचारी मित्रहरूको यहाँ स्थिति यस्तै दयनीय छ।

बडो मुस्किलले एघार महिनापछि मेरो पदस्थापना खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय स्याङ्जामा भयो। यसरी पोस्टिङ हुँदा पनि मलाई बाघ मारेको जस्तो अनुभूति भएको थियो, बिछट्टै खुशी भएको थिएँ। स्याङ् जापछि मेरो सरुवा क्रमशः खानेपानी तथा सरसफाइका इलाम र नुवाकोटस्थित कार्यालयहरूमा भयो। तत्कालीन खानेपानी तथा ढल निकास विभागका महानिर्देशकले मेरो सरुवा नुवाकोट गरिदिँदा मलाई मेरा पनि आफ्ना मान्छे छन् कि क्या हो ! झैँ लागेको थियो। काठमाडौंदेखि नजिक रहेर कार्यालयीय काम गर्दा हुने नयाँ अनुभूति त्यसबेला सङ्ग्रह गर्न पाएँ। क्रमशः

एउटा गर्विलो कलम

● विमल भौकाजी

मान्छे कति सन्तुष्टिमा बाँचिरहेको छ भन्ने तथ्य उसको मानसिक स्थितिमा भर पर्छ। जसको मानसिक स्थिति सही छ भने ऊ सन्तुष्टिमा छ भन्ने सहजै बुझ्न सकिन्छ। तर, जो तनाबमा बाँचेको हुन्छ उसको असन्तुष्टि उसैको व्यवहार-चरित्रमा झल्कन्छ। सामान्यतः गीत-सङ् गीतमा रमाउनेहरू जीवनमा बढी सन्तुष्ट रहेका हुन्छन्। त्यो यस आधारमा पनि भन्न सकिन्छ कि कुनै सङ्गीत-अनुरागीभित्र कुनै किसिमको असन्तुष्टि छ भने उसले गीत लेखेर वा गाएर, सङ्गीत बजाएर वा त्यतिसम्म नभए गीत सुनेरै वा पढेरै भए पनि आफूलाई शान्त गर्न सक्छ। यहाँ प्रसङ्ग छ एक गीतकार र उनको गीतको।

व्यावहारिक रूपले नेपालको गौरवपूर्ण संस्था प्रहरी प्रशासनमा तीन दशकभन्दा बढीको समय बिताएका नारायणकुमार आचार्यको मानसिक पक्ष भने सदैव गीतसङ् गीततर्फ आकर्षित रह्यो। समयको हिसाबले हेर्ने हो भने विसं.२०३० सालमा जागिरमा प्रवेश गरेका आचार्यले लगभग समयमा अर्थात् त्यही दशकको मध्य समयमा पहिलो गीत लेखेर रेकर्ड गराएका थिए।

'हजार चोटी जन्मूँला हजार दुःख सहूँला
तिमीलाई पाउन तिमीलाई रिझाउन...'

सङ्गीतकार दीपक जङ्गमको गरेको सङ्गीतमा गायिका तारा थापाले २०३५ सालमा गाएको यो गीत तत्कालीन समयमा अत्यन्तै लोकप्रिय बनेको थियो। गीतमा अङ्कित शब्दहरूले-प्रेमजत्तिको चोखो दुनियाँमा अर्को कुनै विषय-वस्तु छैन भन्ने तथ्यलाई प्रमाणित गरेको छ। वास्तवमा, गीत लेख्नेहरू कवि-वर्गका मान्छे हुन्। यस दृष्टिकोणले हेर्दा उनीहरू संवेदनशील हुन्छन्। जीवनमा भोगिने कुनै पनि प्रकारका साना-ठूला भोगाइले अन्यलाई भन्दा तिनलाई चाँडो छोइहाल्छ। यस्तो परिस्थितिमा प्रेमजस्तो कोमल विषयले गीतकारलाई नछुने कुरै भएन। त्यही साल सङ्गीतकार कृष्ण उदासले सङ् गीतबद्ध गरेर ओमविक्रम विष्टको आवाजमा उनको दोस्रो गीत रेकर्ड भयो।

'बदनाम भई नजाऊँ तिम्रो मुस्कानमा
म कहीँ हराई नजाऊँ तिम्रो प्यारमा...'

प्रेममा कति समर्पित छन् गीतकार आचार्य ! उसबेला उत्तिकै लोकप्रिय भएको यो गीतका शब्दहरूले प्यारका अलावा दुनियाँमा अर्थोक केही छैन भन्ने आभास दिलाउँछ। आफ्ना प्रियतमाको मुस्कानका अगाडि दुनियाँका सब थोक फिक्का ! चाहे जतिसुकै बदनामी खेप्नु किन नपरोस्, कलङ् कको जत्रोसुकै भारी बोक्न किन नपरोस्, आफ्नो मनपरेको मान्छेको एक मुस्कानका लागि म जेसुकै त्याग गर्न तयार छु भन्ने भाव यो गीतले पोखेको छ। एउटा प्रेमीको आफ्



व्यक्ति/व्यक्तित्व

नी प्रेमिकाप्रतिको आसक्तिको सशक्त उदाहरण हो यो गीत। प्रेमप्रतिको समर्पणका कतिपय उदाहरणहरू यस्ता छन् जो युगौंअघिदेखि हाम्रो समाजमा स्थापित भएर रहेका छन्। जस्तो कि लैला-मजनु, हीरा-राँझा जस्ता प्रेम-पात्रहरूको प्रेमलाई अनुसरण गरेर कति प्रेमी-प्रेमिकाको प्रेमका उदाहरणहरू यहाँ प्रशस्त पाइन्छ। नाट्य सम्राट बालकृष्ण समले कल्पना गरेरै पनि यथार्थमा आधारित 'प्रेमपिण्ड'जस्तो प्रेम-विषयक सशक्त नाटक लेखे। महाकवि देवकोटाले 'मुनामदन' लेखे भने राष्ट्रकवि माधव घिमिरेले त्यस्तै प्रेमकथामा आधारित 'मालती मङ्गले' लेखे।

वास्तवमा प्रेम एउटा जीवन्त विषय हो। प्रेमकै कारण दुनियाँ जीवित छ। र, यो दुनियाँ त्यतिबेलासम्म चलिरहन्छ जबसम्म प्रेम रहिरहन्छ। कल्पना गरौँ त, दुनियाँ प्रेमको सन्दर्भ नहुने हो भने कति कुरूप हुन्थ्यो होला यो दुनियाँको रूप ? प्रेम छ र'त दुनियाँ साँच्चैको दुनियाँजस्तो छ। यस अर्थमा, दुनियाँलाई यस्तै दुनियाँ बनाई राख्न प्रेमका अक्षरहरूले प्रेमका शब्दहरूले ठूलो भूमिका खेलेका छन्, खेलिरहेका छन्। वास्तवमै प्रेमका भोगीहरू जहाँतहीँ प्रेम नै प्रेम नै देख्छन्। यस्तोमा गीतकार नारायणकुमार आचार्यका आँखा किन अछूतो रहन्थ्यो ! उनी अरूका आँखामा पनि प्रेम नै देख्छन्, त्यहाँ प्रेमले परिपूर्ण अनुहार देख्छन्। ठोकुवाका साथ भन्न सकिन्छ- त्यो देखाइ मूलतः कुनै युवतीतर्फ लक्षित छ :

'त्यो नजरको बयान म गरूँ कसरी
त्यो अधरको मुस्कान म बिर्सूँ कसरी...'

विसं २०४४ मा मुरलीधरले सङ्गीत गरेर स्वयम् उनैले गाएको यो गीतले एक ताका लोकप्रियताको शिखर चुमेको थियो। यो गीतको गहिराइ हेर्ने हो भने प्रेममा निर्लिप्त भइसकेपछि प्रेमको अलावा अन्य केही पनि देखिँदैन भन्ने भाव बुझाउँछ। जस्तो कि भनिन्छ नै- फूलका आँखामा फूलै संसार। यद्यपि, फूलको आँखाले हेर्दैमा सबै थोक फूल हुँदैनन्। सत्य त जे हो त्यही नै रहन्छ, केवल हेर्नेले आफ्नो मनमाफिक देख्ने हो। यहाँ गीतकार आचार्य प्रेमका आँखाले कुनै युवतीका आँखाको गुणगान गाएका छन्।

तिनका आँखाको बारेमा सम्बोधन गर्ने शब्दहरू नै कुनै छैनन् उनीसँग। जसका आँखाका कुरा गर्दै छन् उनी ती आँखा शब्दहरूभन्दा निकै प...र छन्, मा...थि छन्। त्यतिमात्रै होइन, तिनको ओठको मुस्कानप्रति पनि त्यत्तिकै सम्मोहित छन् गीतकार। जब मुस्काइन् उनी, त्यो मुस्कान कति प्रभावकारी ! कति प्रेरणादायी ! त्यही एक मुस्कानले नै एक संवेदशील कविलाई सिङ्गै गीत लेख्न अभिप्रेरित तुल्यायो। ओहो, कति ठूलो शक्ति-एउटा मुस्कानको ! यस गीतभन्दा अघि, २०४० सालमै आचार्यले लेखेर उदितनारायण झाको स्वरमा दीपक जङ्गमले सङ्गीत गरेको अर्को यो गीत पनि लोकप्रिय बनिसकेको थियो-

'तिमीलाई सुनाखरी भनेर बोलाऊँ कि
तिमीलाई गुराँसको नाउँले सजाऊँ कि !...'

यसै प्रकार, त्यही वर्ष शम्भुजित बास्कोटाको सङ् गीतमा सुनील ज्ञवालीको स्वरमा रेकर्ड भएको यो गीत पनि लोकप्रिय बनेको थियो-

'उधारो जीवनको भरोसा के छ
लक्ष्यविहीन चङ्गासरि छ...'

यसरी, कैयन् लोकप्रिय गीतहरूका सर्जक-नारायणकुमार आचार्य, जसको कलम गीति-लेखनको लागि त्यसमा पनि खास गरेर प्रेम-भावमा गहिरोसँग डुबेर चल्न सुरु भएको थियो, आज झण्डै ५० वर्षसम्म पनि त्यो कलम निरन्तर चलिरहेको छ। नेपाली साङ्गीतिक साहित्यको क्षेत्रमा गर्व थप्नेत्यो कलमलाई शुभकामना !!

bimalbhaukajee@hotmail.com

'मलाई खोया ठेडी लगाइदिनु'

● सुरेशकुमार भट्ट

धेरै वर्षअगाडिको कुरा हो। पश्चिममा देउली भन्ने एउटा ठूलो गाउँ थियो। त्यस गाउँमा सबै जाति मिलेर बसेका थिए। गाउँघरमा पुग नपुग दुःखसुखमा ऐँचोपैँचो ऋण उधार गर्ने चलन थियो। ऋण लिनु पनि पर्ने जोगिनु पनि पर्ने अचम्मको गाउँ थियो देउली गाउँ। गाउँको नाम पनि त्यस्तै खतराबाटै जुरेको रहेछ। घरमा बुढाबुढी बस्नै पर्ने तर जोगिनु पनि पर्ने। त्यसो भएर घरबाट बाहिर जाने बेलामा आमालाई छोरा-नातिहरूले कसैले यहाँ साक्षी बसिदिनु सहीछाप गरिदिनु भनेर ल्याए भने गरिदेउली नि नगर्नु है हुँदैन सुन्यौ होइन फेरि गर्देउली नि नगर्नु है नगर्नु। यसरी देउली शब्दले देउली भनेर ठट्टा गर्थे रे वरपरका गाउँले। हुँदाहुँदै गाउँको नामै देउली हुन गयो। साँच्चै बुढाबुढी आँखा नदेख्ने अक्षर नचिन्नेलाई त कति खेर झुक्याएर फसाउने हुन् पत्तै नहुने हुनाले देउली गाउँ नम्बर एक फटाहामा गनिएको थियो।

कोही बल्लोपल्लो गाउँबाट बिहान वा बेलुकीमा देउली गाउँ आए भने विचित्रको तमासा देखिन्थ्यो। बेलुकी भात खाएपछि १६ वर्षमाथिका लोग्नेछोरा होस् वा आइमाई बाहिर सुत्ने सबैले आफ् नो दुबै हातको बुढी औंलामा काम्रो बाँधेर पनि ओड्नेभित्र हात लुकाएर चेपेर सुत्नुपर्थ्यो। यदि त्यसो गरिएन भने रातमा निदाइरहेको बेलामा आएर कागतमा सहीछाप लाइदिइहाल्ने हुनाले बहुतै गाह्रो थियो जोगिन। बिहान त्यसरी बाँधेर सुतेको जस्ताको तस्तो छ कि छैन जाँचबुझ गर्नुपर्थ्यो। त्यतिखेर अर्को गाउँबाट आउनेले देख्दा एउटा विचित्र अचम्म लाग्दथ्यो। बुढाबुढीको नाममा प्राय जग्गा हुने भएकोले बुढी औंला जोगाउन अति नै गाह्रो थियो। फटाहाहरूले त्यतिखेरै त्यो राजिनामाको वा बन्धकी वा दृष्टिबन्धकको वा हदमुनिको राजीनामाको कागत नदेखाउने त्यो सहीछाप गर्ने बाउआमा मरेपछि त्यो कागत देखाउने र हडप्ने।

कतिसम्म भने कागतमा झुक्याएर सहीछाप गर्नेले मर्ने बेलामा छोरानाति राखेर गोप्य रूपमा भन्थे गर्थे। हेर बाबु दुःख पायौँ भने त्यो फलानाको घरबारी मेरो नाममा लिखत छ, कब्जा गरेर खानु भनेर कागत देखाइदिएर मर्ने गर्थे। विचरा बुढाबुढीको हात कुन जाडो कुन गर्मी। एकै नास खोकिलामा राखी हिँड्नुपर्ने। उस्तै एकान्त परे दुई जना मिलेर हात तानेर कागतमा सहीछाप ठोकिदिने र आपस्तमा मिलेर कब्जा जमाउने। विशेष गरेर अन

पर्यटन विकासमा सरकार र सरोकारवालाको संयुक्त प्रयास आवश्यक छ : कृष्णकुमार मगर

इन्टरनेसनल माउण्टेन लिडरले परिचित हुनुहुन्छ कृष्णकुमार मगर। उहाँको जन्म र बाल्यकाल दोलखाको जिरीमा बितेको थियो। सगरमाथाको मूलद्वार मानिने जिरीमै हुर्किनुभएका उहाँ सानैदेखि पर्यटनतर्फ आकर्षित हुनुभयो। कक्षा ८ सम्म जिरी र त्यसपछि काठमाडौंमा अध्ययन गर्नुभएका उहाँले माध्यमिक तह पढ्दै गर्दा नै पर्यटन क्षेत्रमा पाइला टेक्नुभएको थियो। आर्थिक अभाव र लाहुरे बन्ने प्रयास असफल भएपछि उहाँले ट्रेकिङ रोज्नुभयो। सुरुवातमा ५०-५५ किलोसम्म भारी बोकेर भरियाका रूपमा काम गर्नुभएका उहाँलाई यसले शारीरिक र मानसिकरूपमा अझ बलियो बनायो। यही संघर्षले आज उहाँलाई गाइड, प्रशिक्षक र ट्रेकिङ कम्पनी सञ्चालकसम्मको यात्रामा पुऱ्याएको छ। नेपाल र फ्रान्सबाट माउण्टेन लिडरको डिप्लोमा हासिल गर्नुभएका मगर आफू नेपालकै पहिलो इन्टरनेसनल माउण्टेन लिडर हुन सक्ने दाबी गर्नुहुन्छ। उहाँले लोबुचे पिक, आइल्याण्ड पिक र सगरमाथासहित विभिन्न हिमाल तथा पिकहरूको सफल आरोहण गर्नुभएको छ। हाल उहाँ गाइडिङ, आरोहण र प्रशिक्षण कार्यमा सक्रिय हुनुहुन्छ भने मनास्लु र अमादब्लम आरोहणको योजना बनाइरहेको बताउनुहुन्छ। नेपालमा अझै धेरै ट्रेकिङ ट्रेल र पिक प्रवर्द्धन हुन बाँकी रहेको बताउनुहुन्छ। पर्यटन विकासमा सरकार र सरोकारवालाको संयुक्त प्रयास आवश्यक रहेको धारणा राख्नुहुने कृष्णकुमार मगरसँग हिमालय टाइम्सका लागि गीता अधिकारीले गर्नुभएको संवादको संक्षिप्त अंश:-

■ **अहिले केमा व्यस्त हुनुहुन्छ ?**

अहिले नेपालमा पर्यटकहरूको अफ-सिजन रहेकाले म व्यक्तिगतरूपमा नेपालका विभिन्न हिमाली क्षेत्रहरूमा हुने ट्रेकिङ तथा पर्वतारोहणको व्यापक प्रचार-प्रसारमा सक्रिय छु। साथै, मसँग नेपाल आउन इच्छुक पर्यटकहरूलाई नेपाल र उनीहरू घुम्न चाहने क्षेत्रसम्बन्धी आवश्यक जानकारी प्रदान गर्दै छु। म नेपाल पर्वतीय लिडर संघको तालिम समितिमा पनि आबद्ध रहेकाले समितिका साथीहरूसँग मिलेर आगामी दिनहरूमा सञ्चालन हुने तालिमहरूको वार्षिक कार्यतालिका तयार गर्ने तथा सुरक्षित र दिगो पर्वतीय पर्यटनको विकासमा सक्रियरूपमा लागिरहेको छु।

■ **नेपालको पहिलो माउण्टेन लिडर हुँदा कस्तो अनुभव हुँदोरहेछ ?**

नेपालको पहिलो युआइएमएल प्रमाणित माउण्टेन लिडर बन्नुलाई म व्यक्तिगत उपलब्धिभन्दा पनि नेपालको पर्वतीय पर्यटन क्षेत्र र सम्पूर्ण नेपाली ट्रेकिङ गाइड, माउण्टेन लिडर समुदायको ठूलो उपलब्धिका रूपमा हेर्छु। यस उपलब्धिले मलाई गर्व दिलाएको छ भने त्यससँगै अझ ठूलो जिम्मेवारी पनि महसुस गराएको छ।

■ **तपाईंले कहाँ लिनुभयो ट्रेनिङ ?**

मैले युआइएमएल मान्यता प्राप्त अन्तर्राष्ट्रिय माउण्टेन लिडर तालिम नेपाल र युरोपको फ्रान्समा विभिन्न चरणमा पूरा गरेको हुँ। सन् २०१८ मा नेपालमै आवश्यक तालिम पूरा गरी प्रशिक्षक भइसकेको थिएँ। फ्रान्समा पनि निरन्तररूपमा तालिम लिँदै आएको थिएँ। यही निरन्तर तालिम, अभ्यास र मूल्यांकनको परिणामस्वरूप सन् २०२१ मा मैले युआइएमएल प्रमाणित अन्तर्राष्ट्रिय माउण्टेन लिडरको प्रमाणपत्र प्राप्त गर्न सफल भएँ।

■ **के-कस्ता चुनौती सामना गर्नुभयो ?**

जति बेला मैले माउण्टेन लिडर तालिम सुरु गरेँ, त्यतिबेला धेरै खालका चुनौतीहरू सामना गर्नुपरेको थियो। मुख्यरूपमा आर्थिक कठिनाइ, तालिममा पहुँचको अभाव र सीमित अवसरहरू थिए। त्यससँगै फ्रान्समा तालिम लिन जाँदा भिसा प्रक्रिया, भाषा समस्या, खानपानको फरकपन र पूर्णरूपमा नौलो वातावरणमा घुलमिल हुनुपर्ने चुनौतीहरू पनि प्रमुखरूपमा रहेका थिए।

■ **अहिले नेपाल आउने पर्यटकको अवस्था कस्तो छ, जस्तो बढेको, घटेको अथवा ठीकै छ ?**

भूकम्प र कोभिड-१९ पछि नेपालमा पर्यटकहरूको आगमन क्रमशः बढ्दै गएको अवस्था थियो। गत भदौ महिनामा भ्रष्टाचार र बेथितिविरुद्ध जेन-जी (युवा) पुस्ताले गरेको आन्दोलनका कारण पर्यटक आगमनमा केही असर परेको देखियो। तर, समग्र अवस्था हेर्दा आगामी सिजनमा पर्यटकहरूको संख्या फेरि बढ्ने संकेत देखिन्छ। यद्यपि, फागुन महिनामा हुने निर्वाचनले पर्यटन क्षेत्रमा कस्तो प्रभाव पार्छ भन्ने विषयमा अहिले नै निश्चितरूपमा भन्न भने सकिने अवस्था छैन।

■ **तपाईं मगर समुदायको मान्छे, प्रायः यो फिल्डमा भनेको शेर्पा समुदायका मान्छेहरू धेरै आउनुभएको छ, सुरुमा के-कस्ता अप्ठ्यारा अथवा साह्रोगाह्रो फेस गर्नुभयो ?**

यो पेशामा प्रवेश गर्न मैले निकै चुनौतीहरू सामना गर्नुपऱ्यो र निरन्तर मिहिनेत गर्नुपऱ्यो। म मगर समुदायबाट आएको व्यक्ति भएकाले त्यस समय मगर, गुरुङ र राई समुदायका धेरैजसो युवाहरू लाहुरे बन्न प्रेरित हुन्थे, अहिले पनि त्यो प्रवृत्ति धेरै हदसम्म यथावत् छ। मैले पनि त्यो बाटो रोज्ने प्रयास नगरेको होइन तर त्यसमा सफल हुन सकिनँ। पर्यटन क्षेत्रमा आउन मेरो परिवार वा आफन्तहरू यो क्षेत्रमा नभएकाले काम खोज्नका लागि अरू व्यक्तिहरूकहाँ धाउनुपर्थ्यो। काम माग्न जाँदा प्रायः 'तिमीलाई काम आउँदैन' वा 'तिमीले यो काम गर्न सक्दैनौ' भन्ने उत्तरहरूमात्र सुन्नुपर्थ्यो। तर, निरन्तर प्रयासपछि बल्ल पर्यटन क्षेत्रमा भारी बोक्ने काम अर्थात् भरियाको अवसर पाएँ। मेरो पर्यटन यात्राको सुरुवात यही भरियाबाट भएको हो। भरिया हुँदै ट्रेकिङ गाइड, त्यसपछि अन्तर्राष्ट्रिय मान्यता प्राप्त माउण्टेन लिडर बन्ने यात्रा तय गरेँ। आज आएर म आफ्नै ट्रेकिङ तथा पर्वतारोहण कम्पनी सञ्चालन गरिरहेको छु, जुन मेरो निरन्तर संघर्ष, धैर्य र आत्मविश्वासको परिणाम हो।

■ **नेपालका प्रायः सबै ठाउँहरूमा पुगनुभएको छ होला ?**

पर्यटकहरूलाई घुमाउने वा मार्गदर्शन गर्ने क्रममा मैले नेपालका अधिकांश हिमाली क्षेत्रहरू तथा अन्य प्रमुख पर्यटकीय गन्तव्यहरूमा पुगिसकेको छु। यद्यपि, नेपालभित्रै अझै केही स्थानहरू यस्ता छन्, जहाँ पुग्ने इच्छा हुँदाहुँदै पनि भ्रमण गर्न बाँकी नै छन्।

■ **यो क्षेत्रका समस्याहरू के-कस्ता छन् ?**

पर्यटन, विशेषगरी पर्वतीय पर्यटन क्षेत्रमा रहेका मुख्य चुनौतीहरूमा भौतिक पूर्वाधारको अभाव, मौसमको अनिश्चितता, दक्ष जनशक्तिको कमी, सिजनमा निर्भर तथा सामाजिक सुरक्षाको कमजोर व्यवस्था प्रमुख छन्। यो पेशा शारीरिक क्षमता र उमेरसँग प्रत्यक्षरूपमा जोडिने भएकाले बल र उमेर हुँदासम्म मात्र सक्रियरूपमा काम गर्न सकिने अवस्था छ। जब उमेर ढल्किँदै जान्छ, तब यो क्षेत्रमा काम गर्न कठिन हुन्छ। त्यसैले भविष्यमा उमेर बढेपछि के गर्ने भन्ने विषयमा धेरै लिडर तथा गाइडहरू अझै पनि अन्योलमै छन्।

■ **सरकारले के गरिदियोस् भन्ने लाग्छ ?**

सरकारले पर्वतीय पर्यटन क्षेत्रलाई अझ गहिरोरूपमा बुझेर नीतिगत प्राथमिकता दिन आवश्यक देखिन्छ। विशेषगरी दक्ष जनशक्ति उत्पादनमा जोड दिनु अत्यन्त जरुरी छ। साथै, उद्धार प्रणालीलाई छिटो, सरल र प्रभावकारी बनाउनुपर्छ। उदाहरणका लागि मुस्ताङ, मनास्लु, डोल्पा जस्ता दुर्गम क्षेत्रमा आपत्कालीन हेली उद्धार गर्नुपर्दा अहिले पनि कागजी प्रक्रिया र अनुमति लिनुपर्ने झन्झट धेरै छ, जसले उद्धार कार्यमा ढिलाइ भइरहेको छ। त्यसैले उद्धारसम्बन्धी प्रक्रिया सरल बनाउँदै तत्काल उद्धार गर्नुपर्ने प्रणालीको विकास गर्नुपर्छ। यससँगै नेपालको पर्यटन प्रवर्द्धनलाई नयाँ सोच र रणनीतिका साथ अघि बढाउन तथा गुणस्तर, सुरक्षित र दिगो पर्यटन नीति प्रभावकारीरूपमा लागू गर्न सरकारले उच्च प्राथमिकता दिनुपर्छ।

■ **कुनै त्यस्तो अविस्मरणीय क्षण छ तपाईंको काम गर्ने क्रममा ?**

मैले गरेका प्रायः सबै ट्रेकिङ, पर्वतारोहण र तालिमहरू अविस्मरणीय नै छन्, किनकि प्रत्येक यात्रामा नयाँ-नयाँ व्यक्तिहरूसँग भेट हुन्छ र अनुभव आदान-प्रदान गर्ने अवसर मिल्छ, जसबाट धेरै कुरा सिक्न पाइन्छ। यद्यपि, केही क्षणहरू भने मेरो जीवनमा विशेषरूपमा स्मरणीय छन्। विशेषगरी, पहिलोपटक ट्रेकिङ भरियाका रूपमा काम सुरु गरेको क्षण, गाइड लाइसेन्स प्राप्त गरेको समय, पहिलोपटक फ्रान्सेली नागरिकहरूको निमन्त्रणामा फ्रान्स पुगेको क्षण, युआइएमएल प्रमाणित अन्तर्राष्ट्रिय माउण्टेन लिडर बनेको क्षण र सफलतापूर्वक सगरमाथा आरोहण गरेको क्षण मेरा जीवनका सबैभन्दा महत्त्वपूर्ण र अविस्मरणीय पलहरू हुन्।

■ **तपाईंले अहिलेसम्म लिडरको ट्रेनिङ कतिलाई दिइसक्नुभयो ?**

मैले अहिलेसम्म ठ्याक्कै कति जनालाई तालिम दिएको भन्न त सक्दिनँ तर धेरैजनालाई तालिम प्रदान गरिसकेको छु। उदाहरणका लागि विभिन्न संघसंस्थाद्वारा आयोजना गरिएका ट्रेकिङ गाइडहरूको क्षमता वृद्धिका तालिमहरू र अन्तर्राष्ट्रिय मान्यता प्राप्त माउण्टेन लिडर तालिमहरूमा सहभागीहरूलाई मैले सिकेका, जानेका कुराहरू र मेरा अनुभवरू प्रदान गर्ने अवसर पाएको छु। साथै, फ्रेन्च भाषा सिक्न चाहने ट्रेकिङ गाइडहरूलाई पनि भाषा तालिम प्रदान गरिसकेको छु।

> **'अन्तर्राष्ट्रियस्तरमा नेपाली कामदार, गाइड र लिडरहरूको इमानदारी, सहनशीलता, दक्षता र अनुभवको खुलेर प्रशंसा हुने गर्छ। यी गुणहरूलाई आत्मसात गरेर हामीले नेपाल आउने पर्यटकहरूको सेवा गर्नुपर्छ भन्ने लाग्छ। नेपाल प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक र जैविक विविधताले भरिपूर्ण देश हो। यसैले हाम्रो देशमा अथाह सम्भावना छ र सम्भावनामा विश्वास गर्नु सम्पूर्ण नेपालीको कर्तव्य हो। अन्त्यमा म भन्न चाहन्छु कि नेपालमै सपना ठूलो देख्नुहोस्, इमानदारीपूर्ण मिहिनेत गर्नुहोस्, धैर्यता राख्नुहोस् र आफ्नो सफलता तथा भविष्य नेपालमै बनाउन प्रयासरत रहनुहोस्।'**

■ **कत्तिको अप्ठ्यारो छ ?**

यो क्षेत्रमा काम गर्न शारीरिकमात्र होइन, मानसिक स्वास्थ्य पनि अत्यन्तै महत्त्वपूर्ण हुन्छ। विशेष गरी जब हामी नेतृत्व गर्दै पर्यटकहरूलाई हिमाली क्षेत्रमा लग्छौं, सम्पूर्ण जिम्मेवारी हाम्रो काँधमा हुन्छ। समूहमा रहेका सबै पर्यटक र नेपाली कामदारहरूको जीवनको सुरक्षा गर्नु हाम्रो कर्तव्यमा पर्दछ। यसकारणले गर्दा यो काम शारीरिकभन्दा पनि मानसिकरूपमा बढी चुनौतीपूर्ण हुन्छ।

■ **अन्त्यमा ?**

सर्वप्रथम, म हजुरलाई र यस मिडियालाई धेरै-धेरै धन्यवाद दिन चाहन्छु। अन्तर्राष्ट्रियस्तरमा नेपाली कामदार, गाइड र लिडरहरूको इमानदारी, सहनशीलता, दक्षता र अनुभवको खुलेर प्रशंसा हुने गर्छ। यी गुणहरूलाई आत्मसात गरेर हामीले नेपाल आउने पर्यटकहरूको सेवा गर्नुपर्छ भन्ने लाग्छ। नेपाल प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक र जैविक विविधताले भरिपूर्ण देश हो। यसैले हाम्रो देशमा अथाह सम्भावना छ र सम्भावनामा विश्वास गर्नु सम्पूर्ण नेपालीको कर्तव्य हो। अन्त्यमा म भन्न चाहन्छु कि नेपालमै सपना ठूलो देख्नुहोस्, इमानदारीपूर्ण मिहिनेत गर्नुहोस्, धैर्यता राख्नुहोस् र आफ्नो सफलता तथा भविष्य नेपालमै बनाउन प्रयासरत रहनुहोस्।

वर्गीकृत डिस्प्ले

मोटरसाइकल हराएको सूचना

मिति २०८२।०८।१० गते ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. २० रातोबङला अगाडी सडकमा खण्डमा पार्किङबाट बा.प्र. ०५४ प ११०७ नम्बरको हरियो रंगको रंगको Royal Enfield ३५० सि.सि. बुलेट मोटरसाइकल हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिन अनुरोध गर्दछु।
सवारी धनी : पुकार सहाकारी संस्था (राजेश राजथला)
इंन्जिन नं : J3A5FHR2043079
च्यासिस नं: ME3J3A5FKRN000053
ठेगाना: भक्तपुर जिल्ला, सुर्यबिनायक नगरपालिका वडा नं. ४
सम्पर्क नं : ९८४१२९९४८३

वर्गीकृत डिस्प्लेको लागि सिधा सम्पर्क : ०१-४५७८१७७

विज्ञापनको लागि हाम्रा सिधा सम्पर्क नम्बरहरू:
काठमाण्डौं : ०१-४५७८१७७
विराटनगर : ९८४१०५९११०
गौर, रौतहट : ९८४५१३५१३४
मलंगवा : ९८०४८१३४११
e-mail: hitanewz@gmail.com
Website : ehimalayatimes.com.np

प्रवीण भट्टराईको स्वरमा 'खुशी हुन्छु'

काठमाडौं/हिटा। प्रवीण भट्टराईको स्वरमा रहेको गीत 'खुशी हुन्छु' सार्वजनिक भएको छ। अनिल शर्माको शब्द रचना, कल्याण सिंहको संगीत, दीक्षित पौडेलको संगीत एरेञ्ज र राजनभक्त श्रेष्ठको रेकर्डिङ रहेको गीतको भिडियो सार्वजनिक भएको हो।

सुनिल रावलको निर्देशन रहेको गीतको भिडियोमा एकरक्षा थपलिया र अंकित केसीलाई फिचरिङ गरिएको छ। प्रेमिल यस गीतमा आफूले माया गरेको मान्छेसँगै हुँदा खुशी हुने भाव व्यक्त गरिएको छ। गीतको भिडियो प्रवीणको अफिसियल युट्युब च्यानलमार्फत् सार्वजनिक गरिएको हो।

'आबाट आमा' को मर्मस्पर्शी ट्रेलर

हिमालय टाइम्स
काठमाडौं, ९ माघ

यही माघ १६ गतेदेखि प्रदर्शनमा आउन लागेको चलचित्र 'आबाट आमा'को ट्रेलर सार्वजनिक गरिएको छ। बुधबार काठमाडौंमा एक विशेष कार्यक्रमबीच चलचित्रको ट्रेलर सार्वजनिक गरिएको हो। चलचित्रको सार्वजनिक ट्रेलरले नेपालको पछिल्लो समसामयिक घटनालाई प्रस्तुत गरिएको छ। स्वदेशमा कुनै अवसर नपाएपछि भविष्य बनाउन परदेशिन लागेको छोरा र अभिभावकले सन्तानप्रति गरेको मायालाई ट्रेलरले दर्शाउँछ। जहाँ आमा विपना थापा बन्नुभएको छ भने भारतीय वरिष्ठ कलाकार प्रदीप रावत बुबा बन्नुभएको छ।

चलचित्रको ट्रेलर सार्वजनिक कार्यक्रममा बोल्दै भारतीय अभिनेता प्रदीप रावतले चलचित्र 'आबाट आमा'को प्रदर्शनका लागि आफू उत्साहित रहेको सुनाउनुभयो। उहाँले चलचित्रमा आफू भएको र नभएको दुवै दृश्य एकदमै सानदार रहेको बताउनुभयो। 'फिल्ममा जतिले काम गरेका छन्। एकदमै राम्रो काम गरेका छन्,' रावतले भन्नुभयो, 'निर्देशक चन्द्र पन्तको एकदमै मिहिनेत छ।' उहाँले भगवान्को कृपाले

चलचित्र सफल हुनेमा आफू आशावादी रहेको बताउनुभो। प्रदीप चलचित्रको प्रचार-प्रसारका लागि मंगलबार साँझ काठमाडौं आउनुभएको हो। चलचित्रको प्रचारका लागि उहाँ केही दिन काठमाडौं रहनुहुनेछ।

कार्यक्रममा अभिनेत्री विपना थापाले आफ्नो अभिनय पुनरागमन सफल बनाएको भन्दै दर्शकलाई धन्यवाद दिनुभयो। 'फिल्मका सार्वजनिक गीतमार्फत् अपार माया दिनुभएको छ। त्यसका लागि धन्यवाद,' उहाँले भन्नुभयो, 'फिल्म 'आबाट आमा' एकदमै राम्रो बनेको छ। हेरेर प्रतिक्रिया दिनुहोला।' अभिनयमा कम ब्याक हुँदा राम्रा चलचित्रहरू पाएको भन्दै उहाँले आफूलाई भाग्यमानी भएको बताउनुभयो।

अभिनेता पल शाहले चलचित्रमा आमाका लागि संघर्ष गर्ने केटाको भूमिकामा आफू रहेको बताउनुभयो। चलचित्रलाई लिएर आफू उत्साहित रहेको बताउँदै राम्रो भूमिकाका लागि छनोट गरेकामा निर्माण टिमलाई धन्यवाद दिनुभयो।

चलचित्रका निर्देशक चन्द्र पन्त हुनुहुन्छ। पन्तकै लेखन रहेको यस चलचित्रमा विपना थापा, पल शाह, प्रदीप रावत, विशाल पहाडी, रवीन्द्र झा, साइग्रेस पोखरेल, सिम्रन पन्त, गजित विष्ट, हेमराज अधिकारी (खनत्या खलास), उषा उप्रेती, दिलिप अखेडालगायतका कलाकारको अभिनय छ। ध्रुव न्यौपाने, प्रकाश कुँवर र क्षितिज ढुंगाना निर्माता रहेको चलचित्रको कार्यकारी निर्माता कृष्णप्रसाद सुवेदी र ओमकार पन्त रहनुभएको छ।

आर्या इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको यो चलचित्रको डिओपीमा नवराज उप्रेती रहनुभएको छ। चलचित्रको संगीतमा कोसिस क्षेत्री, बाबुल गिरी, थानेश्वर गौतम रहनुभएको छ। चलचित्रको वितरण आरआर फिल्मस् र डिजिटल अधिकार ओएसआर डिजिटलले गर्दैछन्।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
इटहरी, सुनसरी, कोशी प्रदेश

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२/१०/१०

यस कार्यालयबाट मिति २०८२।०५।२० गते PPMO को E–Procurement Portal मा 1S2E विधिबाट बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रीतपूर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तालिकामा उल्लेख भएका बोलपत्रदाताको बोलपत्र न्यून मूल्याकिंत र सारभुतरुपमा प्रभावग्राही भई स्वीकृतीका लागि बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) मा भएको व्यवस्था बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	ठेक्का नं.	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अङ्क (VAT & PS बाहेक)
१.	LIDPOITH/NCB/W/2082-083/02	M/s Midhill/Monsoon/Swastik JV, Bhojpur Muncipality-6, DEURALI	NRs. 21249251.00
२.	LIDPOITH/NCB/W/2082-083/20	M/S H. & C./Siddhidatri/Sumnima J.V., Kamal 03, Jhapa	Nrs. 22323862.00
३.	LIDPOITH/NCB/W/2082-083/21	M/S Shanker Trishakti Nirman sewa, Ilam	Nrs. 21032519.98
४.	LIDPOITH/NCB/W/2082-083/23	M/S MAI BHAGWATI - ELVIS JOINT VENTURE, Ilam-07, Ilam Nepal	Nrs. 20059706.32
५.	LIDPOITH/NCB/W/2082-083/24	M/s Jateshwor-Birupakchhya JV, Koteshwor, Kathmandu, Nepal.	Nrs. 20508200.33
६.	LIDPOITH/NCB/W/2082-083/25	M/s UD/SALPA/JALJALE JOIN, bhojpur 5 Bhojpur	Nrs. 15387384.55
७.	LIDPOITH/NCB/W/2082-083/26	Sun Construction/ P and P J.V., Mechinagar - 07	Nrs. 19783004.00
८.	LIDPOITH/NCB/W/2082-083/27	Sun Construction/ P and P J.V., Mechinagar - 07	Nrs. 20463859.00
९.	LIDPOITH/NCB/W/2082-083/28	M/S Arun-Aayush JV,	Nrs. 19391852.00
१०	LIDPOITH/NCB/W/2082-083/29	M/S Global/LO/Sushant JV, Triyuga-8, Rajabas, Udayapur	Nrs. 19404538.00
११	LIDPOITH/NCB/W/2082-083/30	M/S Nisan Nirman Sewa, Dharan-13, Sunsari	Nrs. 20572331.00
१२	LIDPOITH/NCB/W/2082-083/31	D.N.O/Ishor/Star JV, Pokharichaunri-2	Nrs. 19186077.50
१३	LIDPOITH/NCB/W/2082-083/32	M/S Rambole Construction Co.Pvt.Ltd., Baneshwor-10, Kathmandu	Nrs. 21720758.85
१४	LIDPOITH/NCB/W/2082-083/33	M/S MAHALAXMI / D&D / KHOKU J.V., DHANKUTA	Nrs. 16208815.30
१५	LIDPOITH/NCB/W/2082-083/34	M/S Aananda Nirwan Sewa, Dharan-5, Sunsari Nepal	Nrs. 24076073.30
१६	LIDPOITH/NCB/W/2082-083/35	M/S SHIVA-JAGADAMBA-PURBALI JOINT VENTURE, Kathmandu	Nrs. 20896535.80
१७	LIDPOITH/NCB/W/2082-083/36	M/S Bhattarai – Flyover J/V, New Baneshwor-Kathmandu	Nrs. 19900163.00
१८	LIDPOITH/NCB/W/2082-083/37	M/S Udeshya Nirman Sewa, Jhapa Nepal	Nrs. 20716597.50
१९	LIDPOITH/NCB/W/2082-083/38	M/S MAI BHAGWATI/ACHARYA JV, Ilam Nepal	Nrs. 19904130.50
२०	LIDPOITH/NCB/W/2082-083/39	M/S SUJAL -BB JOINT VENTURE, Ilam	Nrs. 21765389.60

Naubahini Rural Municipality
Office the Rural Municipal Executive
Lung Bahane, Pyuthan
Lumbini Province, Nepal

Price Bid Opening Notice

Date of publication: Jan 24, 2026

This is to notify all concerned bidders that among the Technical bids opened on 23-Nov, 2025 for the **execution of Upgrading of Chisapani Gawai Damri Motor Bato (Contract No:14-NRM/NCB/W/2082/83)** as per bid notice published on 21-Oct, 2025 in "Himalaya Times" National Daily Newspaper/www.bolpatra.gov.np/egp and as per bid amended,following bidder's technical bid's are accepted after evaluation as per "Evaluation and Qualification Criteria" of bid document, PPA & PPR (14th Amendment).

It is hereby informed to all concerned bidders that Opening of Price bids is scheduled as listed below.

Substantially Responsive Bidders
1. Blue Heights-Quick Brick-Sukanya- J.V.
2. Saya-Raj-Alikchhya J.V.
3. Ramechhap-Om Laxmi-Subharambha J.V.
4. Bijay-Swargadwari-Ocean J.V.
5. Hariyali Nirman Sewa
6. Easy-Powernepal J.V.
7. Kabir- A.B-Shanvi J.V.

The substantially responsive bidders are requested to attend the Price Bid opening schedule on:
Date: Feb-01, 2026
Time: 14:00 (NST)
Venue: Naubahini Rural Municipality, Lung Bahane Pyuthan

Chief Administrative Officer

■ टाइगर कप भलिबल

न्यु डायमण्ड, आर्मी र एपिएफ क्लबको विजयी शुरूआत

हिमालय टाइम्स
पोखरा, ९ माघ

पोखरामा जारी छैटौं टाइगर कप महिला तथा पुरुष भलिबल प्रतियोगिताको पहिलो दिन शुक्रबार पुरुषतर्फको खेलमा सशस्त्र प्रहरी बलको एपिएफ क्लबले गण्डकी प्रदेश भलिबल संघलाई ३-१ सेटले हराएको छ। अत्यन्तै प्रतिस्पर्धात्मक खेलको पहिलो सेटमा एपिएफ क्लब २६-२४ अंकले अगाडि रह्यो। दोस्रो सेटको नतिजालाई पनि एपिएफ क्लबले २७-२५ अंकले आफ्नो पक्षमा पाऱ्यो। तेस्रो सेटको नतिजालाई भने गण्डकी प्रदेश भलिबल संघले २५-१९ अंकले आफ्नो पक्षमा पाऱ्यो। चौथो सेटको नतिजालाई २५-२१ अंकले आफ्नो पक्षमा पार्दै एपिएफ क्लबले खेल ३-१ सेटले जित्यो।

त्यसअघि, पुरुषतर्फकै खेलमा अर्को विभागीय टोली त्रिभुवन आर्मी क्लबले जित हात पारेको थियो। आर्मी क्लबले माल्दिभ्सलाई ३-० सेटले हराएको थियो। खेलको प्रारम्भदेखि नै आर्मी क्लबले माल्दिभ्सलाई दबाबमा राखेको थियो। आर्मी क्लबले २५-१५, २५-२२ र २५-१० अंकले नतिजा आफ्नो पक्षमा पारेको थियो।

यसैगरी, शुक्रबार नै पोखरा रंगशालाको भलिबल कोर्टमा सम्पन्न महिलातर्फको खेलमा टिप टप न्यु डायमण्ड स्पोर्ट्स क्लब विजयी भएको थियो। टिप टप न्यु डायमण्ड स्पोर्टस क्लबले त्रिभुवन आर्मी क्लबलाई ३-० को सोझो सेटमा हरायो। न्यु डायमण्डले आर्मी क्लबलाई २५-१३, २६-१६ र २५-८ अंकले हराएको हो। आगामी माघ १७ गतेसम्म चल्ने च्याम्पियनसिपमा पुरुषतर्फ ६ र महिलातर्फ पाँच टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगिताले राष्ट्रियस्तरका क्लबहरूका साथै अन्तर्राष्ट्रिय टोलीलाई समेत एकै मञ्चमा उभ्याउने अपेक्षा गरिएको छ।

टाइगर ग्रुप अफ पोखराका अध्यक्ष नारायणप्रसाद शर्माका अनुसार पुरुषतर्फ माल्दिभ्सको माल्दिभ्स भलिबल एसोसिएसन र महिलातर्फ थाइल्याण्डको थाइल्याण्ड क्वीन्स क्लब विदेशी टोलीका रूपमा सहभागी भएका छन्।

पुरुषतर्फ नेपाल पुलिस क्लब, सशस्त्र प्रहरी बल एपिएफ क्लब, त्रिभुवन आर्मी क्लब, गण्डकी प्रदेश र पर्वत जिल्ला भलिबल संघ सहभागी छन्। महिलातर्फ त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, एपीएफ क्लब र न्यू डायमण्ड युथ स्पोर्ट्स क्लबले प्रतिस्पर्धा गर्नेछन्।च्याम्पियनसिपमा पुरुष र महिलातर्फ विजेता टोलीले समान रूपमा ६ लाख ६६ हजार ६६६ रुपैयाँ, उपविजेता टोलीले तीन लाख ६६ हजार ६६६ रुपैयाँ र तेस्रो हुने टोलीले एक लाख ६६ हजार ६६६ रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्। यस्तै, सर्वोत्कृष्ट खेलाडीलाई २६ हजार ६६६ रुपैयाँ र विधागततर्फ उत्कृष्ट खेलाडीलाई ११ हजार ६६६ रुपैयाँ प्रदान गरिनेछ। प्रतियोगिता आयोजना गर्न करिब एक करोड ८० लाख रुपैयाँ खर्च लाग्ने अध्यक्ष शर्माले जानकारी दिनुभयो।

■ टी-२० विश्वकप

बंगलादेशशे नखेल्दा नेपाललाई फाइदा हुन्छ कि घाटा ?

हिमालय टाइम्स
काठमाडौं, ९ माघ

बंगलादेश भारतमा आयोजना हुनलागेको टी-२० विश्वकपमा सहभागी नहुने लगभग निश्चित देखिएको छ। बंगलादेश सरकारले सुरक्षा चिन्ताको कारण देखाउँदै आफ्नो राष्ट्रिय टोलीलाई भारत नपठाउने निर्णय गरेको हो। बंगलादेश क्रिकेट बोर्ड (बिसिबी) का अध्यक्ष अमिनुल इस्लाम बुलबुलले अन्तरिम सरकारका खेलकुद सल्लाहकार आशिफ नजरुलसँगको भेटपछि भारतमा खेल्न नसकिने निर्णय सार्वजनिक गर्नुभयो। आइसिसीले बंगलादेशको सुरक्षा चासोलाई गम्भीर रूपमा नलिएको नजरुलले आरोप लगाउनुभयो। उहाँका अनुसार भारतको सट्टा श्रीलंकामा खेल आयोजना गर्न गरिएको अनुरोध अस्वीकार हुनु अन्यायपूर्ण हो।

आइसिसी भने बंगलादेशको दाबी अस्वीकार गर्ने अडानमै छ। प्रतियोगिता सुरु हुनै लाग्दा स्थान परिवर्तन गर्नु असम्भव रहेको र कुनै ठोस सुरक्षा खतरा नदेखिएको आइसिसीको दाबी छ। आइसिसीले भारतमा बंगलादेशी खेलाडी, अफिसियल, मिडिया र समर्थकहरू सुरक्षित हुने निष्कर्ष निकालेको हो। पछिल्लो समय भारत र बंगलादेशबीच क्रिकेट कूटनीतिमा चिसोपन देखिएको छ। आइपिएल टोली कोलकाता नाइट राइडर्सले बिसिसिआईको निर्देशनमा बंगलादेशी तीव्र बलर मुस्तफिजुर रहमानलाई टोलीबाट हटाएपछि यो तनाव बढेको हो। बंगलादेश प्रतियोगिताबाट बाहिरिएमा समूह 'सी'को संरचनै परिवर्तन हुनेछ। हालको तालिकाअनुसार बंगलादेशले वेष्ट इण्डिज, इटली, इंग्ल्याण्ड र नेपालसँग भारतमा खेल्ने कार्यक्रम थियो। विशेषगरी फेब्रुवरी १७ मा मुम्बईमा नेपालसँग हुने खेल नेपाली क्रिकेटप्रेमीका लागि निकै प्रतीक्षित थियो।

सुरुमा बंगलादेश नखेलेमा समूहका बाँकी टोलीले स्वतः अंक पाउने चर्चा चले पनि त्यसमा सहमति नबन्ने देखिएको छ। बरू आइसिसीले बंगलादेशको स्थानमा अर्को टोली समावेश गर्ने तयारी गरेको संकेत मिलेको छ। मिडिया रिपोर्टहरूका अनुसार बंगलादेश बाहिरिएमा विश्व वरीयताको आधारमा स्कटल्याण्डलाई विश्वकपमा समावेश गर्ने विषयमा आइसिसी बोर्डमा बहुमत देखिएको छ। स्कटल्याण्ड हाल आइसिसी टी-२० वरीयतामा १४औं स्थानमा छ। सन् २००९ मा जिम्बाब्वे प्रतियोगिताबाट हटेपछि उच्च वरीयताकै आधारमा अर्को टोलीलाई समावेश गरिएको थियो।

खप्तडछेडेदह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डोगडी, बाजुरा
सुदुरपश्चिम प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/१०/१० गते

यस खप्तड छेडेदह गाउँपालिकाको कार्यालय द्वारा मिति २०८२।०९।०४ गते बोलपत्र आह्वानका लागि प्रकाशित सूचना अनुसार E–Bid मार्फत रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मुल्याङ्कन गर्दा यस कार्यालयको बोलपत्र मुल्याङ्कन समितिबाट देहायका कार्यमा तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही ठहर भई स्वीकृतिका लागि सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा (२७) को उफदफा (२) र (३) बमोजिम र सोही ऐनको दफा (४७) को प्रयोजनार्थ बोलपत्र स्वीकृतिका लागि छनौट गर्ने आशयको ७ दिने सूचना सम्बन्धित सबैको जानकारिका लागि प्रकाशित गरिएको छ।

क्र. स.	ठेक्का नं.	कामको विबरण	बोलपत्रदाताको नाम र ठेगाना	स्वीकृत रकम (मु.अ.कर र पि.एस. सहित)
१.	KCRM/ NCB/W/ 03/2082-083	Construction of Khaptad Chhededaha Sip Bikash Kendra Building with Sanitary & Electrification Works.) at KCRM-05, Dogadi, Bajura.	SAHARASHA CONSTRUCTION AND BUILDERS, Dipayal- Silgadhi Municipality- 06, Doti.	रु. ९६,२७,०४४/२०. (अक्षरुपी छयानब्बे लाख सत्ताइस हजार चौवालिस रुपैया र बिस पैसा मात्र)

प्रमुख प्रशासकीय अधिकृत

केएमसी वडा कप खुला फिडे च्यापिड चेसमा प्रकाशचन्द्रको अग्रता

रबिन्द्र बारही/हिटा
काठमाडौं, ९ माघ

काठमाडौं महानगरपालिका-२९ को आयोजनामा सञ्चालन भइरहेको प्रथम केएमसी वडा कप खुला फिडे च्यापिड चेस प्रतियोगितामा झापाका प्रकाशचन्द्र नेपालले अग्रता कायम गर्नुभएको छ।

भारतका २० खेलाडीसहित कुल २३० जना राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरूको सहभागिता रहेको प्रतियोगितामा प्रकाशचन्द्रले सतप्रतिशत नतिजा निकाल्दै शीर्ष स्थानमा आफूलाई स्थापित गर्नुभएको हो। शुक्रबार सम्पन्न पाँच चरणको खेलपछि भारतका किसन कुमार र दोलखाका आशिष फुँयालले पनि समान पाँच-पाँच अंक जोड्दै प्रकाशचन्द्रसँगै संयुक्त पहिलो स्थानमा रहनुभएको छ।

वडा नं. २९ को आफ्नै भवनमा सञ्चालन भइरहेको प्रतियोगितामा झापाका १९७३ रेटेड राजन सुवेदीले मकवानपुरका २११७ रेटेड एफएम क्षितिज भण्डारीसँग बराबरी खेल्दै साढे चार अंकका साथ संयुक्त दोस्रो स्थानमा स्थान बनाउनुभएको छ।

साढे चार अंक जोड्दै संयुक्त दोस्रो स्थानमा रहने अन्य खेलाडीहरूमा बाँकेका १९२८ रेटेड एआईएम अभिक शाह, बनेपाका १९९६ रेटेड शैलेन्द्र न्यौपाने, ललितपुरका २०२१ रेटेड सुरज महर्जन, १९११ रेटेड राजनपुरी र भारतका १७७७ रेटेड शशी प्रकाश रहनुभएको छ।

२०२४ रेटेड प्रकाशचन्द्र नेपालले अग्रिम सैंजु, विनय राई, सुरज सिंह, सुभनदीप र प्रेम खड्कालाई पराजित गर्नुभएको छ। यस्तै, भारतका १९०९ रेटेड किसन कुमारले अरिज राई, कासिब कार्की, राजनारायण यादव, प्रतिक सुवेदी र सीएमए सुश्रुत दाहाललाई हराउनुभएको छ। नेपालका २०६९ रेटेड

आशिष फुँयालले नेलिसा ओझा, आशानारायण लवट, महेश्वरलाल डंगोल, स्पर्श यादव र सुजन काफ्लेलाई पराजित गर्नुभएको हो। हाल २३ जना शीर्ष खेलाडीहरू समान चार अंकसहित उपाधि होडमा रहेका छन्।

प्रतियोगिताको उद्घाटन कार्यक्रममा वडा सदस्य सन्तोष ढुंगेलको सभापतित्वमा प्रमुख अतिथि वडा नं. २९ का अध्यक्ष कुश ढकालले खेलाडीहरूलाई शुभकामना व्यक्त गर्नुभएको थियो। वडा अध्यक्ष ढकालले दुई दिनसम्म सञ्चालन हुने प्रतियोगितामा हालसम्मकै सर्वाधिक तीन लाख २८ हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिने जानकारी दिनुभयो।

संयोजक सन्तोष ढुंगेलका अनुसार प्रतियोगिताको विजेताले ३५ हजार, उपविजेताले ३० हजार, तृतीयले २५ हजार र चौथो हुने खेलाडीले २० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन्। पाँचौंदेखि सातौं स्थानसम्मका खेलाडीले जनही १७ हजार, आठौंदेखि दशौंसम्म जनही १५ हजार तथा एघारौंदेखि पन्ध्रौंसम्मका खेलाडीले जनही सात हजार रुपैयाँ पुरस्कार पाउनेछन्।

यसैगरी, उत्कृष्ट महिला विधातर्फ प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः सात हजार, छ हजार र पाँच हजार रुपैयाँ प्राप्त गर्नेछन्। बेस्ट अनरेटेड, बेस्ट भेटरान, विभिन्न उमेर समूह (१४, १२ र १० वर्ष मुनि) तथा रेटिङ १८०० र १६०० मुनिका खेलाडीहरूलाई पनि विशेष पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ।

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाडी, सिन्धुली
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृति सम्बन्धी आशयको सूचना

(सूचना प्रकाशित मिति २०८२/१०/१०)

यस कार्यालयबाट मिति 10 December 2025 (मिति २०८२/०८/२४) मा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार देहाय बमोजिमको कार्यको लागी देहाय बमोजिमको बोलपत्रदाताको उल्लेखित कबोल अंक सबैभन्दा कम रहेको र निजको बोलपत्र सारभुत रुपमा सफल देखिन आएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

तपशिल

सि. नं.	बोलपत्र नं	योजनाको नाम	बोलपत्रदाताको नाम, ठेगाना	कबोल अंक (मू. अ. कर बाहेक) रु.
१	KMU/SIN/ NCB/15/082/083	Causeway Construction Work, Kamalamai Municipality-7, Devisthan, Gadauli, Sindhuli	Raymond Construction & Suppliers, Kamalamai Municipality-6, Sindhuli	1,554,820.76
२	KMU/SIN/ NCB/16/082/083	Dube Besitole Road Upgrading Work, Kamalamai Municipality-2, Sindhuli	Bhumika & Sambhab Nirman Sewa Pvt. Ltd., Kamalamai Municipality-2, Sindhuli	2,541,700.00
३	KMU/SIN/ NCB/17/082/083	Kamala S.S. Conference Hall Management Work, Kamalamai Municipality-4, Sindhuli	Nyasur Construction & Suppliers, Kamalamai Municipality-5, Sindhuli	2,126,207.50

प्रमुख प्रशासकीय अधिकृत

खेलकुद पत्रकारिता पुरस्कारबाट हिटाकर्मी पाक्साँवा सम्मानित

हिमालय टाइम्स
तेह्रथुम, ९ माघ

खेलकुद विकास समिति तेह्रथुमद्वारा प्रदान गरिने क्रियाशील खेलकुद पत्रकारिता पुरस्कार २०८२ बाट हिटाकर्मी प्रकाश पाक्साँवा सम्मानित हुनुभएको छ। उहाँसहित गोल नेपालका तुलसी सिटौला पनि सम्मानित हुनुभयो। पत्रकार पाक्साँवा इमेज टेलिभिजन, हिमालय टाइम्स राष्ट्रिय दैनिक तथा विभिन्न सञ्चारमाध्यममा आबद्ध हुनुहुन्छ। उहाँ नेपाल पत्रकार महासंघ तेह्रथुमका कोषाध्यक्ष तथा नेपाल प्रेस युनियन तेह्रथुमका अध्यक्षसमेत हुनुहुन्छ।

त्यसैगरी पत्रकार सिटौला गोल नेपाल, अलइन वानलगायत सञ्चारमाध्यममा आबद्ध रहँदै पत्रकारिताका माध्यमबाट खेलकुद क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आउनुभएको छ। खेलकुदको विकास, प्रवर्द्धन तथा खेलाडीहरूको गतिविधिलाई निरन्तर उजागर गर्दै आएको योगदानको कदरस्वरूप सम्मान गरिएको हो।

१६औं तेह्रथुम जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका अवसरमा आयोजित उद्घाटन कार्यक्रममा छथर गाउँपालिका-स्थित झाँक्रीगुफामा नगद ११ हजार १११ रुपैयाँसहित दोसल्ला ओढाएर सम्मान गरिएको हो। सम्मान कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेशका पूर्वमन्त्री तथा प्रदेशसभा सदस्य दुर्गा चापागाईं, आठराई गाउँपालिकाका अध्यक्ष दिलकुमार पाहिम, छथर गाउँपालिकाका अध्यक्ष सन्तोष तिगेला तथा खेलकुद विकास समिति तेह्रथुमका अध्यक्ष राजेन्द्र बरालले संयुक्तरूपमा सम्मान प्रदान गरेका थिए।

कार्यक्रममा वक्ताहरूले खेलकुद पत्रकारिताले खेलाडीको मनोबल बढाउने र स्थानीय खेलकुदको पहिचान स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेल्दै आएको उल्लेख गर्दै आगामी दिनमा पनि यस्ता सम्मान कार्यक्रमको निरन्तरताले थप ऊर्जा मिल्ने बताएका छन्।

ཟླ་ཤས་རོང་བོ་མའི་མཚོའི་གླིང་སྡེ་སྒྲུ་ཁྱབ་ལྷན་ཚང་།
सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

नदिजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/१०/१०)

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को परिच्छेद ३ को दफा ११ (घ) को उपदफा (२) अनुसार यस नगर क्षेत्रभित्र भएर बग्ने IEE गरिएका र घाटगढ्ढी तोकिएका सोलु खोलाको स्वीकृत घाटहरुवाट निर्धारित मापदण्ड वमोजिम ढुङ्गा, गिट्टी, वालुवा आदि उत्खनन् तथा संकलन र निकासी गर्ने कार्यका लागि नगरपालिकाले तोकेको देहाय वमोजिमको परिमाण प्रति घन फिट. रू. ७/- (भ्याट वाहेक) का दरले रकम संकलन गर्ने कार्यका लागि बढाबढमा वोलपत्र आव्हान गरिएको छ। ठेक्का लिन ईच्छुक ढुङ्गा, गिट्टी, वालुवा आदि उत्खनन् , संकलन र निकासी गर्ने गरी ईजाजत प्राप्त फर्म वा कम्पनीहरुले नवीकरण भएको प्रमाण पत्र, मूल्य अभिवृद्धि कर प्रमाण पत्र र आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी एकमुष्ट वा प्याकेज अनुसार छुट्टा छुट्टै वोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। साथै वोलपत्र खरीद गर्दा सोलुदुधकुण्ड नगरपालिकाको रा.वा. वैंक, सल्लेरी शाखामा रहेको राजश्व खाता नं. २०२०१०३०१०१०००५, धरौटी खाता नं. २०२०१००३०३०००००५ मा देहाय वमोजिमको टेण्डर दस्तुर/धरौटी वापतको रकम दाखिला गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। अन्य विस्तुत जानकारीको लागि यस नगरपालिकाको वेभसाइट **www.solududhkundamun.gov.np** मा गई यस विषयमा विस्तृत जानकारी लिन सक्नु हुनेछ।

तपसील

ठेक्का नं 01-SDM-IR-082/83	खोलाको विवरण	कुल परिमाण (घ.फि)	न्युनतम ठेक्का अंक रु. (भ्याट वाहेक)	धरौटी रकम रू.	टेण्डर फाराम दस्तुर रू.	कैफियत
प्याकेज नं. १	सालावेशी, सोलुखोला, जुनवेशी खोला सोलु दु.न.पा. २, वेनी	५२५०.००	१२,९८,७४५.००	६४,९२७.२५	१,०००.००	
प्याकेज नं. २	दुधकुण्ड खोला सोलु दु.न.पा. २, वेनी (वेनी हाइड्रोको ड्याम साइट वाहेकको क्षेत्र)	६०३७.५०	१४,९३,५५६.७५	७४,६७७.८३	१,०००.००	
प्याकेज नं. ३	सोलुखोला वोल्दोक देखी थापाटोल, सोलु दु.न.पा. ४ र ५	५१००.००	१२,६१,६३८.००	६३,०८१.१९	१,०००.००	
प्याकेज नं. ४	सोलुखोला छुल्यामु क्षेत्र, सोलु दु.न.पा. ६	२४००.००	५,९३,७१२.००	२९,६८५.६०	१,०००.००	
प्याकेज नं. ५	जोरबौद्ध तलको सोलु खोला क्षेत्र, सोलु दु.न.पा. ७	६३७५.००	१५,७७,०४७.५०	७८,८५२.३७	१,०००.००	
प्याकेज नं. ६	सोलु खोला भदौरे तिङला क्षेत्र, सोलु दु.न.पा. ११	१९५००.००	४८,२३,९१०.००	२,४१,१९५.५०	३,०००.००	
जम्मा			१,१०,४८,६०९.२५			
मुल्य अभिवृद्धि कर १३ प्रतिशत			१४,३६,३१९.२०			
कुल जम्मा			१,२४,८४,९२८.४५			

ढुवानीका लागि 'कामा इभी' पिकअप

काठमाडौं । मेगा मोटर्सले 'कामा इभी' पिकअप गाडीहरू नेपाली बजारमा भित्र्याएको छ । कम्पनीले विभिन्न रेन्जका कामा इभी पिकअप गाडीहरू नेपाली बजारमा भित्र्याएको हो । खासगरी दैनिक सरसामान ढुवानीका लागि उपयुक्त कामा इभी पिकअपले एकपटकको फुल चार्जमा एक सय ६९ किलोमिटरदेखि तीन सय किलोमिटरसम्म माइलेज दिने कम्पनीको दाबी छ । दुई टनसम्मको भारबहन क्षमता भएका पिकअपको ब्याट्रीमा पाँच वर्ष वा दुई लाख किलोमिटरसम्म वारेन्टी रहेको ललितपुरस्थित चन्द्रलक्ष्मी मोटर्स प्रालिका सिनियर सेल्स एक्जुकेटिभ विकेक मायालले बताउनुभयो । उहाँका अनुसार विभिन्न रेन्जमा सातदेखि ११ फिटको कार्गो बेडमा उक्त इभी पिकअपमा ७० किलोवाट क्षमताको मोटर रहेकाले गाडीको कार्यक्षमता अब्बल रहेको छ । गाडीमा रिजेनेरेटिभ ब्रेकिङ, एयर कण्डिसनलगायतका सुविधा पनि रहेको कम्पनीले जनाएको छ ।

सुपर हेवा पावरले सेयर जारी गर्ने

काठमाडौं । सुपर हेवा पावर कम्पनीले सर्वसाधारणका लागि साधारण सेयर निष्कासनका लागि आवश्यक प्रत्याभूति व्यवस्थापन कार्य गर्न मुक्तिनाथ क्यापिटल लिमिटेडलाई नियुक्त गरेको छ । सम्झौताअनुसार कम्पनीले कुल १९ करोड २५ लाख रुपैयाँ बराबरको १९ लाख २५ हजार कित्ता साधारण सेयर निष्कासन गर्नेछ । सम्झौतापत्रमा सुपर हेवा पावर कम्पनीका अध्यक्ष हर्कबहादुर तामाङ र मुक्तिनाथ क्यापिटलका प्रमुख कार्यकारी अधिकृत कविन्द्रध्वज जोशीले हस्ताक्षर गर्नुभएको छ । सुपर हेवा पावरले संखुवासभा जिल्लाको चैनपुर नगरपालिका-४ स्थित हेवा खोलाको पानी प्रयोग गरी छ मेगावाटको जलविद्युत् आयोजना निर्माण गरिरहेको छ ।

अभिकर्तालाई प्रभु महालक्ष्मीको सम्मान

काठमाडौं । प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सले वित्तीय परामर्शदाताहरूको अन्तर्राष्ट्रिय फोरम एमडिआरटी २०२६ का लागि छनोट भएका अभिकर्तालाई सम्मान गरेको छ । रूपन्देहीको भैरहवामा माघ ७ देखि ९ गतेसम्म भएको कार्यक्रम उद्घाटन कम्पनीका प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईंले गर्नुभएको थियो । उहाँले उत्कृष्ट कार्यले नै सम्मानका लागि मार्ग तयार हुने बताउनुभयो । एमडिआरटी जस्तो अन्तर्राष्ट्रिय फोरममा छनोट हुनु आफैंमा गौरवको कुरा भएको उहाँको भनाइ थियो । नायब महाप्रबन्धक एवं नेसनल सेल्स हेड सोनबहादुर मगरले अन्तर्राष्ट्रिय फोरम एमडिआरटीमा छनोट हुनु अभिकर्ता पेशाले दिएको मानसम्मानको एक उत्कृष्ट उदाहरण भएको बताउनुभएको थियो ।

फुटवेयर एसोसिएसनमा नयाँ कार्यसमिति

काठमाडौं । फुटवेयर म्यानुफ्याक्चर्स एसोसिएसन अफ नेपालको अध्यक्षमा सुरज बज्जाडे निर्वाचित हुनुभएको छ । अध्यक्षमा बज्जाडे र ज्ञानेन्द्रप्रसाद दाहालबीच प्रतिस्पर्धा भएकोमा पवित्रा सुज इण्डष्ट्रिजका बज्जाडे अध्यक्षमा निर्वाचित हुनुभएको हो । अन्य पदाधिकारी तथा सदस्य भने निर्विरोध निर्वाचित भएका छन् । नवनिर्वाचित वरिष्ठ उपाध्यक्षमा दिपेन्द्र थापा, तीन उपाध्यक्षमा योगेन्द्र पाण्डे, जीवनकुमार श्रेष्ठ र शंकरकुमार गौतम रहनुभएको छ भने महासचिवमा निर्मल भट्टराई, उपमहासचिवमा सुदिप बराल, सचिवमा छविलाल पौडेल र कोषाध्यक्षमा कुमार न्यौपाने निर्विरोध निर्वाचित हुनुभएको छ । सदस्यमा विष्णुप्रसाद पौडेल, सौजन उपाध्याय, रोहितकुमार कार्की, चोलाप्रसाद पाठक, अशोककुमार श्रेष्ठ, संकेत मुरारका, राजेश बगडिया/अग्रवाल, करण गौतम र कुमार लामिछाने चयन भएका एसोसिएसनले जनाएको छ ।

एनआइसी एसिया र सूर्यज्योतिबीच सहकार्य

NIC ASIA

काठमाडौं । एनआइसी एसिया बैंक र सूर्यज्योति लाइफ इन्स्योरेन्सबीच सूर्यज्योति लाइफ इन्स्योरेन्सका बीमित र बीमा अभिकर्तालाई बैंकले लाइफ टाइम निःशुल्क क्रेडिट कार्ड सेवा प्रदान गर्ने समझदारी भएको छ । काठमाडौंमा आयोजित एक कार्यक्रमबीच दुई कम्पनीबीच उक्त समझदारीपत्रमा हस्ताक्षर भएको छ । बैंकतर्फबाट प्रमुख कार्यकारी अधिकृत सुजितकुमार शाक्य र सूर्यज्योति लाइफ इन्स्योरेन्सतर्फबाट प्रमुख कार्यकारी अधिकृत प्रकाशविक्रम खत्रीले हस्ताक्षर गर्नुभएको हो । उक्त सहकार्यबाट सूर्यज्योति लाइफ इन्स्योरेन्सका बीमित तथा अभिकर्ताले वार्षिक शुल्कबिना क्रेडिट कार्ड प्राप्त गर्ने अवसर प्राप्त गर्नुका साथै आकस्मिक वित्तीय आवश्यकता व्यवस्थापन गर्न र डिजिटल भुक्तानीको सुविधा उपयोग गर्न थप सहज हुने बताइएको छ । बैंकले सूर्यज्योतिसँगको सहकार्यबाट सूर्यज्योति लाइफ इन्स्योरेन्समा आबद्ध बीमित र अभिकर्तालाई क्रेडिट कार्डका माध्यमबाट डिजिटल अर्थतन्त्रमा जोड्न थप लाभ पुग्ने विश्वास लिएको छ ।

ओट्स, मस्यौरा र छुर्पीको गुणस्तर मापदण्ड निर्धारण

हिमालय टाइम्स
काठमाडौं, ९ माघ

सरकारले विभिन्न खाद्यवस्तुको गुणस्तर मापदण्ड तोकेको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले रोल्ड ओट्सको पनि गुणस्तर मापदण्ड तोकेको हो । मन्त्रालयले यसअघि छुर्पी र मस्यौराको पनि मापदण्ड तोकेको थियो । खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा ३ ले दिएको अधिकार प्रयोग गर्दै खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले रोल्ड ओट्सलाई खाद्यान्न, दलहन तथा सोबाट बनेका पदार्थको सूचीमा समावेश गरी नयाँ गुणस्तर मापदण्ड तोकेको हो ।

रोल्ड ओट्स भन्नाले स्वच्छ र सफा जौ (एभेना स्टेभिया वा एभेना वेजान्टिन) दलेर भुस हटाई, बफ्याएर, रोलर वा अन्य उपयुक्त विधिबाट चेप्टो बनाई भुटेर तयार गरिएको खाद्य पदार्थलाई जनाइएको छ । नयाँ मापदण्डले ओट्समा हुनुपर्ने पोषक तत्त्व र अन्य रासायनिक तत्त्वको सीमासमेत निर्धारण गरेको छ । जसअनुसार रोल्ड ओट्समा ओसको मात्रा बढीमा १२.० प्रतिशत र प्रोटिन मात्रा सुक्खा तौलको आधारमा न्यूनतम १०.० प्रतिशत हुनुपर्नेछ । त्यसैगरी, कुल भष्म २.० प्रतिशत, क्रुड फाइबर २.० प्रतिशत र युरिक एसिड बढीमा सय मिलिग्राम प्रतिकेजी हुनुपर्नेछ । स्वास्थ्यका लागि हानिकारक मानिने एफ्लाटोक्सिनको मात्रा बढीमा १५ माइक्रोग्राम प्रतिकेजीमात्र हुनुपर्नेछ भने ओट्स ढुसी लागेको, कीरा लागेको, सडेको वा ओसिएको हुनुहुँदैन । त्यस्तै कुनै पनि प्रकारको कृत्रिम रंग प्रयोग गर्न पनि पाइने छैन । उत्पादनमा ढुंगा, बालुवा, काँच, माटो वा धातुका टुक्रा जस्ता 'अजैविक' र कपाल, भुस, चोकर, पराल वा मुसाको अंश जस्ता 'जैविक' बाह्य पदार्थ उपस्थिति पूर्णतः निषेध गरिएको छ । प्याकेजिङ र लेबलिङका हकमा रोल्ड ओट्सलाई अनिवार्यरूपमा सफा र सुक्खा 'खाद्य ग्रेड'को सामग्रीमा सिलबन्द गरी प्याकेजिङ गर्नुपर्नेछ । प्याकेटको लेबलमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ ले तोकेबमोजिमका विवरणहरू स्पष्टरूपमा खुलाउनुपर्नेछ ।

यसअघि मन्त्रालयले परम्परागत खाद्य पदार्थ मस्यौराको शुद्धता, मौलिकता र उपभोक्ता स्वास्थ्य सुनिश्चित गर्न गुणस्तर मापदण्ड तोकेको थियो । नयाँ मापदण्डअनुसार मस्यौरा भन्नाले कालो दाल (मास) वा अन्य दलहन भिजाएर बोक्रा हटाई पिसेर लेदो बनाई तयार गरिएको खाद्य पदार्थलाई बुझिन्छ । जसमा पिँडालु, कर्कलो, तरुल, आलु, कुभिण्डोलगायतका तरकारी वा सागपात मिसाइएको वा नमिसाइएको हुन सक्छ । प्राकृतिकरूपमा घाम, सोलार ड्रायर वा मेकानिकल विधिबाट सुकाएर तयार पारिएको मस्यौरामात्र मान्य हुनेछ । मस्यौराको मौलिकता जोगाउन केही सामग्रीको प्रयोगमा पूर्ण प्रतिबन्ध लगाइएको छ । मस्यौरामा अन्न, भटमास वा सोबाट बनेका कुनै पनि उत्पादन प्रयोग गर्न पाइने छैन भने बाह्य रंग (आर्टिफिसियल कलर) प्रयोगसमेत पूर्णरूपमा निषेध गरिएको छ । गुणस्तर मापनका लागि प्राविधिक सूचक पनि तोकिएका छन् । मस्यौरामा जलांश बढीमा ११ प्रतिशतसम्म मात्र हुनुपर्नेछ भने सुक्खा तौलका आधारमा कुल भष्म चार प्रतिशतभन्दा बढी हुनुहुँदैन । डाइलुट हाइड्रोक्लोरिक एसिडमा नघुल्ने भष्मको मात्रा ०.१५ प्रतिशतभन्दा बढी हुनु नहुने व्यवस्था गरिएको छ । कुल प्रोटिन मात्रा सुक्खा तौलका आधारमा कम्तीमा १५ प्रतिशत हुनुपर्नेछ । स्वच्छताका दृष्टिले मस्यौरा पूर्णरूपमा सफा हुनुपर्ने र ढुसी लागेको, कीरा परेको, सडेको वा ओसिएको अवस्था स्वीकार्य नहुने बताइएको छ ।

त्यस्तै ढुंगा, बालुवा, माटो, काँच, प्लास्टिकजस्ता अजैविक बाह्य पदार्थ तथा कपाल, रौं, भुस, परालका टुक्रा, कीरा वा मुसाका अंशजस्ता जैविक बाह्य पदार्थ पूर्णरूपमा निषेध गरिएको छ भने जीवनाशक विषादी अवशेष, हेभी मेटल्स र टक्सिन्सको मात्रा सरकारले तोकेको सीमाभित्र हुनुपर्नेछ । मस्यौरा सफा र सुक्खा खाद्य ग्रेडको प्याकेजिङ सामग्रीमा सिलबन्द गरी बिक्री गर्नुपर्नेछ भने प्याकेटको लेबलमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम आवश्यक सबै विवरण र प्रयोग गरिएका समिश्रणहरूको स्पष्ट जानकारी उल्लेख गर्नुपर्नेछ । नयाँ व्यवस्थाले मस्यौरामा भटमास वा खाद्यान्न मिसाएर गरिने चलखेल पूर्णरूपमा नियन्त्रण हुने मन्त्रालयको अपेक्षा छ ।

त्यसैगरी मन्त्रालयले छुर्पीका लागि पनि नयाँ गुणस्तर मापदण्ड तोकेको छ । नयाँ मापदण्ड गाई, चौंरीगाई वा भैंसीको दूधबाट उत्पादित सबै प्रकारका छुर्पीमा लागू हुनेछ । स्थानीयरूपमा दुरुखा, दुरुख्वा, दुर्खा वा च्यु भनेर चिनिने छुर्पी दूध उमालेर, फिटेर निस्केको छेनालाई निश्चित चापमा थिचेर र सुकाएर तयार गरिन्छ । छुर्पीलाई दूधमा रहेको चिल्लो पदार्थका आधारमा दुई वर्गमा बाँडिएको छ । जसमा घृतांशयुक्त छुर्पीमा चिल्लो पदार्थ पाँच प्रतिशत वा बढी हुनेछ भने कम घृतांशयुक्त छुर्पीमा पाँच प्रतिशतभन्दा कम हुने गरी तोकिएको छ । कम घृतांशयुक्त छुर्पी प्रायः 'डग च्यु' का लागि प्रयोग गरिन्छ । मापदण्डअनुसार छुर्पीमा ओस १४ प्रतिशतभन्दा बढी हुनुहुने, कुल प्रोटिन सुक्खा तौलका आधारमा कम्तीमा ६० प्रतिशत र कुल भष्म बढीमा सात प्रतिशत हुनुपर्नेछ । छुर्पीमा कुनै प्रकारको अखाद्य रंग प्रयोग गर्न नपाइने, ढुंगा, बालुवा, काँच, प्लास्टिक, कपाल, भुस, पराल, किरा वा मुसा जस्ता जैविक र अजैविक वस्तुहरू नरहन नहुने, ई.कोलि र साल्मोनेला जस्ता सूक्ष्म जीव पूर्णरूपमा अनुपस्थित हुनुपर्ने र कुनै पनि विषादी, हेभी मेटल वा टक्सिन सरकारले तोकेको सीमाभन्दा बढी नहुने व्यवस्था गरिएको छ । प्याकेजिङ तथा लेबलिङमा छुर्पीलाई खाद्य ग्रेड प्याकेजिङमा बन्द गर्नुपर्ने र प्याकेटमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ अनुसार आवश्यक विवरण अनिवार्यरूपमा उल्लेख गर्नुपर्ने मापदण्डमा उल्लेख छ ।

सानिमाको 'बिगमार्ट क्यासब्याक' अफर

काठमाडौं । सानिमा बैंकले बिगमार्ट क्यासब्याक योजनाको पहिलो चरणको अपार सफलतापछि ग्राहकका लागि समय थप गरी योजना पुनः सञ्चालन गरेको छ । योजनाअन्तर्गत बैंकका ग्राहकहरूले हरेक शुक्रबार सानिमा डेबिट तथा क्रेडिट कार्डमार्फत् बिगमार्टमा सामान खरिद गरी भुक्तानी गर्दा १० प्रतिशत वा अधिकतम दुई सय रुपैयाँसम्मको क्यासब्याक पाउनेछन् । योजना असारसम्म लागू हुने बैंकले जनाएको छ । बैंकले ग्राहकहरूलाई विभिन्न छुट तथा अफर प्रदान गरी डिजिटल भुक्तानीको अधिकतम प्रयोग गर्न प्रोत्साहन गर्दै आएको छ ।

२० लाख राशिको रोटरी अवार्डको आवेदन खुला

काठमाडौं । रोटरी इन्टरनेसनलले सन् २०२४ देखि पुरस्कारको राशिमा वृद्धि गरी २० लाख रुपैयाँ पुऱ्याएसँगै हरेक वर्ष उक्त पुरस्कार प्रदान गर्दै आएको छ । २० लाख रुपैयाँ राशिको यस वर्षको गोपाल कमला राजभण्डारी रोटरी अवार्ड पानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने व्यक्ति, संस्था वा समूहलाई प्रदान गरिने रोटरीले जनाएको छ । संस्थाका अनुसार पुरस्कारको मुख्य उद्देश्य रोटरी आचारसंहिताको वास्तविक मर्मअनुसार निस्वार्थ र समर्पित भावनासाथ आफ्नो पेशागत क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गर्ने कुनै व्यक्ति, व्यक्तिहरूको समूह वा संस्थालाई सम्मान गर्नु हो । पुरस्कारले भविष्यमा पनि उल्लेखनीय कार्य गर्न प्रेरित गर्ने संस्थाले अपेक्षा गरेको छ । नेपालको कुनै पनि नागरिक वा नागरिकहरूको समूह वा नेपालको कानुनअनुसार दर्ता भएका संस्थाहरू, जसले पुरस्कार समितिले समय-समयमा तोकेको क्षेत्रमा संलग्न रही उल्लेखित उपलब्धि हासिल गरेका छन् भने पुरस्कारका लागि योग्य हुने बताइएको छ ।

पेशा, व्यवसाय तथा उद्योगमा निरन्तर उत्कृष्टता प्रदर्शन गरेको, उच्च नैतिक र चारित्रिक मूल्य कायम गरेको, दूरदृष्टि, नवप्रवर्तन वा सिर्जनशीलता तथा जोखिम लिन सक्ने साहसी, अरूलाई प्रेरणा र उत्प्रेरणा प्रदान गरेको, पेशागत वा सेवा क्षेत्रमा वा त्यसबाहिर आफ्नो करियर विशेषतामा दीर्घकालीन र महत्त्वपूर्ण प्रतिबद्धता देखाएको, समुदायका अन्य व्यक्तिहरूको जीवनस्तर उकास्न योगदान पुऱ्याएको तथा अवसर विस्तारलाई प्रवर्द्धन र समर्थन गरेको, कर्तव्यको सीमाभन्दा माथि उठेर सेवा गरेको एवं समाजमा उदाहरणीय कार्य गरेको योग्य व्यक्ति/संस्था, रोटरी इन्टरनेसनल डिस्ट्रिक्ट ३२९२ अन्तर्गत रहेका कुनै पनि रोटरी क्लब पुरस्कारका लागि योग्य हुने संस्थाले जनाएको छ । पुरस्कारका लागि रोटरी डिस्ट्रिक्ट कार्यालय, थापाथली रोटरी भवन र देशभरमा रहेका एक सय ६३ क्लबबाट आवेदन फारमहरू प्राप्त गर्न र बुझाउन सकिनेछ । अनलाइनमार्फत् पनि आवेदन फारम भर्न सकिनेछ ।

आवेदन फारम बुझाउने अन्तिम मिति माघ २२ गते अर्थात् ५ फेब्रुअरीसम्म रहेको छ भने पुरस्कार फागुन ७ देखि ९ गतेसम्म अर्थात् फेब्रुअरी १९ देखि २१ मा पोखरामा आयोजना हुने १८ औं डिस्ट्रिक्ट कन्फरेन्समा प्रदान गरिने उक्त संस्थाका डिस्ट्रिक गभर्नर, २०२५-०२६ चेयर, भोकेसनल अवार्ड समितिका विनोद कोइराला र राजेन्द्रमान श्रेष्ठद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । संसारको सबैभन्दा पुरानो सेवामूलक संस्था रोटरी इन्टरनेसनल सन् १९०५ मा अमेरिकाको सिकागो शहरबाट सुरु भएको हो । संस्थामा विश्वभर दुई सय २१ मुलुकमा ४६ हजारभन्दा बढी रोटरी क्लबमार्फत् १२ लाखभन्दा बढी सदस्यहरू रोटरी सेवामा सक्रिय रहेका बताइएको छ । हाल नेपालमा एक सय ६३ रोटरी क्लबले स्थानीयस्तरमा गर्दै आएका विभिन्न कार्यका साथै राष्ट्रियस्तरमै थप उल्लेखनीय कार्यहरू गर्दै आएका छन् । सोही क्रममा सन् २०१० मा 'गोपाल-कमला राजभण्डारी रोटरी' अवार्ड स्थापना गरी आफ्नो पेशा वा व्यवसायका माध्यमबाट देश तथा समाजलाई उल्लेखनीय योगदान पुऱ्याएका व्यक्ति, संस्था वा समूहलाई १० लाखको नगद पुरस्कारको सुरुवात भएको थियो ।

वाणिज्य विभागद्वारा विभिन्न फर्महरूलाई कारबाही

हिमालय टाइम्स
काठमाडौं, ९ माघ

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले तीन दिनमा ५१ फर्ममा अनुगमन गरेको छ । अनुगमनका क्रममा विभागले कैफियत देखिएका दर्जनौं फर्महरूलाई कारबाही गरेको छ । विभागले मंगलबार, बुधबार र बिहीबार काठमाडौं, ललितपुर, भक्तपुरका दर्जनौं फर्म अनुगमन र कारबाही गरेको हो । विभागका अनुसार मंगलबार १३ फर्ममा अनुगमन गरी खिलुङ मार्केटिङ प्रालिलाई ५० हजार जरिवाना गरेको थियो भने अन्य एक दर्जन फर्मलाई सुधारका लागि निर्देशन दिइएको छ ।

त्यसैगरी बुधबार अनुगमनका क्रममा कैफियत देखिएको एसपी लिंकर हब, एसटी स्प्रिट वेभरेज इन्टरप्राइजेजलाई सम्बन्धित कागजात लिएर विभागमा हाजिर हुन निर्देशन दिएको छ भने बिहीबार १८ फर्ममा गरिएको अनुगमनका क्रममा कैफियत देखिएका फर्मलाई दुई लाखसम्म जरिवाना तोकिएको विभागले जनाएको छ । विभागका अनुसार न्यू शिव स्टोर काठमाडौं-२९ नयाँ बसपार्कलाई दुई लाख एक हजार जरिवाना गरिएको छ । सोही दिन हिमालयन ब्रुअरी प्रालिलाई व्यवसायसँग सम्बन्धित कागजात लिएर विभागमा उपस्थित हुन निर्देशन दिनुका साथै अन्य १६ फर्मलाई भने सुधारका लागि निर्देशन दिइएको विभागले जनाएको छ । विभागले व्यवसायको दर्ता प्रमाणपत्र नराखेको, उत्पादनमा एमआरपी नराखेको, रिलेबलिङ गरेको, गुणस्तर, परिमाण, मूल्य र नापतौलमा हेरफेर गरेकोमा कारबाही गर्ने गरेको छ ।

विभागले आयात, उत्पादन तथा बिक्री-वितरण हुने हरेक वस्तुमा अधिकतम खुद्रा मूल्य अनिवार्य अंकित गर्नुपर्ने व्यवस्था कडाइसाथ लागू गरिरहेको छ भने सिण्डिकेट, कार्टेलिङ र कालोबजारी जस्ता अपराधमा शून्य सहनशीलता अपनाई तुरुन्त कारबाहीको दायरामा ल्याउने नीति अंगीकार गरेको जनाएको छ ।

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, ४५८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल